# अध्याय एक

# शोधको परिचय

## क.पृष्ठभूमि

रुसमा साम्यवादी शासन स्थापना भए पश्चात विश्वमा त्यसको प्रभाव विस्तारै वढ्न थाल्यो । फलस्वरुप दोस्रो विश्वयुद्ध पश्चात चीन,उत्तर कोरिया,भियतनाम लगायत पूर्वीयुरोपका अधिकांश मुलुकहरुमा साम्यवादी शासनको स्थापना भयो । यतिनै वेला नेपालमा पनि त्यसको प्रभाव आईपुग्यो । त्यसवेला नेपालमा जहानिया राणा शासनको वोलवाला थियो । जसले गर्दा मुलुकभित्र औपचारिक हिसावले राजनीतिक गतिविधिहरु संचालन गर्न सम्भव थिएन,त्यो पनि साम्यवादी गतिविधि । तसर्थः तत्कालिन अवस्थामा साम्यवादी विचार र संगठनको शुरुवात विदेशवाट नै भएको थियो । औपचारिक रुपमा नेपालमा साम्यवादी विचारको शुरुवात विक्रमको वीसौं शताव्दीको नवौं दशकवाट भएको पाइए तापनि सांगठनिक रुपमा भने त्यसको शुरुवात २००६ सालवाट मात्र भयो । वास्तवमा नेपालको पहिलो राष्ट्रिय स्तरको राजनीतिक संगठन भनेको वि.स.१९९३ सालमा स्थापित नेपाल प्रजापरिषद् नै थियो । जसले मुलुकमा राजाको वैधानिक नायकत्वमा प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्न चाहन्थ्यो । तत्कालिन राणाशासकहरुले उक्त संगठनलाई दमन गरी आफ्नो उद्देश्य अनुरुप काम गर्न नदिएपनि पछाडि खुलेका नेपाली राष्ट्रिय काँग्रेस तथा नेपाली काँग्रेस जस्ता संगठनहरुले त्यसलाई अगाडि वढाए । यसैक्रममा नेपाली राष्ट्रिय काँग्रेस सामन्ती वर्गसँग सम्झौता गरी उसैसँगको मिलेमतोमा सत्तामा पुग्ने नीति अक्तियार गर्न थाल्यो जुन कुरा त्यसभित्रका वामपन्थी पक्षलाई स्वीकार्य भएन । किनकी वामपन्थीहरु राणाशासनको समुल अन्त्य चाहन्थे । यसरी नीतिमा नै मतभिन्नता भएपछि पुष्पलालको नेतृत्वमा वामपन्थीहरुले अन्ततः वि.स.२००६ साल भाद्रमा भारतको कलकत्तामा नेपाल कम्युनिष्ट पार्टीको गठन गरेको घोषणा गरे । यसरी नेपाली राजनीतिमा प्रथम पटक आर्थिक तथा सामाजिक क्रान्तिद्वारा मुलुकमा आमुल परिवर्तन ल्याई उत्पादनका साधनहरुलाई सामाजिकीकरण गर्न चाहने मजदुर किसानवर्गको हितको प्रतिनिधि संस्था र विचारको उदय हुनपुग्यो । (मिश्र,२०५८)

कम्युनिष्ट पार्टीले २००७ सालको राणाविरोधी क्रान्तिमा आफ्नो औपचारिक सहभागिता जनाएन, वरु २००७ सालको क्रान्तिमा धोखा भएको विचार अगाडि सार्दै आयो

र राणा,काँग्रेस सरकारलाई भारत र अमेरिकाको मतियार भएको दोष लगायो । जसले गर्दा कम्युनिष्ट पार्टी र अन्य पार्टीहरुविचको सम्वन्धमा कटुता वढ्दैगयो र २००८ सालमा तत्कालिन नेपाली काँग्रेसको सरकारले नेपाल कम्युनिष्ट पार्टीमाथि प्रतिवन्ध लगायो । जुन प्रतिवन्ध ५ वर्षसम्म कायम रहन पुग्यो । तरपनि जनअधिकार सुरक्षा समिति र विभिन्न जनवर्गीय संगठनहरु मार्फत पार्टीले आफ्ना भूमिगत गतिविधिहरुमा कमि आउन दिएन । अन्ततःजनदवाव स्वरुप २०१३ सालमा सरकार पार्टीमाथिको प्रतिवन्ध फुकुवा गर्न वाध्य भयो । त्यसपछि नेपाल कम्युनिष्ट पार्टीले २०१५ सालको संसदीय निर्वाचनमा भाग लियो तर सो निर्वाचनमा  ठुलो पराजय भोग्यो । नेतृत्वविचको आन्तरिक किचलो पनि पराजयको कारण भएपनि जनमतको कमी नै पराजयको मुख्य कारण भएको विश्लेषण गरिन्छ । वास्तवमा कम्युनिष्ट पार्टी भित्र यस्तो खालको आन्तरिक किचलोले अहिलेसम्म पनि निरन्तरता पाएको देखिन्छ । जसले गर्दा २००६ सालमा स्थापना भएको एउट पार्टी अहिले आउँदा दुईदर्जन पुग्न थालिसकेका छन् । यस्तो विभाजनले नेताहरु त धेरै वनायो तर पार्टीहरुलाई झन झन कमजोर वनाउदै गयो । कम्युनिष्टहरु जुट्न होईन फुट्नमात्र जानेका हुन्छन् भन्ने कुरा नेपालका कम्युनिष्टहरुले व्यवहारमा आजपर्यन्तपनि प्रमाणित गर्दै आएका छन् । यद्यपी संख्यात्मक हिसावले संविधानसभा निर्वाचन २०६४ को परिणामलाई हेर्ने हो भने नेपालमा अहिले पनि भण्डै ६३ प्रतिशत जनमत कम्युनिष्टहरुले नै वोकेका छन् ।

स्थापना पश्चात नेपालका विभिन्न आरोह अवरोधहरु पार गर्दै अति विभाजन एकताको लामो कालखण्डसँग खेल्दै नेपालको कम्युनिष्ट आन्दोलन आजको अवस्थासम्म आईपुगेको छ । यस सोध मार्फत यहि कम्युनिष्ट आन्दोलनसँग वागलुङ जिल्लाको कम्युनिष्ट आन्दोलनलाई जोडेर अध्ययन गर्न खोजिएको छ ।

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने बागलुङ जिल्ला पहाडी जिल्ला हो । यसलाई राजनैतिक रुपमा सचेत र जागरुक जिल्लाको रुपमा लिइन्छ । नेपालको राजनैतिक विकासक्रमसँगै यसले राजनैतिक विकासको गोरेटो कोरेको पाइन्छ ।

२००७ सालमा राणाशासनको पञ्जाबाट देशमुक्तिसँगै बागलुङले राजनैतिक रुपमा कोल्टे फेर्दै अगाडि बढेको पाइन्छ । राणाशासनको मुक्ति पश्चात् विभिन्न कालखण्डहरुमा पञ्चायती निरंकुशताविरुद्ध जुध्दै बागलुङमा बाम प्रजातान्त्रिक आन्दोलनको प्रभाव, प्रतिस्पर्धा र संघर्ष भएको पाइन्छ । बागलुङ जिल्लाको समग्र राजनैतिक विकासको इतिहासलाई दस्तावेजीकरण गरेको पाइदैन । बागलुङको समग्र राजनैतिक आन्दोलनको इतिहास लेख्ने

महत्वपूर्ण काम हुन सकिरहेको छैन । बाम प्रजातान्त्रिक आन्दोलनको इतिहासको सोध तयार गर्ने काम चुनौतिपूर्ण हुँदाहुँदै प्रस्तुत सोधमा बागलुङ जिल्लाको कम्युनिष्ट आन्दोलनको संक्षिप्त रूपरेखा कोर्न खोजिएको छ । यसले इतिहासको महत्वपूर्ण पाटाहरु उजागर गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने छ ।

बागलुङ जिल्लामा कम्युनिष्ट आन्दोलनको प्रभाव बनारस, काठमाडौं र पाल्पाबाट भएको पाइन्छ । बनारसमा अध्ययन गर्न जाने युवाहरुलाई संगठित र प्रशिक्षित गर्ने काम पुष्पलाल श्रेष्ठ लगायतबाट हुन्थ्यो । त्यस्तै काठमाडौंमा पद्मोदय हाइस्कूल, नन्द किशोरी रात्रीस्कूलमा अध्ययन गर्न जाँदा कम्युनिष्ट आन्दोलनको प्रभाव पऱ्यो । तत्कालीन अवस्थामा पाल्पा प्रशासनिक केन्द्र भएकोले र कम्युनिष्ट आन्दोलनको महत्वपूर्ण गढ एवं नेतृत्व भएकोले त्यसको प्रभाव बागलुङमा परेको पाइन्छ ।

यसै क्रममा ५९ गा.वि.स. र १ नगरपालिका रहेको धौलागिरी अञ्चलका चार वटा जिल्ला मध्ये अञ्चलकै सदरमुकाम बागलुङ जिल्ला पनि कम्युनिष्ट उर्वर भूमि हो । यसको पुष्टी सोधको अन्तिममा राखिएको विभिन्न निर्वाचनको परिणामले गर्दछ । जसअनुसार चाहे संसदिय निर्वाचन होस, चाहे स्थानीय निर्वाचन होस या संविधानसभा निर्वाचन नै किन नहोस, जिल्लाका ३  निर्वाचन क्षेत्र मध्ये कहिले ३ वटामै, कहिले २ वटामा कम्युनिष्ट उम्मेदवारले विजय हासिल गर्दै आएको पाईन्छ ।

संविधानसभा निर्वाचनमा पनि जिल्लाका क्षेत्र नं. १ र क्षेत्र नं. २ वाट कम्युनिष्ट उम्मेदवार नै विजयी वने भने क्षेत्र नं. २ मा तेस्रो स्थान र अन्यमा प्रमुख प्रतिद्वन्द्वि पनि कम्युनिष्ट पार्टी नै थिए । संविधानसभा निर्वाचनमा वागलुङमा कम्युनिष्ट पार्टीहरुले प्राप्त गरेको मत ७२ प्रतिशत रहेको छ ।

यस जिल्लामा कम्युनिष्ट आन्दोलनको प्रवेशको खोजी गर्दा वि.स. २०१२ सालमा निर्मल लामावाट भएको पाईन्छ । उनले सर्वप्रथम कम्युनिष्ट राजनीतिको प्रचार प्रसारका क्रममा बागलुङ वजारको विद्यामन्दिर पुस्तकालयमा कार्यक्रम गरेको पाईन्छ  भने संगठित हिसावले  वि.स. २०२१ मा क्षेत्रीय स्तरवाट शुरुवात भएको पाईन्छ ।

हाल यहाँ कम्युनिष्ट पार्टीको रुपमा नेकपा एमाले, एनेकपा माओवादी, नेकपा-माओवादी, नेकपा मसाल, नेकपा एकीकृत र नेकपा माले सांगठनिक संरचना सहित क्रियाशिल छन् ।

## ख. समस्या कथन

समाजवाद र साम्यवादको पृष्ठभूमिलाई खोज्दै जाँदा प्लेटोको समाजवाद र विभिन्न चरणका काल्पनिक समाजवादीहरुसम्म पुग्न सकिएपनि यसको मुख्य जग चाँहि युरोपमा सामन्तवादको अन्त्य र पूँजीवादको स्थापनाका श्रृंखलाहरु नै हुन् । सामन्तवाद भन्दा केहि हदसम्म प्रगतिशिल पूँजिवादी शासन व्यवस्थामा पाईने वर्गीय असमानता र सामाजिक भेदभावको निकास खोज्ने क्रममा नै समाजजाद र साम्यवादको विकास भएको ठहर गर्न सकिन्छ । पूँजीवादको स्थापना र विकासको क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पुँजीपति वर्ग र मजदुर वर्गवीच संघर्ष सवै ठाउँमा भएको पाईन्छ । कहिँ ती संघर्ष सुशुप्त अवस्थामा अघि वढेको पाईन्छ भने कही ठुलठुला सडक आन्दोलन र राज्यसत्ता नै कव्जा गर्ने स्तरसम्म पुगेको पाईन्छ । व्यवस्थित र अनुशासित संगठन नहुनु तथा नीति,सिद्धान्त र विचारको अभावमा स्वतःस्फुर्त रुपमा अघि वढेका त्यस्ता आन्दोलनहरुको असफलताले सिकाएका महत्वपुर्ण पाठहरु,फ्रान्समा जन्मेको काल्पनिक समाजवादी विचारहरु, विज्ञान र प्रविधिको विकास,जर्मनीको हेगेल र फायरवाखको दर्शन तथा वेलायतको शास्त्रीय अर्थशास्त्रले विश्व मजदुर आन्दोलनको मार्गदर्शक सिद्धान्त मार्क्सवादको पृष्ठभूमिको काम गरेको देखिन्छ ।

यही पृष्ठभूमि सहित मार्क्सवादको लहर विश्वमा फैलियो र यसको विभिन्न देशहरुमा प्रभाव पार्दै गयो । सोहि वमोजिम नेपालमा पनि साम्यवादी विचार र संगठनले वि.स.२००६ सालमा औपचारिक रुपमै प्रवेश पायो र आजपर्यन्त यो अगाडि वढिरहेको छ । जुन विचारको प्रतिनिधित्व नेपालका कम्युनिष्ट पार्टीहरुले गर्दछन् । पार्टीभित्रका केहि आन्तरिक कमिकमजोरीका वावाजुद यस विचारको सान्दर्भिकता नेपाल जस्तो देशका लागि काल पर्यन्त रहिरहनेछ । यीनै कम्युनिष्ट पार्टीहरुको वारेमा संक्षिप्त अध्ययन गर्नु प्रस्तुत सोधकार्यको समस्या हो । यसका अलावा देशको कम्युनिष्ट आन्दोलनको प्रकाशमा बागलुङ जिल्लाको कम्युनिष्ट आन्दोलनलाई हेर्नु र व्याख्या विश्लेषण गर्नु पनि प्रस्तुत सोधको अर्को समस्या हो ।

बागलुङ जिल्ला कम्युनिष्ट आन्दोलनको ऐतिहासिक स्थल र हालका महत्वपुर्ण कम्युनिष्ट नेताहरुको खुला वा भूमिगत कार्यक्षेत्र भएको जिल्ला भएपनि व्यवस्थित अध्ययन अनुसन्धानमार्फत यो कुरा वाहिर आउन सकिरहेको छैन भने यो जिल्लाको समग्र कम्युनिष्ट आन्दोलनको इतिहासका वारेमा अहिलेसम्म कुनै अध्ययन अनुसन्धान हुन सकिरहेको छैन ।

जसका कारण यस विषयमा प्रशस्त भ्रमहरु उत्पन्न भैरहेका छन् । तसर्थ खुला या भूमिगत कालमा कुन कुन कम्युनिष्ट नेताहरुले वागलुङ जिल्लालाई आफ्नो कार्यक्षेत्र वनाए ? कम्युनिष्ट आन्दोलनको विकास र विस्तारका क्रममा वाहिरवाट गएर वा त्यहिँका स्थानीय व्यक्तित्वहरुको कस्तो योगदान रह्यो ? जिल्लामा कम्युनिष्ट विचारको अनोपचारिक र औपचारिक रुपमा प्रवेश कहिले भयो ? कम्युनिष्ट पार्टीको प्रवेश कहिले भयो ? जिल्लामा गैर कम्युनिष्ट पार्टीको तुलनामा कम्युनिष्ट पार्टीको अवस्था कस्तो छ ? उनीहरुले आफुहरुलाई अझ विकास र विस्तार गर्न के गर्नु पर्छ ? नेपालको कम्युनिष्ट आन्दोलनमा बागलुङको भूमिकाका सन्दर्भमा यस्तै प्रश्नहरुको जवाफ खोज्नु पर्ने समस्या यस सोधकार्यमा रहेका छन् ।

## ग. उद्देश्यहरु

बागलुङ जिल्लामा कम्युनिष्ट आन्दोलन कुन रुपमा कसरी उद्भव भयो ? ईतिहासका कस्ता कस्ता कालखण्डहरुमा कसरी यो विकास भयो ? वर्तमानमा यसको अवस्था के छ ? भविष्यमा यसका सम्भावनाहरु र चुनौतीहरु के के छन् ? लगायत यस्तै प्रस्नहरुको उत्तर खोज्नु यो शोधपत्र लेखनको सामान्य उद्देस्यहरु हुन । यी देखि वाहेक निम्न विशेष उद्देश्यहरु छन् :

**१.विशेष उद्देश्यहरु :**

- बागलुङमा क्रियाशिल ए.नेकपा (माओवादी),नेकपा(एमाले),नेकपा-माओवादी,ने.क.पा.(मसाल),नेकपा एकिकृत लगायतका कम्युनिष्ट पार्टीहरुको स्थापना वारेमा अध्ययन गर्नु ।
- बागलुङमा कम्युनिष्ट राजनैतिक पार्टीहरुको वर्तमानमा के कस्तो स्थिति छ भन्ने कुराको खोजी गर्नु ।
- बागलुङमा कम्युनिष्ट आन्दोलनको भविष्य र चुनौतीहरुको अवस्था वारे विश्लेषण गर्नु र खोजी गर्नु ।

## घ. शोध विधि

प्रस्तुत सोधपत्रमा बागलुङ जिल्लामा कम्युनिष्ट आन्दोलन कस्तो रुपमा अगाडि वढ्दै आएको छ भन्ने विवरण प्रस्तुत गरिएकोले साथै यस सम्वन्धी विषेश प्रकाशित अप्रकाशित

अभिलेखहरुको प्रस्तुती र विश्लेषण गरिएकोले यो शोधपत्र विवरणात्मक र अभिलेख विश्लेषण अनुसन्धान संरचनामा आधारित छ ।

यस अनुसन्धानका लागि आवश्यक सुचना तथा तथ्यहरु राजनीतिक दलका गतिविधि,कार्यक्रम र पार्टीनीति सम्वन्धी सम्वन्धित दलका अप्रकाशित अभिलेखहरु,निर्णयपुस्तिका,निर्देशन,घोषणापत्र र पत्राचारहरुलाई मुल स्रोतका रुपमा लिईएको छ । त्यस्तै पुस्तक,लेखरचना,विज्ञप्ती र समाचारहरु द्वितीय स्रोतका रुपमा प्रयोग गरिएको छ । यस अतिरिक्त यस सोधका लागि प्रयोग गरिएका अध्ययन विधिहरु निम्नानुसार छन् :

**१.प्राथमिक स्रोत**

वागलङ जिल्लामा क्रियाशिल विभिन्न कम्युनिष्ट दलहरु मुख्यतः एनेकपा माओवादी ,नेकपा एमाले र राष्टिय जनमोर्चाका स्थानीय र राष्टिय स्तरका नेता तथा कार्यकर्ताहरुसँग अन्तर्वार्ता लिईएको छ । यस्ता अन्तर्वार्ता लिनेको संख्या २२ छ । गहन र मुख्य सुचनादाताका रुपमा लामो समय कम्युनिष्ट आन्दोलनमा विताएका उपरोक्त व्यक्तित्वहरुसंगको अन्तर्वार्तावाट यस अनुसन्धानमा महत्वपूर्ण सूचना र तथ्यहरु उपलव्ध भएका छन् । यस अतिरिक्त आवश्यकतानुसार केहि यस्ता सुचनादाताहरु राखेर लक्षित समुह छलफल र अन्तरक्रियाहरु पनि वागलुङमा गरिएका थिए ।

**२.तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण**

अनुसन्धानका क्रममा प्राप्त सुचना तथा तथ्यांकहरुलाई आवश्यकतानुसार तालिका बनाई व्याख्या गरिएको छ । त्यस्तै विषयवस्तुहरुको सन्दर्भ र गुणात्मक तथ्यहरुलाई विषयवस्तु विश्लेषण विधिद्वारा सोध अध्ययनमा प्रस्तुत गरिएको छ ।

## ङ.पूर्व साहित्य समिक्षा

**नेपालमा कम्युनिष्ट आन्दोलन : बागलुङ जिल्ला एक अध्ययन** विषयक शीर्षकमा कुनै व्यवस्थित सोध अध्ययन,लेखरचना र पुस्तकहरु भेटिंदैनन् । वरु हालसम्म नेपालमा कम्युनिष्ट आन्दोलनका वारेमा केही अध्ययन भएको पाईन्छ । हाल सम्म यस विषयका सेरोफेरोमा भएका पुर्वकार्यहरुका वारेमा तल केही चर्चा गरिएको छ ।

१.मिश्र, वालचन्द्र, वि.स. २०५८, ***झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म*** , काठमाडौ : सुनौलो विहानी अभियान ।

प्रस्तुत कार्यमा नेपालको कम्युनिष्ट आन्दोलन आज जुन विन्दुमा पुगेर अघि वढिरहेको छ, यहाँ जे जस्ता मतमतान्तरहरु देखापरिरहेका छन् ती सवै कुराको गहिरो अध्ययन कम्युनिष्ट आन्दोलनप्रति चासो राख्ने सवैका लागि आवश्यक छ ।

झापाली समुह कोअर्डिनेसन कमिटीको आकारवाट माले एमाले हुँदै २०५१ सालमा आईपुग्दा एकल सरकारमा पुग्यो । संसारकै कम्युनिष्टहरुको गति ओरालो लागिरहेको अत्यन्त नकारात्मक अवस्थामा नेपालमा कम्युनिष्ट सरकार वनाएर दुनियाँलाई चकित पार्ने काम तिनै मानिसहरुले गरे जसलाई विगतमा देशभरीका प्रतिक्रियावादी शक्तिले मात्र होईन आफूलाई अत्यन्तै चर्को क्रान्तिकारी भन्न रुचाउने र प्रगतिशील शव्दभित्र सधैं खेल्नेहरुले पनि देख्न सक्दैनथे भन्ने जस्ता कुरा यहाँ उल्लेख गरिएको छ । यसमा विशेसगरी नेकपाको इतिहासमा नेकपा एमालेलाई केन्द्रमा राखेर सोधकर्तावाट अध्ययनमा जे जस्तो मेहनत भएको छ,यो सराहनीय छ । यस ग्रन्थले अगाडि सारेका तथ्यहरुले आज वाटो विराएर र झापालीहरुले छोडेको गलत वाटोतिर लम्किरहेका माओवादीहरुलाई समेत सानै रुपमा भएपनि आफ्नो समीक्षा गर्न वाध्य पारेको पाईन्छ ।

समग्रमा, यस सोधले नेपालको कम्युनिष्ट आन्दोलनको अध्ययन गर्न खोजेपनि कता कता यो सोध कतै एकपाखे त भएन ? भन्ने प्रश्न स्वभाविकरुपमा जन्मन सक्छन भने स्वभाविकरुपमा यसले स्थानीय कम्युनिष्ट आन्दोलनलाई समेट्न सकेको छैन ।

२.के.सी., डा. सुरेन्द्र,वि.स.२०६५, ***नेपालमा कम्युनिष्ट आन्दोलनका इतिहास (पहिलो भाग ,चौ.म)*** , काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

यो सोधग्रन्थ नेपालको कम्युनिष्ट आन्दोलनको वारेमा एक व्यवस्थित अध्ययन हो । एउटा गहनतम कार्यको उपज हो । यसमा सरल र स्पष्ट भाषामा नेपालको कम्युनिष्ट पार्टीको जन्मदेखि २०१९ सालसम्मको इतिहास प्रष्टरुपमा प्रस्तुत गरिएको छ । कम्युनिष्ट पार्टीले २०१९ सालसम्म खेलेको भूमिकाको सकरात्मक तथा नकारात्मक पक्षको सकेसम्म निष्पक्ष भई प्रस्तुत गरिएको छ यस सोध ग्रन्थमा ।

२००८ सालमा भएको के.आई.सिंह विद्रोह र त्यसका नेपाल कम्युनिष्ट पार्टीको संलग्नता वारेमा सोधकर्ताले आफ्नो तर्क राम्रोसँग प्रस्तुत गरेका छन् । २००६ सालदेखि

२०१९ सालमा काठमाडौ नगरपालिकाको चुनावमा १८ स्थान मध्ये ६ स्थानमा विजयी भई केहि हदसम्म नकारात्मक राजनीतिमा सक्रिय हुन पाएको गैर कानुनी अवस्थामा रहेको कम्युनिष्ट पार्टीले आसातित कार्य गर्न नपएको विवरण प्रष्ट पारिएको छ । प्रतिवन्धित अवस्थामा यस्तो विजय हाँसिल गरेको पार्टी पछि प्रतिवन्ध हटिसकेपछि २०१५ सालको चुनावमा ४७ स्थानमा उम्मेदवार खडा गर्दा ४ जना मात्र विजयी भएको वारे पनि यस सोधग्रन्थमा प्रष्ट पार्न खोजिएको छ ।

यो सोध  नेपाल कम्युनिष्ट पार्टीको इतिहास लेखनको सन्दर्भमा एउटा महत्वपूर्ण योगदान सावित भएको पाईन्छ । यति हुँदाहुँदै पनि यसले स्वभाविकरुपमा यसले स्थानीय कम्युनिष्ट आन्दोलनलाई समेट्न सकेको छैन । यो पुस्तक डा.के.सी.को विद्यावारिधी अध्ययन हो ।

३.दाहाल, प्रा.डा. रामकुमार,*वि.स.२०६४, तुलनात्मक सरकार र राजनीति*, काठमाडौः दीक्षान्त प्रकाशन ।

यो पुस्तक खासगरी एम.ए. राजनीतिशास्त्र दोश्रो वर्षका विद्यार्थीहरुका लागि तयार पारिएको हो । यसमा संविधानको अवधारणा, विश्वमा संविधानवादको विकास, सविधानका तत्वहरुका वारेमा प्रष्ट पारिएको छ । साथै तुलनात्मक सरकार र राजनीति,अमेरिकी संविधान र सरकार, वेलायतको संविधान र सरकार,फ्रान्सको मिश्रीत प्रजातन्त्र, चीनको संविधान र सरकार, स्वीटजरल्याण्डको सामूहिक नेतृत्व र रुसको संविधानका वारेमा पनि विभिन्न अध्यायमा उल्लेख गरिएको छ ।

जसमध्ये अध्याय २ को तुलनात्मक सरकार र राजनीति अन्तर्गत राजनीतिक दल र दवाव समूहको अर्थ,राजनीतिक दलको प्रकारको वारेमा लेखिएको छ । जुन कुरा यस सोधको सन्दर्भका लागि महत्वपूर्ण रहेको छ ।

४ पुष्पलाल,वि.स.२०५३, ***नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास*** , काठमाडौ : पुष्पलाल स्मृति प्रतिष्ठान ।

पुष्पलालले नेपाली जनताको केवल राजनीतिक मुक्तिको मात्र कुरा उठाएका थिएनन्, उनले नेपालको सामाजिक, सांस्कृतिक र वैचारिक क्षेत्रको पनि गम्भिर अध्ययन गरेका थिए । यस सम्वन्धमा उनका धेरै कृतिहरु छन । ती मध्ये यस कृति एक प्रमुख कृति हो । यो पुस्तक पुष्पलालले आफ्नो जीवनको अन्तिम अवस्थामा लेखेका हुन । इतिहासको

विद्यार्थीहरुलाई यो पुस्तक वढि प्रामाणिक र पठनिय छ भने नेपाली जनआन्दोलनका सिपाहीहरुका निम्ति सारगर्भित अनुभवका रुपमा मार्गदर्शन हुनेछ ।

नेपाल कम्युनिष्ट पार्टीको स्थापना काल देखि पुष्पलालको मृत्यु पर्यन्त नेपालमा भए गरेका कम्युनिष्ट आन्दोलनका विभिन्न चरणहरुलाई छोटो, सस्पष्टरुपमा चित्रण गरिएकोले पुस्तक नेपालका कम्युनिष्टहरुका लागि मात्र होईन नेपालमा कम्युनिष्ट आन्दोलनको क्रमवद्ध ज्ञान राख्न खोज्ने जिज्ञाशु, अन्वेषक र अध्येताका लागि महत्वपूर्ण सामग्री भएको छ ।

यस कृतिमा नेपालमा कम्युनिष्ट विचारधाराको प्रवेशदेखि पार्टीको प्रथम सम्मेलनसम्म, पार्टीको प्रथम सम्मेलनदेखि पार्टीको प्रथम महाधिवेशनसम्म, प्रथम पार्टी महाधिवेशन पछि तेश्रो पार्टी महाधिवेशन सम्म तथा विथोलिएको कम्युनिष्ट आन्दोलन पुनः क्रान्तिकारी वाटो तिर भन्ने शीर्षकमा पुष्पलाल सविस्तार गएको पाईन्छ । यति हुँदाहुँदै पनि पनि स्वभाविकरुपमा यस कृति स्थानीय पार्टी इतिहासका वारेमा मौन छ ।

५.रेग्मी, सरला, वि.स.२०६७,***कम्युनिष्ट आन्दोलनका वहसहरु,*** काठमाडौः विवेक सिर्जनशील प्रकाशन प्रा.ली. ।

यस कृति नेपाली कम्युनिष्ट आन्दोलनको सामान्य जानकारीका लागि उपयोगी रहेको छ । यसमा लेखकले मार्क्सवाद, लेनिनवाद र माओवादको वारेमा सामान्य जानकारी दिन खोजेका छन् । तर यो कृति नेकपा माओवादीलाई नजिक राखेर तयार गरिएकोले यसले एउटा साझा अध्ययनकोरुपमा मान्यता पाउन सक्नेमा शंका गर्न सकिन्छ ।

६.संकल्प, ढकाल, डी.पी,वि.स २०६७, ***कम्युनिष्ट आन्दोलनका वहस*** , काठमाडौः भिजन पव्लिकेशन ।

यस कृतिमा नेकपाभित्रको २०१९ सम्मको विवाद,चिनियाँ कम्युनिष्ट पार्टीभित्रको विवाद, रुसी कम्युनिष्ट पार्टीभित्रको विवाद, विश्वका केही चर्चित जनविद्रोहहरु र एकीकृत नेकपा माओवादी र जनयूद्धका वारेमा विभिन्न लेखहरुको संकलन मार्फत व्याख्या गर्ने जमर्को गरिएको छ । तर यो कृति पनि नेकपा माओवादीलाई नजिक राखेर तयार गरिएकोले यसले एउटा साझा अध्ययनकोरुपमा मान्यता पाउन सक्नेमा शंका गर्न सकिन्छ ।

७.के.सी., डा. सुरेन्द्र,वि.स.२०६५, ***नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास ( भाग ३*** ), काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

डा.के.सी.का कम्युनिष्ट आन्दोलनको इतिहास सम्वन्धि पुस्तकहरु ३ भागमा प्रकाशित भैसकेका छन् । ती मध्ये भाग १ ले २००६ देखि २०१९ सम्म समेटेको छ, भाग २ ले २०२० देखि २०४९ साल सम्म समेटेको छ भने यस भाग ३ ले २०५० देखि २०६४ सालसम्मलाई समेटेको छ । यसमादुई धुवीय राजनीतिको एकदशक भनेर २०५० देखि २०६० सम्मको कम्युनिष्ट आन्दोलनको वारेमा व्याख्या गरिएको छ भने अर्को अध्यायमा विभिन्न पार्टी समुहहरुको वारेमा अध्ययन गरिएको छ । त्यस्तै अन्तिम अध्याय ४ मा केही हत्याकाण्ड र प्रमुख माओवादी आक्रमणहरुको वारेमा व्याख्या गरिएको छ ।

८.रावल,भीम,२००७ ई.स.,**दि कम्युनिष्ट मुभमेण्ट ईन नेपालःओरिजन एण्ड डेभलेपमेण्ट** ,काठमाडौः अछाम काठमाडौ कन्ट्याक्स फोरम ।

यस अग्रेजी भाषामा प्रकाशित भएको कृति हो । यसलाई लेखकले मुख्यतःआम निर्वाचनमा कम्युनिष्ट पार्टीहरुको अवस्था लगायत नेपाली समाजको विश्लेषण गरेका छन् भने कम्युनिष्ट पार्टीको पहिलो र दोस्रो अधिवेशनवाट निर्वाचित केन्द्रीय कमिटी तथा तेस्रो अधिवेशनवाट निर्माण गरिएको कम्युनिष्ट पार्टीको सांगठनिक संरचनाका वारेमा पनि उल्लेख गरेका छन् ।

९.के.सी., डा.सुरेन्द्र,वि.स.२०६४, ***नेपाली कम्युनिष्ट आन्दोलनको विगत र वर्तमान,*** काठमाडौः पैरवी प्रकाशन ।

यस कृतिमालेखकले नेकपा स्थापनाको ऐतिहासिक पृष्ठभूमि, नेकपाद्धारा सशस्त्र राजनीतिको परित्याग र संसदीय राजनीति (२००७-२०१७ ), अखण्ड कम्युनिष्ट पार्टीमा विभाजन प्रक्रियाको प्रवेश, नेपाली कम्युनिष्ट आन्दोलनको वर्तमान अवस्था र एकता केन्द्रको विभाजन तथा नेकपा माओवादीको उदयको वारेमा व्याख्या गरेका छन् । साथै कम्युनिष्ट आन्दोलनको प्राप्तीमाथि अन्तर्घात, वर्गीय राजनीतिको अवसान, क्रान्तिवाट विमुख, प्रतिक्रान्तिको प्रादुर्भाव, मूलतः फुटवादी आन्दोलन,राष्ट्रियतासम्वन्धी मुद्दाको परित्याग, विदेशमुखी प्रवृत्तिको विकास, एउटै कम्युनिष्ट पार्टी निर्माणको न्यून सम्भावना, लोकप्रिय आन्दोलन, तेश्रो धारको विफलता, दैध मनस्थितिको आन्दोलन, जातीय, क्षेत्रीय एवं

लीगिय जागरण, वाममोर्चाको रत्यौली,फेरि संविधानसभाको गोलचक्कर र नेपाली कम्युनिष्ट आन्दोलनको भविष्य लगायतका विषयवस्तुलाई समेत उठान गरेका छन् ।

१०.पौडेल,जनक, चैत्र,२०६५,“वागलुङमा कम्युनिष्ट आन्दोलन” वर्ष ९,अंक ५,काठमाडौ : नवयुग मासिक,नेकपा एमाले ।

यो एउटा लेखको रुपमा प्रकाशित सामग्री हो । यसमा लेखकले जिल्लाको कम्युनिष्ट आन्दोलनका वारेमा सामान्य जानकारी गराउने प्रयत्न गरेको पाईन्छ । यो लेखले वास्तवमा यस सोधकार्य सम्पन्न गर्नमा महत्वपुर्ण सामग्रीहरुको खोजको लागि ढोका खोल्ने काम गरेको छ । तर यसले पनि जिल्लाको समग्र कम्युनिष्ट आन्दोलनलाई समेट्न सकेको छैन । लेखक स्वयं नेकपा एमाले,बागलुङ जिल्लाको अध्यक्ष भएकोले स्वभाविक रुपमा उक्त लेखले नेकपा एमालेको गतिविधिलाई वढी समेट्न खोजेकोले यसले जिल्लाका अन्य कम्युनिष्ट पार्टीहरुलाई व्यापक समेट्न सकेको पाईदैन ।

११.जी.सी., रामवहादुर,२०६४,***जनआन्दोलन -२ मा धौलागिरी***, वागलुङः रामवहादुर जी.सी.।

यस पुस्तकमा लेखकले विशेषगरी ऐतिहासिक जनआन्दोलन २०६२/०६३ लाई सफल वनाउने क्रममा धौलागिरी अञ्चलमा भएको आन्दोलनका कार्यक्रमहरु,जनताको सहभागिता ,प्रशाशनको दमन र त्यस क्रममा भएका गिरफ्तारी तथा घाइतेहरुको सक्दो विवरण प्रस्तुत गर्ने प्रयत्न गर्नुभएको छ । यस पुस्तक पढ्दा वास्तवमा यो लोकतान्त्रिक गणतन्त्र ल्याउनमा धौलागिरीभित्रका चार जिल्लाको कस्तो गहन भूमिका रहेछ भन्ने प्रष्ट हुन्छ । आन्दोलन कै क्रममा धौलागिरीले एकजना सहिद गोविन्द शर्मा जन्माएको कुरा पनि त्यसमा उल्लेख छ । यस पुस्तकले सवै पार्टीका अलावा वागलुङ जिल्लाका कम्युनिष्ट पार्टी र त्यसका नेता,कार्यकर्ता र समर्थकहरुको अग्रणी भूमिकालाई पनि प्रमाणित गरेको छ । जिल्लामा क्रियाशिल कम्युनिष्ट पार्टीहरुको सक्रियता र नेतृत्वदायी भुमिकालाई उक्त पुस्तकले उजागर गरेको छ । यस्ता ऐतिहासिक कालखण्डहरुमा कम्युनिष्ट पार्टीहरुको भूमिका उल्लेख गरेपनि उक्त पुस्तक जिल्लाको कम्युनिष्ट आन्दोलनको इतिहासको वारेमा मौन रहनु पुस्तक लेखनको उद्देश्यका हिसावले स्वभाविक पनि थियो ।

१२.सिंह,मोहन विक्रम,२०५७,***विश्व कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास***, काठमाडौ :प्रगति पुस्तक सदन ।

यस कृतिमा विश्व कम्युनिष्ट आन्दोलनको वारेमा संक्षिप्त जानकारी गराउने प्रयत्न गरिएको छ । महान क्रान्तिकारी वर्ग युद्धहरु,प्रथम अन्तर्राष्ट्रियको स्थापना,पेरिस कम्युन,रुशमा वोल्शेविकको विकास,कम्युनिष्ट अन्तर्राष्ट्रियको स्थापना लगायतको अन्य विषयमा केहि चर्चा गरिएको छ । यसको उपसंहार वर्तमान विश्व कम्युनिष्ट आन्दोलनको समस्याका वारेमा पनि प्रकाश पार्ने प्रयास गरिएको छ । यसले नेपालको कम्युनिष्ट आन्दोलनको वारेमा खासै केहि चर्चा गरेको छैन भने जिल्लामा प्रवेश गर्ने त कुरै भएन ।

माथी उल्लेखित पूर्वकार्यको समीक्षावाट के प्रष्ट हुन्छ भने नेपालको कम्युनिष्ट आन्दोलनको वारेमा धेरै अध्ययन भएपनि यस आन्दोलनको प्रकाशमा वागलुङ जिल्लाको कम्युनिष्ट आन्दोलनको वारेमा समग्रमा अध्ययन गरिएको छैन र यो विषय पुर्णतः आफ्नेलमा परेको छ । तसर्थ यस विषयमा एउटा व्यवस्थित अध्ययनको थालनी गर्नु अत्यन्त आवश्यक भएकोले प्रस्तुत सोधकार्य गरिएको हो ।

## च. शोधको औचित्य र महत्व

धौलागिरी अंचलको सदरमुकाम समेत रहेको वागलुङ जिल्लालाई यस अनुसन्धानमा अध्ययन क्षेत्रको रुपमा लिइएको छ । शोधकर्ता सम्वन्धित स्थान र विषयसँग चिरपरिचित भएको, जन्म थलो पर्वत जिल्ला भएपनि राजनीतिक कर्म थलो वागलुङ भएकोले यस स्थान र विषयको अध्ययन गर्न तिव्र इच्छुक भएकोले यसलाई अध्ययन क्षेत्र छानिएको हो । साथै अध्ययन अनुसन्धान गर्ने क्रममा हालसम्म यस विषयका बारेमा खासै व्यवस्थित अध्ययन नभएकोले पनि यहाँको कम्युनिष्ट आन्दोलनका वारेमा जान्न खोज्नेका लागि व्यवस्थित अध्ययन सामग्री होस् भन्ने हिसावले यस स्थान र विषयलाई अध्ययन क्षेत्रको रुपमा छानिएको हो ।

## छ.शोधको सीमा

शोधको शिर्षक नै **नेपालमा कम्युनिष्ट आन्दोलन : वागलुङ जिल्ला एक अध्ययन** भएकोले यसले दुईवटा वृहत विषयलाई समेट्नु पर्ने हुँदा विषयवस्तुको गहिराईमा पुग्न सकिएको छैन । प्रस्तुत अध्ययनमा नेपाली कम्युनिष्ट आन्दोलनका सवै खालका प्रवृत्तीहरुको चिरफार गर्न सकिएको छैन । तापनि नेपाली कम्युनिष्ट आन्दोलनका सम्वन्धमा भएका

इतिहास र कम्युनिष्ट पार्टीहरुके विगतको घटनाहरुलाई संक्षेपमा राखिएको छ । मुल अध्ययन वागलङ जिल्ला भएकोले यस जिल्लामा भएका कम्युनिष्ट आन्दोलन र यहाँका मुख्य कम्युनिष्ट दलहरुका अध्ययन विष्लेषणसँग मात्रै प्रस्तुत सोधपत्रलाई सिमित गरिएको छ ।

## ज. शोधको संरचना /संगठन

यस शोधमा पाँच अध्याय रहेका छन् । जसमा अध्याय एकको शोधको परिचय शीर्षक अन्तर्गत पृष्ठभूमि,समस्या कथन,उद्देश्य,शोध विधि,पूर्व साहित्य समिक्षा,शोधको औचित्य र महत्व,शोधको सीमा,शोधको संरचना /संगठन र शोधको समयावधी वारेमा उल्लेख गरिएको छ । त्यस्तै अध्याय दुईको राजनैतिक दल सम्वन्धी सैद्धान्तिक अवधारणा शीर्षक अन्तर्गत राजनैतिक दलको अर्थ राजनीतिक दलको प्रकार,विश्वमा राजनैतिक दलको उत्पत्ति र  विकास,राजनैतिक दल र जनसहभागिताव र विश्वमा कम्युनिष्ट अवधारणा र कम्युनिष्ट आन्दोलनको वारेमा व्याख्या गरिएको छ । अध्याय तीनको नेपालमा कम्युनिष्ट पार्टीको विकास शीर्षक अन्तर्गत नेपालमा कम्युनिष्ट राजनीतिक दलहरुको संक्षिप्त ईतिहास,पार्टी गठनको ऐतिहासिक पृष्ठभुमी,नेपालमा साम्यवादी आन्दोलनको पृष्ठभुमी,नेपाल कम्युनिष्ट पार्टीको स्थापना,नेपाल कम्युनिष्ट पार्टीको गठन प्रक्रिया,२०४६ सालमा गठित वाममोर्चामा सहभागी पाटीहरु,संयुक्त राष्ट्रिय जनआन्दोलनको गठन, २०४६ मा सहभागी पार्टीहरु,कम्युनिष्ट पार्टीमा विभाजन ,एकता र विभिन्न पार्टी समुहहरु,२०४७ सालपछिका आम निर्वाचनमा कम्युनिष्टहरु,कम्युनिष्ट पार्टीको स्थापना पश्चात हालसम्मका महत्वपुर्ण उपलव्धीहरु र कम्युनिष्ट आन्दोलनले गरेका महत्वपुर्ण योगदानहरुको वारेमा उल्लेख गरिएको छ । त्यसैगरी अध्याय चार वागलुङ जिल्ला र कम्युनिष्ट पार्टीहरु शीर्षक अन्तर्गत वागलुङ जिल्लाको सामान्य परिचय,जिल्लाको नामाकरण सम्वन्धमा,बागलुङमा नेपाल कम्युनिष्ट पार्टीको उदय र विकास,वागलुङ,जिल्लामा क्रियाशिल कम्युनिष्ट पार्टीहरुको संक्षिप्त परिचय र गतिविधि,वागलुङमा आन्दोलन र संघर्ष,माओवादी सशस्त्र द्वन्द्व र वागलुङमा त्यसको असर र वागलुङमा कम्युनिष्ट पार्टीको निर्वाचन स्थितिको वारेमा विश्लेषण गरिएको छ । अन्तिम अध्याय पाँचको सारसंक्षेप शीर्षक अन्तर्गत.निष्कर्ष,निचोड र सुझावलाई समावेश गरिएको छ भने अन्त्यमा सन्दर्भ सामग्री र केहि अनुसूचीहरु प्रस्तुत गरिएको छ ।

## झ. शोधको समयावधी

सामग्री संकलन,अध्ययन विश्लेषण,तथ्य संकलन र तालिकीकरण, तथ्यहरुको प्रस्तुती र विश्लेषण गरी सोधलाई अन्तिम रुप दिन कम्तिमा पनि एक वर्षको समयावधी लागेको छ । सोध अनुसन्धानका लागि निम्नानुसारको समय बाँडफाँड गरिएको थियो :

| **क.सं.** | **विवरण** | **समय (२०६८-२०६९)** |
|---|---|---|
| १. | अनुसन्धान प्रस्ताव दर्ता स्वीकृती | वैशाख-जेठ |
| २. | पूर्व साहित्य र सन्दर्भ सामग्री संकलन अध्ययन | असार-असोज |
| ३. | प्रश्नावली निर्माण र उत्तरदाताको छनौट | कार्तिक |
| ४. | क्षेत्रगत कार्य (अन्तर्वार्ता ) | मंसिर-चैत्र |
| ५. | तथ्यांक  र सुचनाको प्रस्तुती र विश्लेषण | वैशाख-असार |
| ६. | पहिलो मस्यौदा प्रस्तुत | श्रावण-भाद्र |

# अध्याय दुई

# राजनैतिक दल सम्वन्धी सैद्धान्तिक अवधारणा

## क.राजनैतिक दलको अर्थ

राजनीतिक दललाई विभिन्न विद्वानहरुले विभिन्न किसिमले परिभाषित गरेका छन् । राजनीतिक दलको अवधारणा लिकाक (Leacock) का अनुसार “राजनीतिक दल संगठन सयुक्त कम्पनी जस्तो जसमा सवैले राजनीतिक शेयर लिएको हुन्छ । राजनीतिक दलको अभिप्राय नागरिकहरुको न्युनाधिक संगठित समूह हो, जुन एक राजनीतिक ईकाईको रुपमा कार्य गर्दछ, सार्वजनिक प्रथामा समान विचार राख्दछ र सामान्य उद्देश्य पुर्तिका लागी मतदान शक्तिद्वारा शासनमा आधिपत्य स्थापित गर्न चाहन्छन्” By a political party, a more or less organized group of citizen and who act together as a political unit , they share or profess to share the same opinion on public question and exercising their voting power towards a common ends, seek to obtain control of the government (उद्धृत:दाहाल,२०६४)।

गार्नर (Garner)का अनुसार “राजनीतिक दल कुनै राज्य अन्तर्गत मानिसहरुको त्यो संगठित समुहलाई भन्दछ जसले राजनीतिक उद्देश्य तथा आर्थिक लक्ष्यको प्राप्तीकै लागी शान्तिमय तथा वैधसाधनहरुद्वारा कुनै देशको मतदाताको वहुमतलाई आफ्नो पक्षमा पारेर राज्यको शासन शक्तिलाई आफ्नो हातमा लिन चाहन्छ ।” (उद्धृत:दाहाल,२०६४)

रावर्ट सी वोनका अनुसार “राजनीतिक दल व्यक्तिहरुको त्यस्तो संगठन हो जसले आफ्नो उद्देश्य प्राप्तीका लागी सरकारमाथि औपचारिक नियन्त्रण गर्दै समाजको मुल्यको आधिकारिक रुपमा प्राथमिकता दिने प्रयत्न गर्दछ” (उद्धृ : दाहाल,२०६४)

सामान्यतया परम्परागत राजनीतिवाट आधुनिकतातर्फ संक्रमण हुने क्रममा राजनीतिक दलको उदय हुने मानिन्छ । अमेरिका वा वेलायत जस्ता देशमा आधुनिक शासन व्यवस्था वा संसदवाट राजनीतिक दलहरुको विकास भएको पाईन्छ भने कतिपय तेस्रो

विश्वका देशहरुमा प्रजातन्त्र वा समाजवादी व्यवस्था स्थापनाका लागि वा त्यसक्रममा राजनीतिक दलहरुको विकास भएको पाईन्छ ।

त्यस्तै जोसेफ लाफालोम्वरा र मेरिन विलर(Joseph Lapalombara) भन्छन् :हामी राजनीतिक दलको कुरा गर्दा त्यस्तो संगठन तर्फ इंकित गरिरहेका हुन्छौँ जुन स्थानीय स्तरसम्म प्रभावकारी हुन्छ । जुन सामान्य जनतासँग अन्तरघुलित रहन्छ र तीनवाट चुनावी समर्थनका लागि प्रयत्नशिल रहन्छ एवं यस्तै राजनीतिक भर्तिमा प्रत्यक्ष र उल्लेखनिय भूमिका खेल्छ । साथै जस्लै एक्लै वा अरुसँग संलग्न भएर शक्ति कायम गर्न वा शक्तिमा कायमै रहिरहन वचनवद्ध हुन्छ (उद्धृतः वराल,२०५८) ।

डव्लु वी.मुनरोका अनुसार “राजनीतिक दल त्यो मानव समुह हो जो कुनै पनि सार्वजनिक समस्याहरुलाई सचेत गराई सरकार र जनताको वीच कार्यगत सम्वन्ध कायम गर्नु हो । ”A political party is a formally organized group that perform the functions of educating the public that recruits and promotes individuals for public office and that provides a comprehensive linkage functions between the publicand governmental decision makes “(उद्धृत शिवाकोटी,२०६५)

वेलायतका भु.पु. प्रधानमन्त्री डिज्रायली (Disraeli)का अनुसार “दलका मानिसहरुको यस्तो एक समूह हो together to pursue certain principal ”(उद्धृत :दाहाल ,२०६४) ।

त्यसैगरी अर्का विद्धान वेन्जामिन कन्सटेन्ट (Benjamen Constant) का अनुसार “दल भनेको एउटैराजनीतिक सिद्धान्त मान्ने मानिसहरुको एक समूह हो ”“It is a group of men professing the same political doctrine ” (उद्धृत : दाहाल,२०६४)।

इन्साईक्लोपेडिया अफ पोलिटिकल पार्टीमा उल्लेख भएअनुसार : political party**,** a group of persons organized to acquire and exercise political power. Political parties originated in their modern form in Europe and the United States in the 19th century, along with the electoral and parliamentary systems, whose development reflects the evolution of parties. The term party has since come to be applied to all organized

groups seeking political power, whether by democratic elections or by revolution.

राजनीतिक दल दुईभन्दा वढी व्यक्तिहरुको एक संगठित समुदाय या समुह हो । यस समुहमा प्राय एउटै प्रष्ट राजनैतिक विचारधारा राख्ने व्यक्तिहरु रहन्छन् । यसले शासन या सरकारलाई नियन्त्रण गर्ने गर्दछ । राजनैतिक दलले निश्चित लक्ष्य वा उद्देश्य राख्दछ र सो प्राप्तीका लागी निश्चित साधन पनि निर्धारित गर्दछ । प्राय यसको कुनै ठोस राजनैतिक उद्देश्य हुन्छ । यसले राजनैतिक अतिरिक्त आर्थिक, सामाजिक, सांस्कृतिक र समाजको वहुपक्षिय लक्ष्य र उद्देस्य प्राप्ति र दवाव समुहले गर्न सक्दैन (पोखरेल,२०६५) ।

राजनीतिक दल भन्नाले त्यस्तो मानव समुदायलाई वुझिन्छ जुन सार्वजनिक विषयका सम्वन्धमा समान विचार राख्दछ र राजनीतिक ईकाइका रुपमा काम गर्दै आफ्नो नीतिलाई व्यवहारिक रुप दिनका लागि शासनयन्त्र उपर हस्तक्षेप चाहन्छ (वराल,२०५८) ।

## ख.राजनीतिक दलको प्रकार

राजनीतिक दलहरुलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । खासगरी दलहरुको क्षेत्रीय आधार,विशेषताहरु,लक्ष्य,समर्थनको आधार र विचारधारात्मक प्रतिवद्धताद्वारा राजनीतिक दलहरुलाई छुट्याउन सकिन्छ । कुनै दलहरुमा यी सवै कुराहरु हुन सक्छन भने कहिलेकाँही यी कुनैपनि दल स्थापनामा उत्तरदायी नहुन सक्छन् ।

राजनीतिक दलको प्रकारका विषयमा विभिन्न मत रहेको पाईन्छ । राजनीतिक दलका अति चर्चित लेखक र विशेषज्ञसमेत मानिने मोरिस डुभरजर (Maurice Duverger) ले दलित प्रणालीका आधारमा राजनीतिक दलको वर्गीकरण यस प्रकार गरेको छन् (उद्धृत :दाहाल ,२०६४)।

**१.एकदलिय व्यवस्था या प्रणाली** : सर्वाधिकारवादी राज्यका रुपमा समेत चिनिने एउटामात्र राजनीतिक दलको उपस्थिति भएका साम्यवादी मुलुकहरुमा अन्य दलहरु गैरकानुनी भै भूमिगतरुपमा कार्य गर्दछन् । यस प्रणालीका निर्वाचित पद्धतिका विशेषताका विषयमा भनिन्छ " To vote nine out of nine "।

**२.दुई दलिय व्यवस्था :** Conservative and Labour पार्टी नामका दुई पार्टी भएको वेलायत र Republican and Democratic party नामका दुई पार्टी रहेको अमेरिका मा राष्ट्रपतीय चुनावमा समेत तटस्थ उम्मेदवारको वोलवाला रहेको पाईन्छ ।

**३.वहुदलिय व्यवस्था :** राज्यको संविधानले नै अनुमति दिई दुईभन्दा वढी राजनीतिक दलहरु उपस्थित भएका या रहेका भारत र जनआन्दोलन २०४६ पछिको संवैधानिक राजतन्त्र भएको नेपाल यस दर्जामा पर्दछन् ।

त्यस्तै गिलक्रइष्ट (Gilchrist) १.उग्रवादी पार्टी (Radical Party) २.प्रतिक्रियावादी अनुदारवादी पार्टी (Reactionary Party) ३. उदारवादी पार्टी (Liberal Party) र ४. अनुदारवादी पार्टी (Conservative party) गरी उनीहरुको धारणाको आधारमा ४ समुहमा विभाजन गरेका छन् (उद्धृत :पोखरेल,२०६५)।

त्यसैगरी पार्टी कार्यकर्ताका आधारमा १.कार्यकर्ता पार्टी (Cadre Party) र २.आम जनताको पार्टी (Mass Party) गरी दुई भागमा वांड्न सकिन्छ जस्तै इन्साईक्लोपेडिया अफ पोलिटिकल पार्टीमा उल्लेख भएअनुसार : Cadre parties *i.e.*, parties dominated by politically elite groups of activists-developed in Europe and America during the 19th century. Mass-based parties, on the other hand, unite hundreds of thousands of followers, sometimes millions.

यसैगरि पार्टीले अपनाएको सिद्धान्तका आधारमा पार्टीलाई १.सर्वाधिकारवादी पार्टी ( Totalitarian Party) र २.प्रजातान्त्रिक पार्टी (Democratic Party) गरी दुई भागमा वांड्न सकिन्छः (उद्धृतः पोखरेल,२०६५) ।

## ग.विश्वमा राजनैतिक दलको उत्पत्ति र विकास

राम्रो संगठन,नेतृत्व र स्पष्ट लोकप्रिय सार्वजनिक नीतिका कारण र अनुकूल राजनीतिमा पार्टीहरु उत्पत्ती र विकास हुने गर्छन । सामान्यतया सवै दलहरु राज्यको सत्ता र शक्ति प्राप्तीका लागि उत्पत्ती र विकास भएको पाईन्छ । कतिपय यी तत्वहरुको अभावमा अस्तित्वविहिन हुन जान्छन् । राजनीतिक दलहरुको स्थापना नेता वा नेताद्वारा कुनै निश्चित उद्देश्यका लागि निश्चित दृष्टिकोणका आधारमा भएको हुन्छ । समयक्रममा जव

त्यस्तो उद्देश्यको पूर्ति हुन जान्छ र जनसमर्थन प्राप्त हुन्छ, तव अर्को लक्ष्य प्राप्त गर्न उद्धत हुन्छन् (उद्धृत :खनाल,२०४७) ।

राजनीतिक दलको उत्पत्ति र वर्तमान अवस्थासम्म त्यसको विकासलाई राजनीतिक सहभागिता र मताधिकारको विस्तारसंग जोडिन्छ । मताधिकारको विस्तारले जनतालाई परिचालन गर्न आवस्यक भएर राजनीतिक दल वन्न थाले भन्ने मतलाई सवै राजनीतिक वैज्ञानिक स्वीकार गर्दैनन् । लापालोम्वरा र वेनरको मतानुसार "जुन राजनीतिक प्रणालीको गतिविधि जटिलताको एउटा स्तरसम्म पुग्छ या जव राजनीतिक सत्ताको धारणामा यो विचार पनि समावेश हुन्छ कि जनता त्यसमा सहभागी होउन् या त्यसद्धारा नियन्त्रित होउन्, त्यसवेला राजनीतिक दलको उत्पत्ति हुन्छ "(उद्धृतः पोखरेल,२०६५) ।

यी विद्धानहरुले राजनीतिक दलको उत्पत्ति र विकासका सम्वन्धमा संस्थागत, ऐतिहासिक संकट र विकासवादी सिद्धान्तको व्याख्या गरेका छन् (उद्धृतः पोखरेल,२०६५) ।

**१.संस्थागत सिद्धान्त**

पश्चिमी जगतमा राजनीतिक दलको विकासलाई संसदको उदय र मताधिकारको क्रमिक विस्तारसंग जोड्ने चलन छ । म्याक्स वेवर दलको विकासलाई कुलीनतन्त्रीय गुट, ठालुहरुको सानो समुह र जनमतसंग्रह प्रजातन्त्र भनी तीन चरणमा वांड्छन् । डुभर्जर राष्ट्रिय व्यवस्थापिकाको अभ्युदय र मताधिकारको विस्तारमा वल दिदै के भन्छन् भने राजनीतिक दलको विकास संसदीय समुहको निर्माण, निर्वाचन समितिहरुको संगठन र यी दुई तत्वका वीच स्थायी सम्पर्कवाट भएको हो ।

संस्थागत सिद्धान्तले यही कुरामा जोड दिन्छ कि राजनीतिक दलको उदय संसद र निर्वाचनपद्धति जस्ता दुई महत्वपुर्ण संस्थाहरुका वीचवाट भएको हो । व्यवस्थापिकाले निर्णय निर्माणको अक्तियार पाएपछि र निर्णय वहुमतका आधारमा हुने परिपाटी वनेपछि संसदभित्र स्वतः वहुमत र अल्पमतका दुई अलग अलग गुट वन्न पुग्छन् । यिनै गुटहरुले विस्तारै विरुतारै स्थायी र औपचारिक संगठन निर्माण गरेर दलको स्वरुप ग्रहण गर्दछन् ।

जुन राजनीतिक व्यवस्थामा मताधिकार अत्यन्त सीमित हुन्छ , स्थानीय निर्वाचक समितिहरु अनावश्यक हुन्छन् । तर जन मताधिकारको विस्तार हुन्छ र व्यवस्थापिकामा प्रवेशका लागि वा सत्ता प्राप्तिका लागि वहुसंख्यक मतदाताको समर्थन चाहिन्छ, सामान्य जनतालाई परिचालन गर्न आवश्यक हुन्छ । परिणामस्वरुप सत्ता संसदीय समूहको रुपमा

खडा भएको समुहले आफ्नो पक्षमा जनसमर्थन जुटाउन स्थानीय निर्वाचक समितिहरु खडा गर्नु जरुरी हुन जान्छ । वास्तवमा इतिहासलाई केलाएर हेर्दा के देखिन्छ भने अधिकांश युरोपेली मुलुकहरुमा आधुनिक राजनीतिक दलको प्रारम्भ संसदीय समूह र तिनका स्थानीय निर्वाचक समितिहरुका माझ कार्य गर्न र निरन्तर सम्वन्धको सुत्रपातवाट नै भएको हो । व्रिटेन र फ्रान्स जस्ता मुलुकका राजनीतिक दलहरुले संस्थात्मक सिद्धान्तकै पुष्टि गर्दछन् ।

**२.ऐतिहासिक संकट सिद्धान्त**

राजनीतिक दलको उत्पत्तिवारे प्रचलित अर्को सिद्धान्त ऐतिहासिक संकटको सिद्धान्त हो । यो सिद्धान्त अनुसार राज्यमा उत्पन्न हुने ऐतिहासिक संकटलाई समाधान गर्ने क्रममा राजनीतिक दल उत्पन्न हुन्छ । कुनै राज्य इतिहासको एउटा यस्तो मोडमा पुग्छँन जहाँ नयाँ र महत्वपूर्ण कार्यको सम्पादनका लागि राजनीतिक दल अपरिहार्य हुन पुग्छ । अधिकांश एसियाली र अफ्रिकी मुलुकहरुमा राष्ट्रिय मुक्तिका लागि राजनीतिक दल अस्तित्वमा आएका हुन । भारतमा विदेशी औपनिवेशीक शक्तिका विरुद्धमा संघर्षको ऐतिहासिक मोडमा राजनीतिक दलहरु खुलेका थिए । लापालोम्वरा र वेनरले यस्ता ऐतिहासिक संकटलाई ३ भागमा वाँडेका छन् । ती हुन १.वैधताको संकट(Legitimacy Crisis) २.सहभागिता संकट (Participation Crisis) र ३.एकताको संकट (Intigration Crisis) ।

कुनै राजनैतिक व्यवस्थामा वैधानिकताको संकट त्यसवेला आउंछ जुनवेला तल्काल कार्यरत राज्यसत्ता क्षीण हुन थाल्छ र उत्पन्न संकटलाई समाधान गर्न नसकेर उथल पुथलको स्थिति सृजना हुन्छ । यस्तो अवस्था प्रायः राजनीतिक क्रान्तीको वेला देखिन्छ । सन १७८९को फ्रान्सको राज्यक्रान्तीको मुलमा यही सत्ताको वैधानिकताको प्रस्न नै थियो । अधिकांश एसियाली र अफ्रिकी देसहरुमा राष्ट्रिय आन्दोलन र स्वतन्त्रतासग्राम चर्कनुको पछाडी पनि त्यहाँ विद्यमान सत्ता प्राप्तिकै चुनौती प्रमुख थिए र त्यसै वेलामा राजनीतिक दलहरु पनि खडा भए ।

सवै राजनीतिक व्यवस्थाको इतिहासमा अखण्डताको संकट आईपर्छ । वस्तुतः यही संकटवाट मुक्तिका लागि नै प्रारम्भमा राजनीतिक दलहरु खडा भएका हुन । वास्तवमा अखण्डताको संकट भनेकै प्रादेशिक अखण्डताको संकट हो । यो यौटा राज्य क्षेत्रमा वसोवास गर्ने विभिन्न प्रजातीका समूहवीच तालमेल वसाईने प्रक्रियाको सार हो ।

यस्तो कार्यमा यी समूह, जो राष्ट्रिय एकताका पक्षपाती हुन्छन्, एकीकरणका लागि अग्रसर र यी समुह, जो कुनै खास धर्म वा प्रजाती समुहप्रति वढी आवद्ध हुन्छन्, एकीकरण विराधी अभियानमा संलग्न हुन्छन् । चाहे एकीकरणका लागि होस् अथवा त्यसको बिरोधमा होस्, आन्दोलनकर्ताहरु जनसमर्थन जुटाउने सिलसिलामा राजनैतिक दलको रुपमा संगठित हुन पुग्छन् ।

शासकको आज्ञाको अवज्ञा गरेर र शासनमा हिस्सेदारीको लागि संगठित अभियान गरेर जव जनताले राजनीतिक प्रणालीमा परिवर्तन ल्याउन थाल्छन्, त्यसवाट एकातिर सहभागिताको संकट सृजना हुन्छ भने त्यसका साथसाथै सहभागिताको दावेदारका रुपमा राजनीतिक दलको उदय हुन्छ । समाजमा उत्पन्न नया वर्गहरु पनि शासनमा आफ्नो हिस्सेदारीका लागि प्रयत्नशील हुन्छन् । अधिकांश नवोदित राज्यहरुमा राजनीतिक दलहरु यस्तै सहभागिताका मागवाट उत्पन्न भएको देखिन्छ ।

यी विभिन्न संकटहरुको कुनै व्यवस्थित क्रम हुदैन । कहिलेकाँही कुनै राज्यमा यी संकटहरु संगसंगै पनि उत्पन्न हुन्छन् । यदि राजनीतिक प्रणालीले यो भारलाई थाम्न सकेन भने अथवा संकटको समाधान गर्न सकेन भने अराजकता उत्पन्न हुन सक्छ ।

यस्तो ध्वस्त राजनीतिक व्यवस्थालाई पुनर्गठित गर्नका लागि पनि राजनीतिक दल उत्पन्न हुन्छन् । यस्ता राजनीतिक दलहरु पनि ऐतिहासिक संकटवाट उत्पन्न दल कहलाउँछन् ।

**३. विकासवादी सिद्धान्त**

राजनीतिक दललाई आधुनिकीकरणको उपज मान्ने विद्धानहरु पनि छन् । हिजोआजका अधिकांश जनदलहरु औधोगिकरणका परिणाम हुन । औधोगिकरणले शहरीकरण हुन्छ र त्यहाँ खुल्ने जन र व्यवसायिक संगठनहरुले जनसहभागिताको माग गर्न थाल्छन् । यस क्रममा यिनै संगठनहरुवाट राजनीतिक दल विकसित हुन्छन् । कार्ल मार्क्स पनि के भन्दछन् भने औधोगिक केन्द्रले सम्भावित ठालुहरुलाई आफ्नो आकांक्षा पुरा गर्न, वहुसंख्यक जनतालाई शिक्षित गर्न र तिनलाई संगठन गर्ने अनुकूल अवसर प्रदान गर्दछ । यिनै संगठनहरु क्षमतावान हुँदासाथ दलमा परिणत हुन्छन् ।

वास्तवमा औधोगिकरणवाट यातायात र संचारको साधनहरुको विकास हुन्छ । यसवाट साधारण जनतालाई राजनीतिक प्रक्रियामा प्रभाव पार्ने अवसर मिल्दछ । यो

अवसरको प्रभावकारी उपभोगका लागि पनि राजनीतिक दलहरु खुल्दछन् । यातायात र संचारको विकासले केन्द्रको मोफसलसंगको सम्वन्ध गाडा हुन्छ । यसको परिणम स्वरुप स्थानीय ठालुहरु केन्द्रीय ठालुहरुसंग सहयोग वा प्रतिष्पर्धाको लागि अग्रसर हुन्छन् । यसवाट राजनीतिक प्रक्रियामा हस्तक्षेप गर्ने प्रवृत्ति प्रवल हुन थाल्छ । यस्तो हस्तक्षेपको अवसर वढाउनका लागि शक्ति र प्रभाव जुटाउनु र परिचालन गर्नु आवश्यक हुन्छ । यिनै प्रयत्नको गर्भवाट राजनीतिक दल विकसित हुन्छन् ।

उपरोक्त सिद्धान्तको संक्षिप्त लेखाजोखावाट के थाहा हुन्छ भने राजनीतिक दलको उत्पत्तिको कुनै एक मात्र वा एक भन्दा वढी कारण पनि हुन सक्छन् । तिनको विकास एकसाथ अनेकौ तथ्य र शक्तिहरुको सम्मिलित प्रभाववाट अथवा कुनै एक घटना वा आवश्यकताको परिपूर्तिका लागि पनि हुन सक्छ ।

## घ.राजनैतिक दल र जनसहभागिता

### १.पार्टी र राजनीतिक शक्ति

इन्साईक्लोपेडिया अफ पोलिटिकल पार्टीमा लेखेअनुसार Whether they are conservative or revolutionary, whether they are a union of notables or an organization of the masses, whether they function in a pluralistic democracy or in a monolithic dictatorship, parties have one function in common: they all participate to some extent in the exercise of political power, whether by forming a government or by exercising the function of opposition.

यसवाट के प्रष्ट हुन्छ भने परम्परागत वा क्रान्तिकारी जस्तै राजनीतिक पार्टी भएपनि वा साना ठुला जस्ता भएपनि,उनीहरुका अभिष्ट भनेको कि सरकार वनाएर सत्तामा जाने नसके प्रतिपक्षमा वसेर भएपनि कुनै कार्यक्रमका साथ शक्तिको अभ्यास गर्ने हुन्छ । समग्रमा पार्टी भनेका जसरी पनि शक्तिको अभ्यास गर्न चाहन्छन् ।

## २.शक्ति र प्रतिनिधित्व

इन्साईक्लोपेडिया अफ पोलिटिकल पार्टीमा लेखेअनुसार : It is difficult to envisage how representative democracy could function in a large industrialized society without political parties. In order for citizens to be able to make an intelligent choice of representative or president, it is necessary for them to know the real political orientation of each candidate. Party membership provides the clearest indication of this.

यसवाट के वुभ्mन सकिन्छ भने राजनीतिक पार्टी विना आजको विशाल औधोगिक समाजमा जनताको प्रतिनिधित्व गर्न सकिदैन । जनतावाट चुनिनको लागि राजनीतिक पार्टी मार्फत नै जानुपर्छ । आम जनताको प्रतिनिधित्व गर्नुपर्छ ।

## ३.शक्तिमा सहभागिता

इन्साईक्लोपेडिया अफ पोलिटिकल पार्टीमा लेखेअनुसार : Once a political party has achieved electoral victory, the question arises of how much influence the party is to have on the government. The influence of the party on members in elective office is frequently quite weak.

राजनीतिक दल र जनसहभागितालाई लोकतन्त्रसँग जोडेर पनि हेर्न सकिन्छ ।जस्तै जनतका प्रतिनिधिहरुले जनताको तर्फवाट शासनमा प्रतिनिधित्व गर्छन र जनताप्रति उत्तरदायित्व निर्वाह गर्छन । जनता र राजनीतिको पुल राजनीतिक दलहरु हुन ।

एउटा राजनीतिक प्रणालीको जीवन्तताको सवैभन्दा वलियो आधार त्यसमा नागरिकहरुको सहभागिता पनि हो । राजनीतिक प्रणालीको सफलता असफलता पनि धेरै हदसम्म त्यसले जुटाउन सकेको जनसहभागितामा टिकेको हुन्छ । कुन राजनीतिक प्रणाली कति जनमुखी छ अथवा कति प्रजातान्त्रीक छ भन्ने कुराको मुल्यांकन पनि मुख्यतः यसै आधारमा गरिन्छ । संक्रमणकालिन राजनीतिक प्रणालीहरु आज यात जनतामा राजनीतिक सहभागिताको न्युनतमको शिकार छन् या राजनीतिक संरचनाहरुको क्षमता भन्दा वढी सहभागिताको मागवाट उत्पन्न गतिरोधले पीडित छन् ।

राजनीतिमा जनसहभागिताका विषयमा चर्चा गर्दा ध्यान दिनुपर्ने कुरा के छ भने पश्चिमी विद्वानहरु नीति निर्माता वन्ने वा नीति निर्माता छान्ने कार्यमा व्यक्तिको संलग्नतालाई राजनीतिक सहभागिता भन्दछन् भने वामपन्थीहरु पार्टी वा शासकहरुद्धारा निर्धारित गरिएका नीतिहरुको कार्यान्वयन प्रक्रियामा संलग्न हुनुलाई पनि राजनीतिक सहभागिता भन्दछन् । हुन त के उदारवादी, के समाजवादी दुवै नै सरकारमा लाकप्रिय हितहरुको प्रतिनिधित्वको पक्षपाती छन् र दुवै नै राजनीतिक जीवनमा व्यापक र लोकप्रिय जन सहभागिताका हिमायती छन् । तर यही यी दुई मतको समानता समाप्त हुन्छ र भिन्नता प्रारम्भ हुन्छ । टाउनसेन्ड यी अन्तरहरुलाई निम्नानुसार औंल्याउछन्: (उद्धृत :पोखरेल,२०६५) ।

पहिलो, समाजवादीहरु सरकार वा पार्टीका नीतिहरु कार्यान्वयन गर्नुलाई सहभागिताको प्रमुख कार्य मान्दछन् भने उदारवादीहरु राजनीतिक निर्णयमा लोकप्रिय दवाव पार्नु सहभागिताको प्रमुख कार्य हो भन्ने मान्दछन् ।

दोस्रो, समाजवादी शैलीले कार्यकर्ता र जनताका वीच प्रत्यक्ष सम्पर्क हुनुपर्ने राजनीतिक नेताहरु सदा सर्वदा राजनीतिक मागवाट अवगत हुनुपर्ने कुरामा जोड दिन्छन् र यसैवाट लोकप्रिय सहभागिता अभिवृद्धि हुन्छ भन्ने मान्दछन् । अर्कोतिर प्रजातन्त्रवादीहरु शैलीले राजनीतिक नेताहरु समक्ष जनताका माग पुराउने कुरामा प्रतिनिधिमुलक संस्थाहरुमा भर पर्दछन् । यसैलाई राजनीतिक क्रियाकलापको अखाडा मान्दछन् ।

तेस्रो, समाजवादी शैली लोकप्रिय राजनीतिक कार्यले शासकहरुद्वारा तय गरिएका सर्वोच्च  एकिकृत राष्ट्रिय स्वार्थलाई समर्थन गर्दछ र के मान्दछ भने तत्कालका लागि कुनै फुटकर स्वार्थहरु राष्ट्रिय स्वार्थसँग टकराए पनि अन्ततोगत्वा त्यो राष्ट्रिय स्वार्थमा समायोजित हुन पुग्छ । अर्कोतिर प्रजातान्त्रिक शैलीले पनि राष्ट्रिय स्वार्थको अस्तित्वलाई स्वीकार्दछ तर के मान्दछ भने राष्ट्रिय स्वार्थ भनेको नीति नवनुन्जेल आपसमा वैधानिक प्रतिष्पर्धा गर्ने विविधतापुर्ण स्वार्थहरुको खुकुलो योग हो ।

चौथो, समाजवादी शैलीले नेतृत्वको गुण र नैतिक आचारमा जोड दिन्छ भने पश्चिमी शैलीले नेतृत्वको कानुनी र संस्थागत नियन्त्रणमा जोड दिन्छ । अन्तिम अन्तर के भने समाजवादी शैलीले सहभागिताको विस्तारमा कुनै सैद्धान्तिक सीमा स्वीकार्दैन र राजनीतिक क्रियाकलापलाई सार्वजनिक हितका लागि व्यक्तिगत जीवनमा हस्तक्षेप सम्मको

अनुमति दिन्छ । तर अर्कोतिर उदारवादी शैली व्यक्तिगत गोपनियताको सिद्धान्तमा विश्वास गर्छ र सार्वजनिक दायित्वको सीमांकन गर्दै व्यक्तिगत जीवनमा हस्तक्षेपको विरोध गर्छ ।

राजनीतिक सहभागिताको परिभाषामा देखिएको वैचारिक अन्तरलाई टुंगाउने सन्दर्भमा लासवेलको एउटा कथनलाई स्मरण गर्नै युक्तिसंगत हुन्छ । आफ्नो वैनीको अस्मितामा आक्रमण गर्ने राजकुमारको हत्या गर्ने दाजुको त्यो कृत्य राजनीतिक होईन तर जव उसले आफ्नो कृत्यलाई व्यक्तिगत अधिकारको रक्षाका लागि चालिएको कदम भन्छ त्यो राजनीतिक वन्दछ ।

यस कथनवाट के वुझिन्छ भने राजनीतिक रुपले महत्वपूर्ण जुनसुकै क्रियाकलापमा संलग्नता नै राजनीतिक सहभागिता हो । प्रजातन्त्रको पुर्नस्थापनापछि प्रत्यक आम चुनावमा नेपाली जनताले मतदानमा भाग लिनु र उम्मेदवार हुनु राजनीतिक सहभागिता हो । त्यस्तै प्रजातन्त्रको पुनर्वहालीका लागि नेपाली कांग्रेसले हतियार उठाएको वा झापालीहरुले वर्ग सत्रु खतम अभियान चलाएको कृत्य पनि राजनीतिक थियो । त्यसकारण त्यो राजनीतिक सहभागिता थियो ।

अन्त्यमा, के भन्न सकिन्छ भने ती राजनीतिक प्रणाली, जुन सामाजिक तथा आर्थिक दृष्टिले सम्पन्न छन्,जहाँ नागरिकहरुमा उच्च राजनीतिक जागरुकता हुन्छ तथा जहाँ जनतालाई प्रजातान्त्रिक अधिकारहरु प्रदान गरिएका हुन्छन्, त्यहाँ प्राय के देखिन्छ भने अधिकाँश नागरिकहरु सक्रिय रुपले राजनीतिमा सहभागी हुन्छन् । पश्चिमी प्रजातान्त्रिक मुलुकहरु यसै आधारमा यो दावी गर्दछन् कि उनीहरुको समाजमा जन सहभागिता छ । वास्तवमा भन्ने हो भने जुन राजनीतिक प्रणालीमा नागरिकहरु आगत निर्गत लगायत प्रणालीमा सवै क्रियाहरुवारे जानकारी राख्दछन् तथा नीति निर्माण प्रक्रियालाई प्रभावित गर्न उन्मुख भइरहन्छन् त्यहाँ जनसहभागिता हुन्छ नै । आर्थिक सम्पन्नता,राजनीतिक जागरुकता तथा राजनीतिक प्रणालीद्वारा सहभागिताको उचित अवसर प्रदानले नागरिकहरुमा पूर्ण सहभागी वन्ने परिस्थिति तयार गरिदिन्छ जसले गर्दा जनसहभागिता सम्भव हुन्छ । जनसहभागिताको प्रक्रिया राजनीतिक विकासको न्यायसंगत पक्ष हो । सिमित रुपमा अपनाएर पनि सहभागिताले राष्ट्रनिर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । किनकी जनतामा नयां वफादारि र राष्ट्रिय तादात्म्यताको नयाँ भावना यसैले प्रस्फुटित गराउँदछ ।

## ङ विश्वमा कम्युनिष्ट अवधारणा र कम्युनिष्ट आन्दोलन

### १.कार्लमार्क्स

कार्लमार्क्सको जन्म सन १८१८ मई ५ तारिखका दिन जर्मनीको ट्रेवेस नगरमा एक वकिल हिनरिक मार्क्सको परिवारमा भएको थियो । सानैदेखि आफ्नो सिर्जनशिलता, तृष्ण वुद्धि र विषयको गहन समझदारी राख्ने सामर्थ्यले गर्दा उनी परिवार,शिक्षक र विद्यार्थी सहपाठीहरुका प्रिय थिए । विश्वविद्यालयमा अध्ययनरत रहँदा उनी हेगेलिय दर्शनको प्रभावमा परे र वामपन्थी समूहको रुपमा चिनिएका युवा हेगेलपन्थीहरुको समुहमा सम्मिलित भए । हेगेलपन्थीको रुपमा उनले हेगेलको आदर्शवादी दर्शनवाट क्रान्तिकारी र अनिश्वरवादी निष्कर्षहरु निकाल्न खोजे । विद्यावारिधीको लागि उनले लेखेको **प्रकृति सम्वन्धी दिमोक्रिटियाली र इपिक्युरियाली दर्शनवीचको भेदवारे** शीर्षकको थेसिसमा हेगेलको प्रभाव स्पष्ट देखिन्छ ।

१८४१ मा विद्यावारिधी उपाधि प्राप्त गरेपछि मार्क्सले आफ्नो राजनीतिक जीवनको थालनी पत्रकारको रुपमा गरेका थिए । राइन प्रदेशका पूँजीपतिहरुको प्रतिपक्षिय पत्रिकाको रुपमा प्रकाशित **राइनिश जाईटुंग**मा उनले पहिले लेखहरु छाप्न दिए र केहि समयपछि उनी त्यसको सम्पादक वने । मार्क्सको प्रधान सम्पादकत्वमा उक्त पत्रिकाले झनझन बढि स्पष्ट र प्रमुख रुपले क्रान्तिकारी जनतान्त्रिक चरित्र लिँदै गयो र प्रशियाली निरंकुश राजतन्त्रको दृढ सैद्धान्तिक प्रवक्ताको रुपमा त्यसले आफुलाई प्रस्तुत गर्‍यो । फलस्वरुप,उक्त पत्रिकाको लोकप्रियतामा र ग्राहक संख्यामा निकै वृद्धि भयो भने अर्कोतिर प्रतिक्रियावादी प्रशियाली सरकारको त्यसमाथि कुदृष्टि पर्‍यो । पहिले उक्त पत्रिकालाई दोहोरो सेन्सरसीपको अधिनस्थ राखियो र पछि १८४३ मार्चको आखिरीमा त्यसमाथि प्रतिवन्ध लगाईयो ।

**राइनिस जाइटुंग**मा मार्क्सको क्रियाकलाप उनको लागि निकै उपयोगी सावित भयो । त्यहाँको कामको सिलसिलामा, संगठनात्मक शक्ति, काम गर्ने विशाल क्षमता र उचित मानिसको छनौट गर्ने सीप जस्ता उनका गुणहरु अभिव्यक्त भए । त्यसका साथै, राजनैतिक तथा पत्रकारिताका क्रियाकलापमा लाग्दा उनले जर्मनीको स्थिति,त्यहाँका श्रमजिवी जनताको अवस्था र विभिन्न राजनैतिक तथा आर्थिक समस्यावारे राम्रो समझदारी हासिल गर्ने अवसर पाए । यी सवैवाट मार्क्सका चिन्तनमा ठुलो प्रभाव पर्‍यो र त्यसले उनलाई आदर्शवादीवाट

भौतिकवादीमा र क्रान्तिकारी जनतन्त्रवादीवाट कम्युनिष्टतर्फ फेर्ने काममा ठुलो भूमिका खेल्यो ।

**राइनिश जाइटुंग**को प्रकाशन बन्द भएपछि मार्क्सका निम्ति जर्मनीमा रहेर क्रान्तिकारी काम गर्न मुश्किल भयो । त्यहाँको गुम्सेको राजनीतिक वातावरणमा र प्रतिक्रियावादी शासन अन्तर्गत राजनीतिक काम गर्न र क्रान्तिकारी विचारहरुको प्रचार गर्न कठिन भएकोले मार्क्सले विदेशमा एउटा क्रान्तिकारी पत्रिका चलाउने उद्देश्यले जर्मनी छाड्ने निर्णण गरे । अक्टोवर १९४३ मा उनी पेरिस गए र आर्नोल्ड रुजसित मिलेर **जर्मन-फ्रेंच वर्षपत्र** (Deutsch–Franzosische Jahrbuche) नाउँको पत्रिका निकाले । त्यसवीचमा एक प्रशियाली कुलिन परिवारकी छोरी जेनी वोन वेष्टफालेनसित मार्क्सको विवाह भैसकेको थियो ।

उक्त **वर्षपत्र**को एक अंकमात्र निस्क्यो र रुजसितको वैचारिक मतभेद र जर्मनीमा त्यसको वितरणमा भएको कठिनाईले गर्दा त्यसको प्रकाशन बन्द गरियो । अंक १ र २ गरी दोव्वर अंक संयुक्त प्रकाशित उत्त **वर्षपत्र**मा मार्क्सको दुइवटा महत्वपूर्ण लेख-**यहुदी सवारवारे र कानुनसम्वन्धी हेगेलको दर्शनको आलेचनामा एक देन प्रस्तावना** छापिएका थिए । उक्त लेखहरुले मार्क्सलाई एक महान क्रान्तिकारीको रुपमा दर्शाउनुका साथै आदर्शवादवाट भौतिकवादमा र क्रान्तिकारी जनवादवाट कम्युज्मिमा उनको अन्तिम संक्रमणलाई स्पष्टसित जनाए ।

**यहुदी सवार**वारे शीर्षकको लेखमा मार्क्सले जर्मनीमा रहेका यहुदीहरुको मुक्तिको सम्वन्धमा ब्रुनो वावरको गलत आदर्शवादी धारणाको आलोचना गरे र कुन मत व्यक्त गरे भने धर्मको आलोचना कुनै साध्य होइन र कुनै अन्तिम उद्देश्य होइन अरु आम क्रान्तिकारी संघर्षको एउटा साधन मात्र हो । उनले यहुदीहरुको मुक्तिको सवाललाई राजनैतिक तथा सामाजिक उत्पीडनवाट मानव जातिको मुक्तिको सवालको व्यापक परिप्रेक्ष्यमा हेर्नुपर्ने कुरामा जोड दिए । त्यही सिलसिलामा मार्क्सले राजनैतिक मुक्ति र सामाजिक, आर्थिक उत्पीडनवीचको भेदलाई स्पष्ट पारे । सामन्तविरोधी पूँजीवादी क्रान्तिलाई उनले राजनैतिक मुक्तिको संज्ञा दिए भने सामाजिक उत्पीडनवाट मुक्तिलाई **मानविय मुक्ति**को संज्ञा दिए । नीजि सम्पत्तिको व्यवस्था अन्तर्गत त्यसको अनेकौं सीमितताहरु रहेको तथ्यलाई उनले स्पष्ट पारे र सारा राजनैतिक,आर्थिक तथा सामाजिक उत्पीडनवाट मानिसहरुको मुक्ति ल्याउन एउटा गहन क्रान्तिको आवस्यकता छ भन्ने नयाँ विचार प्रस्तुत गरेका थिए ।

उक्त वर्षपत्रमा प्रकाशित अर्को **कानुनसम्वन्धी हेगेलको दर्शनको आलेचनामा एक देन प्रस्तावना** शिर्षकको लेखमा मार्क्सले माथि उल्लेखित गहन क्रान्ति ल्याउन सक्ने सामाजिक शक्ति कुन हो  भन्ने विषयमा चर्चा गर्दै कुन नयाँ धारणा प्रस्तुत गरे भने पुँजिवादको चिहान खन्ने र नयाँ वर्गहिन समाजको निर्माण गर्ने र गर्न सक्ने सामाजिक शक्ति सर्वहारावर्ग हो र त्यसमा सर्वहारावर्गको विश्व ऐतिहासिक भुमिका छ । उनले लेखेका छन् "जसरी दर्शनले सर्वहारावर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ,त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो वौद्धिक हतियार भेटाउँछ । यस प्राकृतिक राष्ट्रभूमिमा चिन्तनको विजुली चम्काई राम्ररी परेपछि जर्मनहरु मुक्त भएर मानिस वन्ने काम हुनेछ"।

यसरी **जर्मन-फ्रेंच वर्षपत्र**को प्रकाशनसँगै आदर्शवाद र क्रान्तिकारी जनवादको दृष्टिकोणवाट भौतिकवाद र कम्युनिज्मको दृष्टिकोणतर्फ संक्रमण प्रक्रिया पुरा भयो ।

सेप्टेम्वर १८४४ मा फ्रेडरिक एंगेल्स केहि दिनको लागि पेरिस आउँदा मार्क्ससित उनको भेट भयो । उक्त भेटघाट उनीहरु दुवै जनाको विचमा इतिहासमा अनौठो मित्रताको थालनी वन्यो । त्यसैवेलादेखिन उहाँहरु माझ लक्ष्य र समान दृष्टिकोणवाट जव्वर भएको घनिष्ठतम सच्चा मित्रता शुरु भयो जुन जीवनको आखिरी घडिसम्म कायम रह्यो । ती दुई महान व्यक्तित्वहरु माझको आपसी मेल तथा सहयोग झनझन घनिष्ठ र सवल हुँदै गयो र आफ्नो जीवनकालमा उनीहरुले जे जति योगदान र उपलव्धीहरु गरे ती दुवैका साझा रहे र मार्क्सवादमा ती दुवैका नामहरु अभिन्न रुपमा गाभिन पुगे ।

पेरिसमा रहँदा मार्क्सले क्रान्तिकारी समूहद्वारा चलाइएका गतिविधिहरुमा सक्रिय भाग लिए,जसको फलस्वरुप प्रशियाली सरकारको अनुरोधमा उनलाई खतरनाक क्रान्तिकारी ठानेर फ्रान्सवाट निकाला गरियो । १९४५ को शुरुमा उनी व्रुसेल्स गएका थिए । त्यहाँ मजदुर जनताको माझमा वढो जोडदार रुपमा प्रचारात्मक र आन्दोलनकारी गतिविधि चलाए । त्यसताका उनले एंगेल्ससित मिलेर **जर्मन विचारधारा** नामक कृति लेखे । जसमा हेगेलको आदर्शवादी दर्शन,फायरवाखको अधिभुतवाद र निम्न पूँजीवादी समाजवादका विभिन्न सिद्धान्तहरुको जोडदार रुपमा आलोचना गरियो र वैज्ञानिक विश्व दुष्टिकोण र वैज्ञानिक समाजवादका सिद्धान्तहरुको प्रतिपादन गरियो ।

१९४७ मा मार्क्स र एंगेल्स त्यसताका एक गोप्य संगठनको रुपमा सक्रिय रहेको **न्यायी लीग** (The league of the Just) नामक संस्थामा सम्मिलित थिए । पछि सो

संगठनको नाम **कम्युनिष्ट लीग** हुनपुग्यो । १९४७ नोभेम्वरमा लण्डनमा भएको सो लीगको दोश्रो महाधिवेशनले मार्क्स र एंगेल्सलाई पार्टीको निम्ति एउटा घोषणापत्र तयार गर्ने जिम्मा दियो । आफुलाई सुम्पेको उक्त जिम्मालाई उनीहरुले सुविख्यात **कम्युनिष्ट घोषणपत्र** तयार पारे । त्यसरी,विश्व सर्वहारा आन्दोलनको पहिलो कार्यक्रमगत दस्तावेज,वैज्ञानिक समाजवादको अमर कृतिको रचना भयो र १८४८ फरवरीमा त्यसको प्रकाशन भयो ।

## २.कम्युनिष्ट घोषणापत्र (सन १८४८)

कम्युनिष्ट घोषणापत्र एउटा महानतम् कृति हो । आफ्नो यो रचनाद्वारा मार्क्स एंगेल्सले संसारभरीका शोषित,उत्पीडित र मेहनतकश जनताका हातमा एउटा अजेय हतियार दिएका छन् । समाजका सवै प्रकारका शोषण उत्पीडनहरुलाई समाप्त गरेर पुर्ण समानता,स्वतन्त्रता,सच्चा जनवादमाथि आधारित समाजको निर्माणका लागि प्रमुख हतियार हो घोषणापत्र । कम्युनिष्ट घोषणापत्र पूँजीवादी समाजको मात्र होइन,समाजका सम्पूर्ण विकासको द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दृष्टिकोणले अध्ययन व्याख्या र विश्लेषणको परिणाम हो । त्यसरी समाजको ऐतिहासिक विकास क्रममा ऐतिहासिक नियमहरुको विश्लेषण गरेर कम्युनिष्ट घोषणापत्रमा यो निष्कर्ष निकालिएको छ कि “पूँजीपति वर्गको पतन र सर्वहारावर्गको विजय समान रुपले अनिवार्य छ ।” त्यस प्रकारको सर्वाहारा क्रान्तिले खालि पूँजीपति वर्गलाई मात्र होइन,अहिले सम्मका शोषण र उत्पीडनलाई मात्र होइन,मानव समाजको शोषण प्रधान समाजको अध्ययनलाई सँधैका लागि वन्द गरिदिन्छ र त्यसपछि कम्युनिष्ट समाजको विकासको लागि आधार तयार पार्दछ,जो मानव समाजको स्वर्णिम युग हुनेछ ।

### २.१ घोषणापत्रका सामान्य विशेषताहरु

- सर्वहारावर्गको अधिनायकत्व : सच्चा मार्क्सवादी लेनिनवादी र अवसरवादीहरुको वीचमा अन्तर गर्ने मापदण्ड
- सर्वहारावर्गको अधिनायकत्वको अभावमा समाजवादको निर्माण तथा रक्षा असम्भव
- पूँजीवादले स्वयं आफ्नो विनासको आधार तयार पार्छ
- वर्गसंघर्षको विकासको ऐतिहासिक नियम
- मजदुर संगठनको विकासको द्वन्द्वात्मक नियम
- वैधानिक र तात्कालिक संघर्षप्रतिको मार्क्सवादी नियम

- वर्ग संघर्षको विकासमा पूँजीवादको भुमिका
- वर्ग संघर्ष ऐतिहासिक विकासको परिणाम
- स्वयं पूँजीपति वर्ग लामो ऐतिहासिक विकास क्रमको परिणाम
- इतिहासमा पूँजीपति वर्गको क्रान्तिकारी भुमिका .
- द्वन्द्वात्मक भौतिकवादका नियमहरुको कुशल प्रयोग
- वर्गसघर्ष :समाज विकासको प्रेरक शक्ति
- पूँजीवादी व्यवस्थामा पुँजी स्वतन्त्र हुन्छ व्यक्ति परतन्त्र
- पूँजीवादी समाजमा पत्नीहरु उत्पादनका औजार मात्र
- साम्राज्यवादी शोषण देशभित्र हुने शोषणको विस्तारित रुप
- सर्वहारा अन्तर्राष्ट्रवाद र राष्ट्रियताको वीचको द्वन्द्वात्मक सम्वन्ध

साथै उक्त घोषणापत्रमा वर्गको परिभाषा,वर्गसंघर्षको आवस्यकता,वर्गसंघर्षको कार्यदिशा,प्रतिक्रियावादी समाजवाद र आलोचनात्मक काल्पनिक समाजवाद र साम्यवाद लगायतका विषयवस्तुहरु समेटी तिनको सुक्ष्म व्याख्या गरिएको छ ।

"कम्युनिष्टहरु आफ्ना दृष्टिकोण र उद्देश्यहरुलाई लुकाउनु घृणाष्पद कार्य ठान्दछन् । उनीहरु खुलम्खुला के घोषणा गर्दछन् भने सम्पूर्ण वर्तमान सामाजिक व्यवस्थालाई वलपुर्वक भताभुङ्ग गरेर मात्र उनीहरुको उद्देश्य पुर्ति हुनसक्छ । साम्यवादी क्रान्तीको डरले शासक वर्गहरु थर्कमान होउन् । सर्वहारा वर्गले यसमा आफ्ना हतकडी शिवाय अरु केही गुमाउनु पर्दैन । वरु, समस्त संसार नै उनीहरुले प्राप्त गर्न सक्छन् "(उद्धृत :सिंह,२०५५) ।

घोषणापत्र सम्वन्धमा लेनिनले भनेका छन् "महान प्रतिभाशाली व्यक्तिहरुमा मात्र सम्भव हुन सक्ने,त्यो स्पष्टता अनि अपुर्ण योग्यताद्धारा यस रचनामा एउटा नौलो विश्व दृष्टिकोणलाई सामाजिक जीवनको क्षेत्रमा पनि लागु हुने सुसंगत भौतिकवादलाई विकासको सवैभन्दा वढी सर्वाङ्गपुर्ण एवं सारपुर्ण विचार पद्धति द्वन्द्ववादलाई, वर्ग संघर्षको सिद्धान्तलाई अनि नौलो कम्युनिष्ट समाजको निर्माता सर्वहारा वर्गको विश्व ऐतिहासिक क्रान्तिकारी भुमिकालाई वताएको छ"

त्यसैगरी घोषणापत्र सम्वन्धमा स्टालिनले भनेका छन् "मार्क्स र एंगेल्सले आफ्नो घोषणापत्रद्वारा एउटा नौलो युग शुभारम्भ गर्नुभयो "।

### ३. साम्यवाद

कम्युनिष्टहरुको सैद्धान्तिक निष्कर्ष कुनै विश्व सुधारकद्वारा तयार गरिएको विचार वा सिद्धान्तहरुमा एकदमै आधारित छैन ।

सामान्यतः उनीहरु विद्यमान वर्गसंघर्षवाट,हाम्रै आँखा अगाडि चलिरहेको ऐतिहासिक आन्दोलनवाट सिर्जिएको वास्तविक सम्वन्धहरुलाई मात्र व्यक्त गर्छन । विद्यमान सम्पत्ति सम्वन्धको उन्मुलन गर्नु कम्युनिज्मको एउटा विशेष लक्षण विल्कुल होईन । कम्युनिज्मको माथिल्लो लक्ष्य साधारणतया सम्पत्तिको उन्मुलन गर्नु होइन वरु पूँजीवादी सम्पत्तिको उन्मुलन गर्नु हो । आधुनिक पुँजिवादी व्यक्तिगत सम्पत्ति वर्ग दुश्मनीमा थोरै मानिसद्वारा धेरैको शोषणमा आधारित पैदावार र शोषण व्यवस्थाको आखिरी र सवैभन्दा पुर्ण अभिव्यक्ति हो ।

इन्साईक्लोपेडिया अफ पोलिटिकल पार्टीमा लेखिएको छ : Communism comes from the Latin word communis, which means **shared** or **belong to all** .

कार्लमार्क्सका अनुसार"Communism differs from all previous movements in that it overturns the basis of all earlier relations of production and intercourse, and for the first time consciously treats all natural premises as the creatures of hitherto existing men, strips them of their natural character and subjugates them to the power of the united individuals.

विसौं शताव्दीमा विश्व कम्युनिष्ट आन्दोलनले अत्यन्त ठुला महान र ऐतिहासिक उपलव्धीहरु प्राप्त गरेको थियो । त्यही कालमा नै विश्व सर्वहारा वर्गका लेनिन,स्टालिन र माओ जस्ता महान नेताहरु जन्मेका थिए । विश्व कम्युनिष्ट आन्दोलनमा अन्य हजारौं नेताहरु उत्पन्न भएका थिए । संसारभरी ऐतिहासिक महत्वका ठुला ठुला क्रान्तिकारी आन्दोलनहरु भएका थिए । रुस र चीन सहित पूर्वी युरोप,दक्षिण पूर्वी एशिया र ल्याटिन अमेरिकाका कैयौ देशहरुमा समाजवादी क्रान्तिहरु भएका थिए र विश्व समाजवादी व्यवस्थाको निर्माण भएको थियो । यो संसारका सवै क्रान्तिकारी आन्दोलनको आधार वनेको थियो । तर विसौं शताव्दीका त्यस प्रकारका उपलव्धी र सफलताहरुको पृष्ठभूमिमा अहिले विश्व कम्युनिष्ट आन्दोलन अत्यन्तै कमजोर अवस्थामा पुगेको छ । विश्व समाजवादी व्यवस्थाको अन्त भैसकेको छ । पहिला समाजवादी व्यवस्था कायम भैसकेका देशहरुमा पुँजिवादी व्यवस्था पुनर्स्थापना भैसकेको छ । तसर्थ यतिवेला विश्व कम्युनिष्ट आन्दालनले

आफ्नो रक्षात्मक र अस्तित्वको लडाइँ लड्नु परिरहेको छ । यद्यपी अहिलेपनि विश्वमा कम्युनिष्ट आन्दोलन कुनै न कुनै रुपमा कायम रहेको छ । आजपनि पहिले शक्तिशाली कम्युनिष्ट आन्दोलन भएका देशहरुमा कुनै न कुनै रुपमा कम्युनिष्ट पार्टीहरु छन् ।

विश्व समाजवादी तथा कम्युनिष्ट आन्दोलनको इतिहासलाई विशेषगरी ३ खण्डमा वाँडेर अध्ययन गरिएको पाईन्छ । प्रथम खण्डःप्रारम्भदेखि पेरिस कम्युनसम्म दोस्रो खण्डःपेरिस कम्युनदेखि रुसको महान अक्टोवर क्रान्तिसम्म र तेस्रो खण्डःमहान अक्टोवर क्रान्तिदेखि हालसम्म ।

**४.पेरिस कम्युन**

फ्रान्सले जर्मनीमाथि ४ जुलाई १८७० मा आक्रमण गर्‍यो र छ हप्ताको युद्धपछि फ्रान्सका वादशाहले जर्मनीका अगाडि अत्पसमर्षण गरे । त्यही संकटको मौका छोपेर ४ सेप्टेम्वरमा फ्रान्समा पूँजीवादी क्रान्ति सफल भयो । नेपोलियन वोनापार्टको निरंकुश राजतन्त्र खतम भयो र पूँजीवादी सत्ता कायम भयो । ब्लांकीवादीहरु र वाकुनीनवादीहरुले त्यो क्रान्तिलाई पूँजीवादी रुपसम्ममात्र सीमित रहन नदिएर नयाँ स्थापित पुँजीवादी सरकारलाई नै अन्त गर्नका लागि पुरै शक्तिका साथ संघर्षमा लागे । वाकुनीनवादीहरुको नेतृत्वमा फ्रान्सका कैयौं भागहरुमा सफल विद्रोहहरु हुन थाले र ब्लांकीले अक्टोवर २१ ,१८७० मा केही घण्टासम्म पेरिसमा कव्जा जमाए ।

यसै क्रममा फेव्रुअरी २६,१८७१ म फ्रान्सको पूँजीवादी सरकार र जर्मनीका वीचमा युद्धविराम सन्धि भयो । पेरिसका मजदुरहरुको क्रान्तिकारी रुपवाट आतंकित भएर पूँजीपतिहरुको सरकारले पेरिस शहर नै दुश्मनलाई सुम्पने ठेगान गरेको थियो । तर पेरिसको नेशनल गार्ड,जो मुख्यतः मजदुरहरुद्वारा वनेको थियो,त्यसरी आत्मसमर्पण गर्न तयार थिएन । उनीहरु पेरिसको रक्षाका लागि तयारी गरेर अगाडि वढे । पेरिसका मजदुरहरुलाई दवाएर उनीहरुलाई दुश्मनका अगाडि आन्मसमर्पण गर्न गराउन मार्च १८ मा फ्रान्सको पूँजीवादी सरकारका प्रतिक्रियावादी सेनाले पेरिसमाथि जोडदार रुपले सशस्त्र हमला गर्‍यो । त्यो हमलाको सर्वप्रथम महिलाहरु अगाडि वढेर मुकाविला गरे । पेरिसका मजदुरहरुको विरतापुर्ण युद्धका साम्ने टिक्न नसकेर सरकारी सेना पछाडि हट्यो र पेरिसका मजदुरहरुको पूर्ण अधिकार भयो । त्यो विद्रोहका पछाडिको निर्णयात्मक शक्ति ब्लांकीवादीहरुको थिए,जसका साथ ४००० व्यक्तिहरुको सशस्त्र सेना समर्थकहरुको विशाल

समूह थियो । तर व्लांकी विद्रोहको अघिल्लो रात गिरफ्तार भएका थिए र पेरिस कम्युनको कालभरी नै कव्जामा राखिएका थिए ।(सिह,२०५७)

### ४.१ पेरिस कम्युन सम्वन्धमा मार्क्सको प्रतिक्रिया तथा कामहरु

मार्क्सले पहिला पूँजीवादी व्यवस्था खतम गर्न परिस्थिति तयार नभएको अथवा सशस्त्र विद्रोहको मुर्खता नगर्न चेतावनी दिँदै आकाशको विरुद्ध धावा वोलेको भन्नुभएको थियो । तर विद्रोहपछि क्रान्तिकारीहरुलाई पेरिसको सफलताका लागि ज्यान दिएर लाग्न निर्देशन दिनुभएको थियो ।

### ४.२ पेरिस कम्युनका महत्वपुर्ण कामहरु

विद्रोह सफल भएपछि आमचुनाववाट कम्युनको गठन भयो । त्यो वेला पेरिसमा मात्र कम्युन गठन भएको थियो । छिटै नै पुरै देशभर आमचुनाव गरेर कम्युन गठन गर्ने योजना थियो । त्यो कम्युनमा ९२ जना काउन्सिलरहरु थिए । ती मध्ये १८ जना मार्क्सवादी थिए भने वहुमत व्लांकीवादीहरु थिए ।

काउन्सिलले त्यो छोटो समयमा पनि स्थायी सेनाको स्थानमा जनताको हातमा हतियार सुम्पिएको थियो भने कम्युनले चर्चलाई राज्यवाट अलग्गाएको थियो । त्यसैगरी धर्माधिकारीहरुको वजेटको उम्मुलन गरेको थियो भने जनशिक्षालाई नागरिक चरित्र प्रदान गरेको थियो । त्यस्तै पाउरोटीको रात्रीश्रममा प्रतिवन्ध लगाएको थियो भने मालिकले छोडेका उद्योग र उत्पादनका सामानहरु मजदुर समितिलाई सुम्पने निर्णय गरेको थियो ।

### ४.३ पेरिस कम्युनको अन्त्य

विडम्वना मे २१ ,१८७१ मा वाउन्ने थिएरले र जर्मनीका प्रतिक्रियावादी एक लाख सेनाले पेरिसमा आक्रमण गर्‍यो । त्यसका विरुद्ध सम्पुर्ण कम्युनगार्डले एक हप्तासम्म वीरताका साथ लडेर विश्वको सर्वप्रथम मजदुरवर्गको क्रान्तिकारी राज्यसत्ता पेरिस कम्युनको रक्षा गरे । त्यसक्रममा करिव एक लाख कम्युनगार्डले वलिदानी गरे । कम्युनगार्डकी नेतृ लुइस मिचेल थिइन् । यसका वावाजुत पनि मे २८ मा कम्युनगार्डको हार भयो । यसरी ७२ दिनको आयुमा ने पेरिस कम्युनको अन्त्य भयो । पेरिस कम्युनको अन्त्य पछि पेरिसमा आईमाई केटाकेटी सहित करिव ३०००० मजदुरहरु गोलीले उडाइए भने करिव ४५००० गिरफ्तार भए । तिनीहरु मध्येमा करिव १५००० लाई जेल वा फाँसी दिइयो ।

### ४.४ पेरिस कम्युनवाट लिनुपर्ने शिक्षा

यसवाट देशभक्त र समाजवादको विरोधाभास लक्ष्यको संयोजन गर्नु गल्ती थियो भन्ने शिक्षा विश्वका कम्युनिष्टहरुले लिनुपर्दछ ।

### ४.५ पेरिस कम्युनका त्रुटी तथा समस्याहरु

दुश्मनको सम्पत्ति कव्जा गर्नुको साटो राष्ट्रिय महत्वपूर्ण सपना वाड्न थाल्नु अनि वढि उदारता प्रदर्शन गरी आफ्नो शत्रुलाई पूर्णतः नष्ट गर्नुको साटो कम्युनले नैतिक प्रभाव पार्न प्रयत्न गर्नु नै पेरिस कम्युनका मुख्य त्रुटी तथा समस्याहरु थिए ।

### ४.६ पेरिस कम्युन असफलताका कारणहरु

नेतृत्व अराजकतावादीहरुको हुनु ,वलियो विचार सहितको पार्टी,सेना र सत्ता नहुनु,कुनै लक्ष्य योजना,संगठन व्यवस्थित नहुनु र अन्तर्राष्ट्रिय सहयोग प्राप्त नहुनु नै वास्तवमा पेरिस कम्युन असफलताका मुख्य कारणहरु थिए ।

पेरिस कम्युनको अन्तपछि करिव २ वर्ष पुरै कम्युनिज्म र अन्तर्राष्ट्रियमाथि व्यापक दमन गरियो । त्यो प्रतिकूल परिस्थितिमा मजदुर आन्दोलन एकदम कमजोर भएर गयो । कैयौँ देशमा मजदुर संगठनहरु वीच फुट भयो । मार्क्सले पेरिस कम्युनलाई समर्थन गरेको हुनाले इगलैण्डका सवैजसो मजदुर नेताहरुले अन्तर्राष्ट्रियवाट राजीनामा दिए । अन्तर्राष्ट्रियभित्र मुख्य मार्क्सवादीहरु र वाकुनीनवादीहरुका विचमा भित्री पार्टी संघर्ष एकदम चर्केर गयो । सेप्टेम्वर १८७२ मा हेगमा भएको पाँचौ महाधिवेशनमा त्यो मतभेदले संगठनात्मक रुप लियो । महाधिवेशनको वहुमतको निर्णयअनुसार वाकुनीनवादीहरुलाई प्रथम अन्तराष्ट्रियवाट निकालियो । तर उनीहरु त्यो निर्णय मान्न तयार भएनन् र समानान्तर अन्तर्राष्ट्रिय गठन गरेर काम गर्न थाले ।

हेग महाधिवेशनको निर्णय अनुसार प्रथम अन्तर्राष्ट्रियको हेडक्वार्टर अमेरिकामा सर्‍यो । त्यहाँ त्यसले केहि वर्षसम्म करिव करिव राष्ट्रिय संस्थाले झैं काम गर्‍यो । त्यसको अन्तिम महाधिवेशन फिलाडेल्फीया अमेरिकामा भयो । त्यसमा जर्मनीका १ जना र अमेरिकाका १० जना प्रतिनिधिहरु थिए । १८७४ मा भएको त्यो महाधिवेशनले अन्तर्राष्ट्रिय मेहनतकश जनताको जनरल काउन्सिललाई विघटन गर्ने निर्णय गर्‍यो ।

## ५.रुसी अक्टोवर क्रान्ति

सन १९१४को शुरुवातसँगै मानव जातिले पहिलो विश्वयुद्धको सामना गर्नुपर्‍यो । प्रथम विश्वयुद्ध आफैमा एउटा युगान्तकारी परिघटना थियो, जसले सिंगो मानवजातिकै सामु एउटा विशिष्ट प्रश्न खडा गरिदियो । त्यतिवेला युरोपमा एउटा उदाउँदो आन्दोलनका रुपमा कम्युनिष्ट आन्दोलन देखापर्ने सम्भावनाहरु मौजुद थिए । पेरिस कम्युनको असफलतापछि विश्वमा सर्वहारावर्गको तागतले सत्ता कायापलट गर्ने खालको आन्दोलन गर्न नसकिरहेको अवस्थामा सन् १९१७ मा रुसमा अक्टोवर क्रान्ति भएको थियो । विश्वयुद्धको हाराहारीमा रुसी क्रान्तिले चर्चा पायो,जुन स्वभाविक पनि थियो ।

शुरुमा वोल्सेभिकहरुले अस्थायी सरकारप्रति सकारात्मक दृष्टिकोण राखे तर केरेन्सी सरकारले वोल्सेभिकमाथि दमनचक्र चलाउँदै लग्यो । यसैवीच भुमिगत रुपमा वोल्सेभिकहरुले छैठौ महाधिवेशन गरे,जसले सशस्त्र विद्रोहको तयारी गर्ने र परिस्थितिलाई पर्खने नीति लियो । केरेन्सी र उसको प्रधान सेनापतिले सैनिक दमन गर्ने नीति लिए । प्रधानसेनापति कार्नोलोव आफैलाई तानाशाह घोषणा गर्न चाहन्थ्यो,जसका लागि अगष्ट २१-३१,१९१७ मा उसले पेट्रोगार्डमा सैनिक टुकडी जम्मा गर्न थाल्यो तर त्यो प्रयास असफल भयो ।

सन् १९१७ को वसन्त कृतुमा लेनिनले फिनल्याण्डवाट भेष वदलेर पेट्रोगार्डस्थित १३२सर्दोवोल्सकाया सडकमा वनेको एउटा घरमा भूमिगत रुपले वसेर विद्रोही दस्ताको मुख्यालय वनाउने,नाटकघर,टेलिफोन केन्द्र,रेल्वे स्टेशन कव्जा गर्ने र सरकार तथा वदनाम सैनिक जर्नेललाई गिरफ्तार गर्ने योजना वनाए । पेट्रोगार्ड ग्यारिजनका क्रान्तिकारी सैनिक,वान्टिक जहाजका ठुलठुला नौसैनिक तथा लालसेनाको मिलिजुली फौजले क्रान्तिकारी सैनिक केन्द्रको नेतृत्वमा विद्रोहको तयारी गर्‍यो । सैन्य व्युरोको प्रमुखमा लियोन ट्राटस्की थिए भने लेनिनका विश्वासिला सहयोगीहरुमा स्टालिन,ववुरोव,दफ्रेरफ्रिस्की,स्वर्दलव र उरित्स्की आदि थिए । उक्त विद्रोहमा ४० हजार क्रान्तिकारीहरुले हतियार उठाए । मजदुर किसानले कारखाना र जमिनमाथि आफ्नो नियन्त्रण कायम गर्न शुरु गरे ।

२४ अक्टोवरसम्ममा क्रान्तिको मुख्यालय स्मोल्नी इस्टिटपुरमा सवै तयारी पुरा भैसकेको थियो । त्यसै दिन सरकारले क्रान्तिकारीहरुको मुखपत्र रोविनपुटको प्रेसमा छापा मार्‍यो । २४-२५ अक्टोवरको रातमा एक एक केन्द्रीय डाँकघर,निकोलाभेवस्की रेल्वे

स्टेशन,विजुलीघर इत्यादिमाथि क्रान्तिकारीहरुले कव्जा गरे । २५ अक्टोवरदेखि २ नोभेम्वरसम्मको भीषण संघर्षपछि मस्को कव्जा भयो । २५ अक्टोवरको विहान वैंक,वारासा रेल्वे स्टेशन र टेलिफोन एक्स्चेन्ज कव्जा भयो । नेवा नदिमा विद्रोहीलाई सहयोग गर्ने नौसैनिकहरुको युद्धपोत अर्वेश आएपछि केरेन्स्कीकावे मुख्यालय सिधै तोपहरुको मरुभूमि वन्यो ।

२५ अक्टोवरमा क्रान्तिकारी सैनिक मुख्यालयले रुसी नागरिकका नाममा एक अपिल प्रकाशित गर्‍यो । २६ अक्टोवरको राती सोभियतहरुको दोस्रो अखिल रुसी कांग्रेस भयो,जसले भुमि र शान्ति सम्वन्धी विज्ञप्ती प्रकाशित गर्‍यो । लेनिन सरकार प्रमुखमा चुनिए ,उद्योगहरु राष्ट्रियकरण गरिए ,शोषकहरुको भोट हाल्ने अधिकार खोसियो । सन् १९२२ सम्ममा सम्पूर्ण रुसमा वोल्सेभिक सत्ता कायम भई सोभियत संघ वन्यो । यसरी रुसमा पूँजीवादी क्रान्ति अर्थात फेव्रुअरी क्रान्ति भएको ७ महिनापछि समाजवादी क्रान्ति अर्थात अक्टोवर क्रान्ति सम्पन्न भयो ।

रुसी क्रान्तिले मानवजातिलाई आफ्नो मुक्तिको वाटोमात्र देखाएन,पूँजीवादी लुटको विश्वमा समाजवादको अनिवार्य उदयलाई समेत व्यवहारिक रुपमा प्रस्टायो । जुन वेला रुसमा क्रान्ति भएको थियो,त्यस समयमा विश्व कम्युनिष्ट आन्दोलनमा दोस्रो इन्टरनेशनलको समय थियो । पहिलो कम्युनिष्ट इन्टरनेशनलको विघटनपछि फ्रेडरिक एंगेल्स कै पालामा दोस्रो इन्टरनेशनलको स्थापना भएको थियो । सन १९०५ मा फ्रेडरिक एंगेल्सको मृत्यु भएपछि त्यसका नेता कार्ल काउत्स्की थिए । कार्ल काउत्स्की जर्मन सामाजिक जनवादी पार्टीका नेता मात्र नभएर दोस्रो कम्युनिष्ट इन्टरनेशनलका समेत नेता थिए । एंगेल्स जीवित रहुन्जेल उनी एंगेल्सका साथी पनि थिए । तिनै काउत्स्कीसँग पहिलो विश्वयुद्धलाई हेर्ने विषयमा लेनिनको चर्को अन्तरविरोध पर्‍यो । पार्टी निर्माणका क्रममा मेन्सेभिक र मार्तोवसँग लेनिनको चर्को अन्तरविरोध रयो । रुसी क्रान्ति सम्पन्न गर्ने लगायत कैयौं सवालमा लेनिनको मेन्सेभिकहरु मुख्यतःमार्तोव ,प्लेखानोव जस्ता रुसी मार्क्सवादी दर्शनशास्त्रीहसँग मतभेद रयो । लेनीनको मृत्युसँगै उनले आफ्नो जीवनका आखिरी दिनहरुमा लेखेका अन्तिम प्रश्नहरुमा उल्लेख गरे झैं पार्टी जीवनमा धेरै समस्या र जटिलताहरु थपिए । पार्टीमा दुईजना प्रभावशाली नेताहरु स्टालिन र ट्राटस्कीवीच ठुलो अन्तरसंघर्ष भयो ।

### ५.१ वोल्सेभिक -मेन्सेभिक विवाद

नोभेम्वर,१९०३ मा रुसमा छरिएर रहेका सोसल डेमोक्र्याटहरु महाधिवेशनका निम्ति लण्डनमा जम्मा भए । यसै महाधिवेशनमा रुसी सोसल डेमोक्र्याटहरुवीच चर्को मतभेद देखापर्‍यो । लेनिन र उनका सहकर्मी मार्तोववीचमा रुसी सामाजिक जनवादी पार्टीका सदस्यहरुका निम्ती शर्तहरु के के हुने भन्ने विषयमा प्रस्ट रुपमा मतभेदहरु देखापरे । लेनिन एउटा नयाँ किसिमको पार्टी निर्माणका गर्नुपर्छ भनिरहन्थे । लेनिनको विचारमा संगठनको प्रश्न विचार र सिद्धान्तको केन्द्रीय प्रश्न थियो । लेनिन एउटा जुझारु,सशक्त,फलामे अनुशासनमा बाँधिएको पार्टी निर्माण गर्ने पक्षमा थिए तर उनका सहकर्मी मार्तोव लगायतका केही व्यक्तिहरु त्यस्तो पार्टी निर्माणको विपक्षमा थिए ।

लेनिनले उक्त महाधिवेशनमा एउटा पार्टी सदस्यले केही निश्चित सर्तहरु पालना गर्नैपर्छ निम्न सर्तहरु अगाडि सारेका थिए :

- पार्टी सदस्यले पार्टीका कार्यक्रमहरु स्वीकार गर्नैपर्ने छ ।
- प्रत्येक पार्टी सदस्यले पार्टीलाई नियमित रुपमा लेवी वुझाउनैपर्छ ।
- प्रत्येक पार्टीको सदस्यले कुनै न कुनै कमिटीमा वसेर नियमित रुपमा पार्टीका निश्चित कामहरु गर्नैपर्छ ।

यी माथिका सर्तहरुमध्ये मुलतः प्रत्येक पार्टी सदस्यले पार्टीको कुनै न कुनै कमिटिमा रहेर पार्टीले तोकेको निश्चित जिम्मेवारी पुरा गर्नुपर्छ भन्ने सर्तमा मार्तोवको असहमती थियो । महाधिवेशनले लेनिनका पक्षमा फैसला गर्‍यो । अर्थात लेनिनहरुले वहुमत प्राप्त गरे । त्यसै समयदेखि लेनिनहरु वोल्सेभिक कहलिए भने मार्तोवहरु मेन्सेभिक कहलिए । रुसी भाषामा वोल्सेभिक भनेको वहुमत र मेन्सेभिक भनेको अल्पमत हो । शुरुका चरणमा संगठनको प्रश्नमा केन्द्रीत जस्तो देखिएको वोल्सेभिक र मेन्सेभिकवीचको विवाद सारतः सैद्धान्तिक वहस पनि थियो । प्लेखानोभ सहित मेन्सेभिकहरु रुसमा हुने क्रान्ति पुँजीवादी जनवादी क्रान्ति हुनेछ र त्यसको नेतृत्व पूँजीपति वुर्जुवा वर्गले गर्नेछ,त्यसमा सर्वहारावर्गले सहयोगीको भूमिका मात्र निर्वाह गर्नेछ भन्ने सैद्धान्तिक वुझाई राख्दथे र उनीहरुको व्यवहार पनि सोही अनुकूलको थियो । लेनिन रुसमा हुने क्रान्ति पूँजीवादी जनवादी क्रान्ति नै हुनेछ भन्ने मेन्सेभिकहरुको सैद्धान्तिक वुझाईमा सहमत भएपनि उनको फरक धारणा कहाँ थियो

भने रुसमा वुर्जुवा पुँजीवादी शक्ति कमजोर भएकाले त्यसले क्रान्तिको नेतृत्व गर्न सक्ने छैन र क्रान्तिको नेतृत्व सर्वहारा वर्गले नै गर्दछ र गर्नुपर्दछ । लेनिनको यस सैद्धान्तिक निष्कर्षमा मेन्सेभिकहरु सहमत थिएनन् ।

**६.चिनियाँ जनवादी क्रान्ति**

मई १९२० मा छन् त श्युद्वारा चीनमा पहिलो कम्युनिष्ट समूहको स्थापना भयो । त्यसको केहि समय पश्चात ली ताओले पेकिङमा, माओ से तुङले हुनानमा र तुङ पिनले उहानमा कम्युनिष्ट समुह निर्माण गरे । यसका साथै त्यसताका चिनन्,क्याङ चओ,जापान र पेरिसमा समेत चिनियाँ कम्युनिष्ट समुहहरु  निर्माण भएका पाईन्छन् । जुलाई १९२१मा संघाईमा चिनियाँ कम्युनिष्ट पार्टीको पहिलो राष्ट्रिय कांग्रेसको आयोजना गरियो,जसमा माओ,तुङपिन,छन् चान छयु,इसु हङ,वाङ चिन मई,तङ अनमिङ,लिता ली हान च्युन पाओ,कुङ यो,चओ फोहाए,चाङ क्यो थाओ र ल्यु इन सहित १३ प्रतिनिधिहरुले देशका करिव ५० कम्युनिष्ट समुहरुको प्रतिनिधित्व गर्दै भाग लिएका थिए । त्यस सम्मेलनवाट छन् त श्यु महासचिवमा चुनिए ।

जुलाई १९२२ मा संघाईमा चिनियाँ कम्युनिष्ट पार्टीको दोस्रो राष्ट्रिय कांग्रेस सम्पन्न भयो । त्यसपछि १९२३ मा पार्टीको राष्ट्रिय कांग्रेसले डा.सन् यात् सेनले स्थापना गरेको राष्ट्रिय पार्टी कोमिङताङलाई सहयोग गर्ने निर्णय गर्‍यो ।

१९२६ मा चिनियाँ कम्युनिष्ट पार्टीले उत्तरी अभियान शुरु गर्‍यो । उत्तरी अभियान सँगसँगै अक्टोवर,१९२६ मा पहिलोपटक ४ महिनापछि फेव्रुअरि १९२७ मा दोस्रोपटक,चाओ एन लाईको तेस्रोपटक र त्यसको एक महिनापछि २१ मार्च १९२७ मा चौथोपटक कम्युनिष्टहरुले विद्रोह गरे । संघाई मजदुरहरुले ३० घण्टासम्म लामो संघर्ष गरी शहर मुक्त भएको घोषणा गरे । २४ मार्च ,१९२७ मा उत्तरी अभियान सेनाले चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा नानचिङमाथि तोपगोला वर्साउन थाल्यो । दुईहजारको मृत्यु भयो तर विद्रोह असफल भयो । त्यस अवधिमा ११ महिनाका वीच ५ पटक सशस्त्र विद्रोह भए तर ती असफल नै रहे । छन् त श्युको लाईन असफल भएपनि १० औं हजार प्रतिक्रियावादी सेना भने सखाप भए ।

१२ अप्रील,१९२७ मा च्याङ काइ सेकले प्रतिक्रान्तिकारी विद्रोह गर्‍यो । अप्रिलको भीषण दमनपश्चात उसले नानचिङमा आफ्नो सरकार कायम गर्‍यो । विद्रोहीहरुले हार

खाएनन् वरु अगाडि वढि नै रहे । ३ महिनापछि १ अगष्ट,१९२७ मा चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको उत्तरी अभियान सेनाका ३० हजार सेनाहरुले च्याङसी प्रान्तको नानचिङ शहरमा विद्रोह गरे । उक्त सेनाको नेतृत्व चाउ एन लाई,चु तेह,हो लूङ ये थिङ ल्यु पो छङ आदिले गरेका थिए । उक्त विद्रोहमा पनि १० हजारभन्दा वढि प्रतिक्रियावादी सेनाहरु सखाप भए । अक्टोवरको शुरुमा दुश्मनको घेरामा परेर कम्युनिष्ट पार्टीले ठुलो क्षति वेहोर्‍यो । यस्तो अवस्थामा पार्टीको केन्द्रीय समितिले हुनान च्याङसी शरद फसल विद्रोहको नेतृत्व गर्न माओलाई पठायो । सफल नहुने निश्चित देखिइसकेपछि १ अगष्ट १९२७ मा माओको पहलमा विद्रोह स्थगित भयो । अक्टोवरमा लालसेना माओको नेतृत्वमा चिङकाङशानको पहाडी क्षेत्रमा आइपुथ्यो ।

त्यसवेलाको पार्टी ठुलो शहर कव्जाको नीतिका साथै निर्मम संघर्ष र निष्ठुर प्रहारको रणनीति अपनाइरहेकै वखत माओलाई सेनाको नेतृत्वदायी पदवाट मुक्त गरियो । अक्टोवर १९३३ देखि च्याङ काई सेकले 'घेरा हाल र नष्ट गर' अभियान शुरु गर्‍यो । भिषण प्रतिरोध भएपनि गलत फौजी कार्यनीतिका कारण पार्टी असफल भई ठुलो क्षति व्यहोर्न वाध्य भयो ।

यस्तै क्रममा अगाडि वढ्दै जाँदा २३ अप्रील १९४५ देखि एनानमा चिनियाँ कम्युनिष्ट पार्टीको सातौं कांग्रेस शुरु भयो जसमा ७ सय ५२ प्रतिनिधि र ८ वैकल्पिक प्रतिनिधिहरु सहाभागी थिए । त्यसवेला चिनियाँ कम्युनिष्ट पार्टीसँग १२ लाख १० हजार सदस्य थिए । ११ जुन,१९४५ मा सम्पन्न उक्त महाधिवेशनले **साहसकासाथ जनसमुदायलाई गोलवन्द गरौं,जापानी आक्रमणकारीहरुलाई पराजित गरौं र नयाँ चीनको स्थापना गरौं** भन्ने मुल नारा पारित गर्‍यो । पार्टीको नयाँ विधानले पार्टी प्रमुखमा अध्यक्ष रहने व्यवस्था गरे अनुरुप माओ त्से तुङ अध्यक्षमा निर्वाचित भए ।

१९४५ मा रुसी राष्ट्रप्रमुख स्टालिनले चिनियाँ जनताको देशभक्तिपूर्ण संघर्षलाई सघाउन जापानविरुद्ध आक्रमण थालेपछि अन्ततः जापानी साम्राज्यवाद चीनवाट हात भिक्न वाध्य भयो । राष्ट्रनिर्माण र गुहयुद्धको अन्त्यका लागि माओले च्याङ काई सेकसँग शान्तीवार्ता गरि छुङकिङ सम्झौता गरे तर वेइमान च्याङ काई सेकले पुनः धोका दियो । उनले २७ जुन १९४६ मा फेरी मुक्त क्षेत्रमाथि आक्रमण गर्‍यो । त्यसवेला च्याङ काई सेकसँग ४३ लाख सेना थियो भने चिनियाँ जनमुक्ति सेना जम्मा १२ लाख मात्र थिए । १९४७ देखि जनमुक्ति सेनाले राष्ट्रव्यापी रुपमा प्रत्याक्रमण शुरु गर्‍यो । यस क्रममा जनमुक्ति सेनाले ३ वटा ठुला फौजी अभियान सञ्चालन गर्‍यो । १४२ दिनसम्म सञ्चालित

उक्त अभियानमा च्याङ काई सेकका १५ लाख ४० हजार सैनिक तहस नहस भए । २ जुन १९४९ मा १० लाख जनमुक्ति सेना छाङच्याङ नदि पार गर्दै दक्षिणतर्फ अगाडि वढेर २३ अप्रीलमा प्रतिक्रियावादीको केन्द्र नानचिङलाई मुक्त पारे । त्यसपछि क्रमशः वचेखुचेका प्रतिक्रियावादी इलाका मुक्त गर्दै लगाडि वढे । च्याङ काई सेक वचेखुचेको शक्ति लिई भागेर ताइवान प्रान्त पुग्यो । यसै आधारमा अहिलेसम्म पनि साम्राज्यवादी अमेरिका ताइवानलाई छुट्टै राष्ट्रको मान्यता दिन उद्धत छ । यसरी १ अक्टोवर १९४९ मा एक भव्य र विशेष समारोहवीच अध्यक्ष माओले जनवादी गणतन्त्र चीनको औपचारिक घोषणा गरेका थिए

### ७.सर्वहारावर्गको राजनीतिक पार्टी

समाजको सवैभन्दा शोषित र उत्पीडित, समाजको सवैभन्दा प्रगतिशील, क्रान्तिकारी र समाजको अन्तिम वर्ग भनेकै सर्वहारा वर्ग हो । यसैको संगठित तागतले मात्र संसारभरीको शोषण, उत्पीडन, थिचोमिचो र समस्त मानवजातिको वीचमा रहेका तमाम पर्खालहरुलाई भत्काउदैं भावी साम्यवादी समाजसम्म पुग्न सकिन्छ । सर्वहारा वर्गको राजनीतिक पार्टीमा अन्य वर्गका (किसान,व्यापारी,मध्यवर्ग,पुंजीवादी,धनीकिसान) प्रतिनिधिहरु पनि समावेश हुन सक्छन् । तर,उनीहरुले आफ्नो वर्गको चिन्तन,संस्कृति लगायतका चिजहरु छाड्नुपर्ने छ (शर्मा,२०६३) ।

### ८.राज्यसत्ता सम्वन्धी मार्क्सवादी अवधारणा

वर्गीय समाजमा निर्माण हुने दुनियाको कुनै पनि राज्यसत्ताले समाजमा रहेका दुई आधारभुत भिन्न वर्ग (दास र मालिक, किसान र जमिन्दार, मजदुर र पूँजींपति) को समान हितको प्रतिनिधित्व गर्न सक्दैन । राज्यसत्ता स्वयंव वर्गको उपज भएकोले त्यसले मात्र वर्गीय हितको प्रतिनिधित्व गर्छ । अतः यो ध्रुवसत्य छ कि संसारवाट वर्गको समाप्ती संगसंगै राज्यसत्ता र शस्त्रवलको अस्तित्व पनि स्वतः समाप्त भएर जानेछ । तत्पश्चात राजनीतिक पार्टीको अस्तित्व पनि सिद्धिने छ । यसले के कुरा वुझाउंछ भने राजनीतिक पार्टीको अस्तित्व वर्गसंग सम्वन्धित छ र राज्यसत्ताको अस्तित्व पनि वर्गसंग नै सम्वन्धित छ । के भन्न सकिन्छ भने राजनीतिक पार्टी, राज्यसत्ता र शस्त्रवल सवै वर्ग उत्पत्तिका उपज हुन् र वर्गको निषेध संगसंगै यी अन्य सवैको निषेध पनि अपरिहार्य छ (शर्मा,२०६३) ।

## ९.एसियामा कम्युनिष्ट आन्दोलनको उद्‌भव र विकास

रुसी भुभाग युरोप देखी एसियासम्म फैलिएको स्थितिमा युरोप तथा एसियामा एकैचोटी साम्यवादी क्रान्ति सम्पन्न भएको मान्न सकिन्छ । स्वयं कार्ल मार्क्सले एशियाका दुई विशाल देशहरु चीन र भारतको अनेक पटक चर्चा गरेका थिए । एशियामा व्रिटिस साम्राज्यको उत्पीडननै क्रन्तिको एउटा महत्वपूर्ण उपकरण हुनछ भन्ने मार्क्सको विश्वास थियो । लेनिनले “रुसको ई १९०५ को जनवादी आन्दोलनले भारतलाई पनि प्रभावित तुल्याएको छ र यसले अन्तत एशियालाई नै जागृत पारेको छ ।” भनेको थिए । एशियामा अधिकांश कम्युनिष्ट पार्टीहरु ती देशमा चलेका राष्ट्रिय आन्दोलनका क्रममा नै स्थापना भएका थिए । एशियाका विभिन्न देशहरुमा अत्यन्त पिछडिएका जनतामाथि सामन्ती शोषण तथा निरंकुशता लादिएको थियो । अतःजनताले अधिक दिनसम्म त्यसको पीडा खपिरहनु सम्भव थिएन । त्यसमाथि विदेशी साम्राज्यवादीहरुको घोर उत्पीडन थपिएपछि त एशियाका जनताले त्यसलाई सहेर वस्ने कुरा अस्वभाविक जस्तै भैसकेको थियो । त्यसैले एशियामा कम्युनिष्ट आन्दोलनको प्रादुर्भाव ती देशमा विद्यमान सामाजिक अन्तर्विरोधका विचमा पैदा भएको भएता पनि यहा कायम रहेको औपनिवेशिक उत्पीडनले कम्युनिष्ट आन्दोलनलाई अझ वढी गतिशील तुल्याएको दखिन्छ । एशियामा अग्रेज उपनिवेशको प्रभाव नपरेको प्राय कुनै पनि देश थिएन । पछि अमेरिकी साम्राज्यवाद पनि यस होडमा होमिन गयो । चीन त झन् साम्राज्यवादी देशहरुको लुटको केन्द्र नै वनेको थियो । त्यहां आठ दसवटा उपनिवेशवादी देशहरुको भागवण्डाका लागि संघर्ष थियो । वास्तवमा यिनै साम्राज्यवादी हस्तक्षेपका विरुद्ध चिनिया जनताले उठाएको आवाजवाट नै चीनमा राष्ट्रियताको लहर उम्लिदै आयो । यही राष्ट्रिय जागरणका कारण एशियामा कम्युनिष्ट आन्दोलनको पृष्ठभूमि तयार हुदैं गएको हो । (के.सी.,२०६४)

चीनमा मार्क्सवादको प्रभाव वढ्दै जानुमा रुसी क्रान्ति नै मुख्य कारण रहेको दखिन्छ । यस क्रान्तिले चिनिया वुद्धिजीविहरुलाई मार्क्सवाद लेनिनवाद र अक्टुवर क्रान्तिको अध्ययन गर्ने प्रेरणा प्रदान गर्‍यो र सर्वप्रथम त्यहांको सर्वहारा वर्गले सामन्तवाद तथा साम्राज्यवादको विरुद्ध ई.१९१९ को ४ मई आन्दोलनमा भाग लियो । अन्तत ई.१९२१ जुलाई १ का दिन चीनमा कम्युनिष्ट पार्टीको स्थापना भयो । उता भारतीय वुद्धिजीविहरु पनि ई.१९२० को दशकदेखि नै कम्युनिष्ट अन्तर्राष्ट्रिय सँग निकट सम्पर्कमा रहेको देखिन्छन् । तेस्रो अन्तर्राष्ट्रियको दोस्रो महाधिवेशनमा भारतीय कम्युनिष्ट एम.एन. राय, मेक्सिको

कम्युनिष्ट पार्टीका प्रतिनिधिका रुपमा सहभागी वनेका थिए भने भारतीय क्रान्तिकारी संघका तर्फवाट एम.पी.टी. आचार्यले भाग लिएका थिए । देशभित्र व्याप्त औपनिवेशिक एवं सामन्ती उत्पीडन तथा वढ्दो साम्राज्यवाद विराधी आन्दोलन देश वाहिर भएको प्रथम विश्वयुद्ध एवं अक्टोवर समाजवादी क्रान्तिको प्रभावले भारतीय वुद्धिजीविहरु पनि मार्क्सवादी विचारधारावाट प्रभावित हुन थाले । यसै विच ई.१९२० को अक्टोवर १७ मा ताशकेन्दमा भारतीय कम्युनिष्ट पार्टीको स्थापना भएको थियो (के.सी.,२०६४) ।

एशियामा राज्यसत्ता कव्जा गर्ने प्रथम कम्युनिष्ट पार्टी चाहिं ई.१९२० मा स्थापित मंगोलियन पिपुल्स् रिभोल्युसनरी पार्टी थियो । जसले ई.१९२४ मा मंगोलियामा पहिलो पल्ट समाजवादी शासन व्यवस्था स्थापित गर्‍यो । त्यसपछि राज्यसत्ता प्राप्त गर्ने अन्य एशियाली कम्युनिष्ट पार्टीहरुमा भियतनाम (ई.१९४५), उत्तर कोरिया (ई.१९४६) र चीन (ई.१९४९) प्रमख छन् । एशियामा कम्युनिष्ट पार्टीहरुको स्थापनाक्रम चाहिं यसप्रकार भएको पाईन्छ : मंगोलियन पिपुल्स् रिभोल्युसनरी पार्टी र ईन्डोनेसियामा कम्युनिष्ट पार्टी (ई.१९२० ),भारतीय कम्युनिष्ट पार्टी (ई.१९२०), चिनियां कम्युनिष्ट पार्टी (ई.१९२१), जापान कम्युनिष्ट पार्टी (ई.१९२२), कोरियन वर्कस पार्टी (ई.१९२५), भियतनाम वर्कस पार्टी र फिलिपाइन कम्युनिष्ट पार्टी (ई.१९३०), मलेशियन कम्युनिष्ट पार्टी (ई.१९३१), सिलोन कम्युनिष्ट पार्टी (ई. १९४०), वर्मा कम्युनिष्ट पार्टी (ई.१९४३) र कम्वोडिया कम्युनिष्ट पार्टी (ई.१९४५) । यसैक्रममा एशियामा सवैभन्दा पछिल्लो कम्युनिष्ट पार्टीका रुपमा ई.१९४९ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको थियो (के.सी.,२०६४) ।

# अध्याय तीन

# नेपालमा कम्युनिष्ट पार्टीको विकास

## क.पार्टी गठनको ऐतिहासिक पृष्ठभूमि

### १.आधार र प्रेरणाका श्रोत

- मुलुकमा अंग्रेज नियन्त्रित जहानिंया राणाशाहीको चर्को शोषण दमन ।
- राणाशाहीविरोधी आन्दोलनहरु । जस्तै प्रचण्ड गोर्खा,शहीदपर्व, विराटनगर मजदुर आन्दोलन, जयतु संस्कृतम् आदि ।
- राष्ट्रियता र प्रजातन्त्रको निम्ति साँचो अर्थमा लड्ने पार्टीको अभाव ।
- अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको विकाश र विस्तार ।
- अक्टुवर क्रान्ति र दोस्रो विश्वयुद्धमा कम्युनिष्टहरुको प्रभावकारी भूमिका ।
- चीनको जनवादी क्रान्ति र भारतीय स्वतन्त्रता संग्राम । (के.सी. २०६५)

समग्रमा,दोस्रो विश्वयुद्धपछि विश्वव्यापी रुपमा देखापरेको समाजवादी क्रान्तिको लहर, भारतमा व्रिटिस साम्राज्यवादको पतन,सोभियत संघ लगायतका कैयौ मुलुकहरुमा समाजवादी राज्यसत्ताहरुको निर्माण, छिमेकी मुलुक चीनमा क.माओ त्से तुङको नेतृत्वमा विजयको सन्निकट पुगिरहेको नयां जनवादी क्रान्ती र त्यसले नेपालमा पारेको राजनीतिक प्रभाव, दक्षिणी छिमेकी भारत वर्षमा कम्युनिष्ट पार्टीको राम्रो प्रभाव आदि वाहिरी कारणहरु ने.क.पा. गठनका निम्ती आधारहरु रहेपनि देशमा राणाहरुको जहानिया शासन, उनीहरुद्धारा नेपाली जनतामा गरिएको दमन, शोषण र उत्पीडनको कारणवाट नेपाली जनतामा उठिरहेको व्यापक असन्तोष, विराटनगरका मजदुरहरुद्धारा गरिएको हड्ताल, स्वतन्त्रताको पक्षमा लडिरहेका शुक्रराज शास्त्रीसहितका योद्धाहरुलाई दिईएको मृत्युदण्ड, देशमा विविध पार्टीहरुको गठनको प्रक्रिया र संघर्षहरुको उठान आदि आन्तरिक कारणहरुको पृष्ठभुमिमा नै नेपाल कम्युनिष्ट पार्टीको गठन भएको थियो ।

## ख.नेपालमा साम्यवादी आन्दोलनको पृष्ठभूमि

एशियाका दुई विशाल राज्य भारत र चीनका विचमा रहेको भुपरिवेष्ठित राज्य नेपाल ऐतिहासिकलदेखि नै यी छिमेकी देशहरुवाट कुनै न कुनै रुपमा प्रभावित हुँदै आएको हुँदा मुलुकमा पनि साम्यवादी आन्दोलनको सुत्रपात पनि यिनै देशको प्रभाववाट भएको हो । तर नेपालमा साम्यवादी सिद्धान्तको प्रवेश कहिले र कसरी भयो भन्ने सम्वन्धमा चाहि किटान गर्न सकिएको छैन । राणाकालको उदयपुर्व यस सिद्धान्तको जन्म नै भएको थिएन । (के.सी. २०६४)

नागरिकहरुलाई एकत्रित हुने र विचार अभिव्यक्त गर्ने स्वतन्त्रता नरहेको, किसान जागरणको सुत्रपात नभएको तथा मजदुर वर्गको उत्पत्ति नै भइनसकेको भएता पनि नेपाली सेनाको रुपमा भने मुलुकमा एउटा वर्ग संगठित हुँदै आएको थियो । प्रथम विश्वयुद्धमा चन्द्रशमशेरले इग्लैण्डलाई दिलोज्यानले सहयोग गर्ने नीति अवलम्वन गरेपछि धेरै नेपाली सैनिकहरु विश्वका विभिन्न भागमा युद्ध लड्न पुगे । उक्त युद्धमा कुल दुई लाख नेपाली जवानहरु अग्रेजका पक्षवाट युद्ध गर्न उपलव्ध गराईएको थियो । यसरी देशको कुल जनसंख्याको ३-४ लाख नागरिक संलग्न रहेको उक्त युद्धमा एकैचोटी नेपालीहरुको यत्रो संख्या विदेशी सम्पर्कमा पुग्यो । जसले व्यापक रुपमा रुसमा सम्पन्न सर्वहारा समाजवादी क्रान्तिको खवरलाई देशका कुना काप्चासम्म पुर्‍याएको थियो । (के.सी. २०६५)

विचारधारात्मक रुपले त्यतिवेलासम्म नेपाली समाजमा कुनै किसिमको राजनीतिक ध्रुविकरण देखापरिसकेको पाईदैन । सहिद गंगालाल त्रिचन्द्र कलेजका आई.ए. प्रथम वर्षका विद्यार्थी छँदा निजको घर खानतलासी गर्दा त्यहाँवाट साम्यवादी रचनाहरु भेटिएको देखिन्छ । त्यस्तै नेपाल प्रजा परिषदका अध्यक्ष टंक प्रशाद आचार्य नेपालमा जनक्रान्ति हुनुपर्छ भन्ने पक्षमा रहेका, वि.स. २००७ साल पछिको प्रारम्भिक अवस्थामा पनि उनी कम्युनिष्ट पार्टीको नजिक रहेका तथा प्रजा परिषदको नेपाल कम्युनिष्ट पार्टीसँग कार्यगत एकता नै कायम भएका घटनाहरुको अध्ययन गर्दा स्वयं टंकप्रशाद आचार्य साम्यवादी विचारधारावाट प्रभावित व्यक्ति हुन भन्ने देखिन्छ । यसका साथै दसरथ चन्द्रलाई पनि साम्यवादी रचना अध्ययन गर्ने तत्कालिन व्यक्तिको रुपमा लिईन्छ । तर नेपालमा साम्यवादी रचनाको अध्ययन गर्ने प्रथम व्यक्ति चन्द्र शमसेरका ज्वाई वझांगी राजा जयपृथ्वीवहादुर सिंह हुन भनिन्छ । उनी मानवतावादी भएका कारण उनको चन्द्र शमशेरसँग असमझदारी वढ्यो र

उनले भारत स्वनिर्वासनमा जानु पर्‍यो । भारतमा उनको विख्यात मार्क्सवादी तथा लेनिनको समकालिन एम.एन.राय सँग सम्पर्क भएको पाईन्छ । आफ्नो मानवतावादी विचारको प्रचारको सिलसिलामा जयपृथ्वीवहादुर युरोपसम्म पुगेका थिए । भियनास्थित सोभियत दुतावासवाट जयपृथ्वीवहादुर सिंहले मास्को जाने राहदानी प्राप्त गर्ने कोशिस गरेका थिए र उनी मास्कोमा लेनिनसँग भेट हुन चाहन्थे । तर उनको प्रयास सफल भयो या विफल, यसवारे केहि पनि पत्ता लागेको छैन । तरपनि लेनिनलाई राजनीतिक विषयमा भेट्न एक नेपालीले वि.स.१९७८ तिर  कोशिस गरेको भने देखिन्छ ।

राणाकालको अन्त्यतिर आइपुग्दा नियन्त्रित रुपमै भए तापनि मध्यमवर्गीय परिवारमा शिक्षोपार्जनको प्रवृत्ति निकै वढेर आयो । राणा परिवारका सदस्यहरु युरोपसम्म अध्ययन गर्न जान थाले भने गैरराणा परिवारका व्यक्तिहरु भारतका विभिन्न शहरका शिक्षण संस्थाहरुमा भर्ना भए । स्वभाविकरुपमा उपर्युक्त मध्यमवर्गीय वौद्धिक समुदाय विश्वको, खासगरी भारतको  अंग्रेज विरोधी आन्दोलनसँग निकै नजिकिदै गयो । तिनीहरुले धेरै अघिदेखि नेपालको राणा शासन समाप्तीको पुर्वाधार भनेको भारतवाट व्रिटिस साम्राज्यको अन्त्य नै हो भन्ने धारणा वनाएका थिए । यस्तैमा काठमाडौको डिल्लीवजारमा एकजना विहारीलाल भन्ने व्यक्तिले शैक्षिक गतिविधि शुरु गरे । राणा शासनको कठोर दमन कालमा विहारीलालद्वारा सम्पन्न सम्पुर्ण गतिविधिको जानकारी प्राप्त नभएता पनि तत्कालिन व्यक्तिहरुसँगको अन्तर्वार्ता तथा हालसम्म प्राप्त प्रकाशित सापग्रीका आधारमा विहारीलाल मुलतः साम्यवादी विचारका प्रचारक तथा नारी शिक्षाका पक्षपाती रहेका देखिन्छन् ।

प्रचण्ड गोर्खाका संस्थापक अध्यक्ष टंक प्रसाद आचार्य आफ्नो जीवनको उत्तरार्द्धमा साम्यवादी आर्थिक ढाँचाका समर्थक र पुँजीवादी प्रजातन्त्रका विरोधी देखिन्छन् । सहिद दशरथ चन्द र गंगालाल भने मार्क्सवादी विचारवाट प्रभावित थिए भनिन्छ । नेपाल प्रजापरिषदको दमन पश्चात त्यसैको गतिलाई कायम राख्न वि.स. १९९८ को फाल्गुनमा सुर्यवहादुर भारद्धाजको सक्रियतामा नेपाल प्रजातन्त्र संघको स्थापना गरिएको थियो । जसमा पुष्पलाल, सम्भुराम, प्रेमवहादुर कंसकार, गंगालाल हलुवाई र कामक्षादेवी संलग्न थिए । त्यस वखतका उक्त संघका कार्यकर्ता तथा पछि नेपाल कम्युनिष्ट पार्टीका एकजना संस्थापक सदस्य नर वहादुर कर्मचार्यले त्यो वेला तिनीहरुले आफुलाई कम्युनिष्ट नै भन्ने गरेको, उनीहरु रुसको वोल्सेविक क्रान्तिवाट प्रभावित भएको र आफुले भैरवगोपाल वैद्यमार्फत मार्क्सवाद सम्वन्धी अध्ययन सामग्री पाउने गरेको कुरा उल्लेख गरेका छन् भने

पुष्पलालले उक्त संघको परेड गीत समाजवादी नै थियो भनि उल्लेख गरेको पाईन्छ । त्यसै ताका वि.स. १९९९ तिर भारतको दार्जलिङवाट सुर्यविक्रम ज्ञवाली, धरणीधर कोईराला, सन्तवीर लामा, सरदार निमा, डिल्लीरमण जोशी रेग्मी, विश्वस्वरप्रशाद कोईराला र शंकरप्रशाद शर्माहरु मिलेर अखिल नेपाल वर्ग महासभा को स्थापना गरेको पाईन्छ । त्यस वर्ष महासभाले मुलभुत रुपमा आफ्ना दुईवटा लक्ष्यहरु राखेको थियो । जसमा पहिलो, क्रान्तिकारी साहित्यको रचना तथा त्यको प्रचार, दोस्रो, एउटा सशस्त्र दल रक्तपात कमिटीको गठनद्वारा राणाविरोधी कारवाही शुरु गर्ने । जेहोस, देश वाहिर अखिल नेपाल वर्ग महासभा र देशभित्र नेपाल प्रजातन्त्र संघ एउटै समयमा अस्तित्वमा आएका राणाविराधी संस्थाहरु थिए जो आफ्नो उद्देश्य प्राप्तिका निम्ति कुन वाटो अपनाउने भन्ने प्रश्नमा एकप्रकारको विवादमा थिए । तैपनि एउटा कुरा के स्पष्ट थियो भने तिनीहरु रसियाको वोल्सेविक क्रान्तिवाट निकै प्रभावित थिए ।

गंगालाल हलुवाईले वि.स. २००० मंसिर २२ गते नन्दलाल, केशवलाल मानन्धर, दिवाकर राजभण्डारी र राजारामसँग मिलेर विश्व भातृ संघको स्थापना गरेका थिए जो मार्क्सवादवाट प्रेरित भएर पनि आतंकवादी क्रियाकलापमा विश्वास राख्दथ्यो भनिन्छ । वि.स. २००४ मा उक्त संस्थाको नाम साम्यवादी संघ राख्दै रुसी क्रान्तिको नीति अनुरुप काम गर्ने उद्देश्य राखिएको थियो । पछि जव वि.स. २००६ मा विधिवत नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्ने प्रयत्न हुँदा पुष्पलालले त्यस साम्यवादी संघका गंगालाल हलुवाईलाई पनि संलग्न गराउन खोज्दा कुरा नमिलेपछि सोहि वर्ष  संघको नाम नेपाल लाल कम्युनिष्ट पार्टी राखिएको पाईन्छ । २०१४ सालमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टीको दोस्रो महाधिवेशनमा लाल कम्युनिष्ट पार्टीले पर्येवेक्षकको रुपमा भाग लिन मणिकलाल श्रेष्ठ र वद्रिप्रसाद श्रेष्ठलाई पठाईएको थियो । त्यसपछि निजहरुले उक्त पार्टीलाई कम्युनिष्ट पार्टीमै मिलाउने प्रस्ताव राख्दा गंगालालले अस्वीकार गरेको देखिन्छ । त्यसरी उक्त पार्टी निष्कृयता र अकर्मण्यतासँगै वि.स. २०१७  पश्चात हराएको पाईन्छ ।

यसैक्रममा भारतसँग जोडिएको पूर्वी तराई क्षेत्रमा छिट्फुट् रुपमा राजनीतिक गतिविधी वढ्न थालेको पाईन्छ । पूर्वी नेपालको तराई क्षेत्र र विराटनगरको औधोगिक कारखानाहरुमा काम गर्ने मजदुर वर्गका वीच भारतीय कम्युनिष्ट पार्टीसँग सम्वद्ध नेपाली कम्युनिष्टहरुले आ-आफ्ना क्रान्तिकारी क्रियाकलापहरु शुरु गरिसकेका थिए । तराई क्षेत्रमा कर नतिरौं अभियान एवं कलकारखानाहरुमा हड्ताल अभियान शुरु भएका थिए । त्यसरी

स्वतन्त्र रुपले कम्युनिष्ट गतिविधिहरुमा समर्पित व्यक्तिहरुमा मनमोहन अधिकारी प्रमुख भएको देखिन्छ ।

यसै सिलसिलामा राणाशासन विरोधी आन्दोलनलाई संगठित पार्ने क्रममा वि.स. २००६ माघ १ मा कलकत्तामा नेपाली राष्ट्रिय कांग्रेसको स्थापनाको घोषणा गरिएको थियो । त्यो नै विदेशमा स्थापित प्रथम राणाविरोधी संस्था थियो जो त्यतिवेलाको एक मात्र संगठित राणाविरोधी राजनीतिक संगठन सावित भएको छ । फलस्वरुप देश तथा प्रवासका सवै राणा विरोधी विचार राख्ने व्यक्तिहरु यस संस्थामा संगठित हुन थाले । तर नेपाली राष्ट्रिय कांग्रसको कार्यकारिणी समितिले मुलुकमा प्रथमपटक उठेको राष्ट्रव्यापी सत्याग्रह आन्दोलनलाई विना उपलव्धी स्थगन गर्ने निर्णय गरेपछि त्यसमा राजनीतिक धुव्रिकरण देखिन थाल्यो । यद्यपी राष्ट्रिय कार्यकारिणीले शान्तिपुर्वक नै काम चल्ने देखेर शक्तिको क्षयलाई वचाउने ध्येयले त्यसो गरिएको भन्दै आएको छ घटनाहरुवाट उक्त भनाईको पुष्टि भएको पाइदैन । किनभने उनीहरुको भित्रि आसय त्यस्तो नभइ पूँजीपति वर्ग र उदार सामन्ती वर्गसँग मिलेमतो गरी राणा वर्गसँग सम्झौता वार्ताको माध्यमवाट समस्याको समाधान गर्न चाहने र त्यसै भित्रको अर्को पुँजिपती वर्गको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश समेतलाई मुल्यांकन गरी त्यस स्वार्थका पृष्ठपोषक पक्षसँग सांठगांठ गर्दै पार्टीलाई आफ्नो पक्षमा ल्याउन चाहने वीचको सत्ता सघर्षको असर थियो । त्यसै क्रममा राणा शासनको समुल अन्त्य गर्न चाहने क्रान्तिकारी वर्ग राष्ट्रिय कांग्रेसका नेताहरुको त्यस प्रकारको नीतिवाट असन्तुष्ट वा कुण्ठित हुन जानु स्वभाविकै हुन्थ्यो । त्यस्तै परिस्थितिमा वि.स.२००४ श्रावणमा वनारसमा आयोजित सम्मेलनको वहुमतले डिल्लीरमण रेग्मीलाई पार्टीको अध्यक्षमा चयन गर्‍यो । जेलमा वन्दी रहेको वी.पी.कोइराला र टंकप्रशाद आचार्य दुवैलाई पार्टी नेतृत्ववाट हटायो । ३ महिनापश्चात वी.पी. काठमाडौमा जेलमुक्त भए र निजले पार्टी नेतृत्वसँग सम्पर्क नै नराखी आफ्नो पदाधिकारमाथि दावा गरे । अन्तत पार्टी नै दुई भागमा विभक्त हुन पुग्यो । यसवाट वामपन्थी क्रान्तिकारीहरु नेपाली राष्ट्रिय कांग्रसप्रति झन वढि आलोचक भएर आए । नेपाली राष्ट्रिय कांग्रसभित्रको वामपन्थी धारको प्रतिनिधित्व सोही पार्टीका कार्यकारी सचिव पुष्पलाल श्रेष्ठले गरे । त्यसताका नेपाली राष्ट्रिय कांग्रेसभित्र तीन किसिमका वैचारिक प्रवृत्तिहरु थिए । उदार सामन्तवादी , संवैधानिक राजतन्त्रवादी र कम्युनिष्ट । फलस्वरुप त्यसभित्रको साम्यवादी विचार वोक्ने पक्षले पार्टीवाट राजीनामा दिई राणा वर्गसँग सम्झौताहिन संघर्ष गर्ने ध्येयले वैकल्पिक वाटो

खोज्न थाल्यो र यसै क्रममा पुष्पलालले वि.स. २००५ चैत्र २३ (अप्रिल ५, १९४९) मा विश्व प्रशिद्ध कम्युनिष्ट घोषणापत्रको नेपाली अनुवाद प्रकाशमा ल्याए । त्यो नै नेपाली भाषामा प्रकाशित प्रथम मार्क्सवादी रचना थियो । कम्युनिष्ट घोषणापत्रको प्रथम नेपाली अनुवादको अर्को वर्ष वि.स. २००६ भदौ ( सेप्टेम्वर १९४९) सँगसँगै नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र पनि जारी गरिएको थियो ।

विशेषत: जहांनिया राणा शासन पूर्णरुपेण अग्रेजका हितमा उभिएकाले त्यसको उदयपछि मुलुकमा सामन्ती शोषणका अतिरिक्त साम्राज्यवादी शोषणमा तीव्रता आयो । त्यही कारणले कम्युनिष्ट घोषणापत्रको नेपाली अनुवादको भुमिकामा पुष्पलालले भनेका छन् "नेपाली जनताको वास्तविक मुक्तिका निम्ति केवल राणा शासनको मात्र अन्त्यवाट सम्भव छैन । यसको निम्ती अंसलग्न अमेरिकी साम्राज्यवादको आड भरोसामा टिकेको सिंगो सामन्ती व्यवस्थामाथि नै प्रहार गर्नुपर्छ" ।(उद्धृत के.सी.,२०६५)

उल्लेखित सन्दर्भहरुवाट के प्रष्ट हन्छ भने राणा शासनको विरोध र कम्युनिष्ट आन्दोलनको पृष्ठभूमिको तयारीको लागि उपर्युक्त आर्थिक विषमता तथा शोषणमुलक आर्थिक सम्वन्धको स्वभाविक परिणामलाई नै कारण मान्नु वढी यथार्थसंगत हुन्छ । राणाशाहीको उदयपश्चात नै सिलसिलेवार रुपमा वदला र सत्ता प्राप्तिको निम्ति षडयन्त्रमुलक राणाशासन विरोधी कारवाहीहरुलाई छाडेर लखन थापा विद्रोह ( जंगवहादुरको समय) देखि नेपाली राष्ट्रिय कांग्रेसद्वारा परिचालित सत्याग्रह आन्दोलनसम्मको अवधिमा स्वयं नेपालको राजनीति पनि क्रमश: माथिल्लो वर्गवाट तल्लो वर्गमा सर्ने प्रक्रिया चलेको देखिन्छ । त्यही कारणले राजा राजेन्द्रको अकर्मण्यता र युवराज सुरेन्द्रको वहुलठ्ठीपुर्ण क्रियाकलापका विरुद्धमा भएको आमसभा र प्रदर्शनको नेतृत्व सामन्ती भाइभारदारहरुले लिएका थिए । वि.स. २००४ (ई. १९४७) सालमा नागरिक तथा राजनीतिक अधिकार प्राप्तिका निम्ति भएको संघर्षमा मध्यमवर्गिय शिक्षित समुदाय मैदानमा उत्रियो । तर जव यो मध्यमवर्गीय शिक्षित समुदायमा पनि वर्गीय चेतनाको विकास हुन्छ, एउटा पक्ष सामन्ती र पुँजीपति वर्गको राजनीतिक हितको प्रतिनिधित्व गर्न थाल्छ भने क्रान्तिकारी पक्ष चाहि किसान मजदुर वर्गको स्वार्थको पक्षमा लाग्दछ । मुलुकको राजनीतिमा देखापरेको यही वर्गीय ध्रुविकरणले नेपालमा कम्युनिष्ट पार्टी स्थापनाको ढोका उघारेको देखिन्छ ।

## ग.नेपाल कम्युनिष्ट पार्टीको स्थापना

### १.पार्टी घोषणापत्रको शिरमा अंकित पार्टीको परेड गीत

"पहाड पर्वत, खोला नाला जग्गा जमीन सवको

मालिक हामी, दास वनौ किन हिस्सा सवका सवको ।

मुलुकमा सर्वोच्च अधिकार जनताको हातमा हुनुपर्दछ । यसै अधिकारको आधारमा शासन व्यवस्था खडा हुनुपर्दछ । यस शासन व्यवस्थामा साम्राज्यवाद सामन्तवाद विराधी गरीव जनता मजदुर, किसान, मध्यमवर्ग र जातीय पूँजीपति सामेल हुनेछन् । यसको रुप नयाँ जनवाद हुन्छ । यसको शासन गर्ने तरिका जनताको जनवादी अधिनायकत्व यस सरकारको नीति हुनेछ । सिद्धान्तको वारेमा भनिएको छ "नेपालका सर्वहारा वर्गको पार्टी नेपाल कम्युनिष्ट पार्टीलाई पुरा तवरले थाहा छ कि मार्क्सवाद, लेनिनवाद, स्टालिन र माओत्से तुङ विचारधाराले लैस भएको पार्टीले मात्र आजको साम्राज्यवादी युगमा क्रान्तिलाई सफलतापुर्वक नेतृत्व प्रदान गर्न सक्दछ" (के.सी., २०६४)

### २.पार्टीको १२ वुंदे घोषणा पत्र

- सामन्तवादी निरंकुश राज्यसत्ता र विदेशी शोषणको जुवावाट एकदम सफाचट गरी नेपाललाई पुर्णतया वास्तविक रुपले स्वतन्त्र वनाउने ।
- मजदुर , पसिना चुहाउने किसान र शोषित तथा दलित निम्नमध्यम वर्गलाई प्रतिनिधित्व गर्न एउटा प्रजातान्त्रिक सरकारको जग वसाउने, अग्रेज अमेरिकन साम्राज्यवादीहरु र तिनका भारतीय कठपुतलीहरुसंग नाता तोडी सवै जातिको स्वतन्त्रता र शान्तिको निम्ति लडिरहेकाा प्रजातान्त्रिक राष्ट्रहरुसँग नाता जोड्ने ।
- सर्वसाधारण जनतालाई पुर्ण स्वतन्त्रतन , प्रजातन्त्र र मुल आर्थिक अधिकारहरु इत्यादिको ग्यारेण्टी दिने विधान वनाउने । यो विधान वालिग मताधिकारमा आधारित हुनेछ । विशेष अधिकार जाति पाति र साम्प्रदायिक भेदभावहरुलाई ऐन कानुनद्धारा खतम गरिदिने र यस्ता ऐन कानुनकाविरुद्ध जानेहरुलाई ऐन कानुनद्वारा सजाय दिने ।

- एक कौडी पनि हर्जाना नदिइकन जमीन्दारी तथा सामन्तवादी शोषण सम्पूर्ण प्रथाहरुलाई निर्मुल पारिदिने, उनीहरुको जग्गा जमिन खेतवारी, हलो कुटो, कोदालो र फाली वनाउने किसानहरुलाई भागवण्डा गरिदिने, गाउँ देहातका कर्जा र व्याजखोर प्रथालाई हटाइदिने, खेतालाहरुलाई वांच्नयोग्य जग्गा दिने ।
- यातायात ,वैंक, चिया वगान, खानी र उद्योग धन्दामा लागाइएका विदेशी पूँजीहरु राज्यद्धारा जफत गर्ने र यिनीहरुसंग सम्वन्धित कुराहरुको राष्ट्रियकरण गर्ने ।
- ठुला ठुला उद्योगधन्दाहरु, ठुला वैंकहरु र इन्स्योरेन्स कम्पनीहरुलाई राष्ट्रिकरण गर्ने, संस्थानहरुमा मजदुरहरुद्धारा नियन्त्रण गरिने कुराको ग्यारेण्टी दिने,मजदुरहरुलाई जिउनयोग्य ज्याला दिने, दिनमा आठघण्टाको कार्यकाल लागु गर्ने ।
- ठुला ठुला पूँजीपतिहरुलाई उद्योगधन्दाको खास खास ठाउँवाट हटाउने र देशका आर्थिक स्रोतहरुलाई विकसित तथा समृद्ध तुल्याउनका निम्ति एउटा आर्थिक योजना वनाउने ।
- दमनकारी सम्पूर्ण ऐन कानुन, शनद सवाल वरखास्त गर्ने ।
- नोकरशाही शासन प्रथा खतम गर्ने र त्यसको सट्टामा जन समितिहरुको रेख देखमा रोजिएका प्रतिनिधिहरुलाई हाकिम नियुक्ति गर्ने ।
- सर्वसाधारण जनतालाई हात हतियार दिने र जनताको प्रजातान्त्रिक फौजका गठन गर्ने ।
- विना शुल्क सवैलाई पढ्ने अधिकार दिने,प्राथमिक शिक्षा अनिवार्य रुपले सञ्चालन गर्ने।
- महिलालाई समान प्रजातान्त्रिक अधिकार वा हक दिने (शर्मा,२०६३) ।

**३.नेपाल कम्युनिष्ट पार्टीको पहिलो विधानको प्रस्तावनावाट**

नेपाल कम्युनिष्ट पार्टी नेपालको सवैभन्दा क्रान्तिकारी वर्ग मजदुर वर्गको पार्टी हो । यसका सारा कार्यक्रमका आधारभुत सिद्धान्त मजदुर वर्गका तत्कालिन र अन्तिम ध्येयले प्रेरित भएर यसैमा आधारित हुन्छन् । यस मजदुर वर्ग त्यतिन्जेल मुक्त हुन सक्दैन जव जितले उसले सारा जनतालाई मुक्त गर्न सक्दैन । यसैले नेपालको मजदुर वर्ग देशका सवै

मुक्त सामन्तवाद र साम्राज्यवाद विराधी जनताको अगुवा भएर जनताको प्रत्येक प्रगतिशिल संघर्षमा भाग लिन्छ (शर्मा,२०६३) ।

नेपाल कम्युनिष्ट पार्टी नेपालका मजदुरवर्गको संगठित अगुवा र यस वर्गको वर्ग संगठनको सर्वश्रेष्ठ स्वरुप हो । नेपालमा समाजवाद र साम्यवादको स्थापना गरेपछि नै मजदुर वर्गको अन्तिम  लक्ष्य र स्वार्थ पुरा हुने छ । तर, समाजवाद साम्यवाद निर्माणको लागि देशमा आधुनिक प्रगतिशिल आर्थिक, नैतिक, सांस्कृतिक व्यवस्थाको स्थापना र विकासमा वाधा गर्ने सामन्तवादी, साम्राज्यवादी शोषणको अन्त्य गरेर जनताका जम्मै प्रगतिशील वर्गको संयुक्त व्यवस्था जनवादी व्यवस्था स्थापना मजदुर वर्गले आफ्नै नेतृत्वमा गर्नुपर्दछ । तर, मजदुर वर्गको यो अगुवा र संरक्षकको ऐतिहासिक भुमिका पुरा गर्न हाम्रो पार्टीले आफ्नो सदस्यहरुको सैद्धान्तिक स्तरलाई निरन्तर उंभो उठाउनु पर्दछ । जनवादी केन्द्रियताको सिद्धान्तलाई पार्टी संगठनको अमुल्य सिद्धान्तका रुपमा वचाउन हामीले संधै कोशिस गर्नुपर्दछ ( के.सी., २०६५) ।

### ४. नेपाल कम्युनिष्ट पार्टीको गठन वारे पुष्पलाल

”......त्यसो भएको हुनाले नेपालका जनताले अर्कै वाटो अपनाउनु पर्दछ । त्यो वाटो हुनुपर्दछ-नेपाली राष्ट्रिय जीवनमा लादिएको सामन्त र साम्राज्यवाद तथा पूँजीवादी प्रभुत्ववादलाई सम्पूर्ण रुपले नष्ट गर्न र त्यसको निम्ती अन्तर्राष्ट्रिय जनवादी शक्तिहरुसंग सक्रिय एकता कायम गरी मजदुर वर्गका नेतृत्वमा श्रमजीवि जनताको जनवादी राज्यसत्ता कायम हुनुपर्दछ ” (शर्मा., २०६३) ।

### ५.पार्टी गठनवारे ने.क.पा.को घोषणा पत्र

“....अतः नेपालका जनताले एउटा भिन्दै बाटो लिनु पर्दछ । त्यो वाटो हो कि विश्व जनवादी शिविरसित सक्रिय मेल गरी विद्यमान सामन्ती व्यवस्था र नेपालमाथिको साम्राज्यवादी पूँजीवादी आधिपत्यलाई पुरैसित खतम गर्नु र मजदुर वर्गको नेतृत्वमा मेहेनतकस जनताको जनवादी राज्यसत्ता स्थापना गर्नु, त्यस्तो राज्य व्यवस्था स्थापना गर्नु जसमा जनता राष्ट्रको सम्पतिको मालिक हुन्छन् र त्यसलाई आफ्नै फाईदाका लागि विकसित गर्नेछन् । नेपाली जनताले जनवाद र समाजवादको प्राप्तीको निम्ति लड्नै पर्छ । समाजवादको विजयी देश समाजवादी सोभियत गणतन्त्र संघ , पुर्वी युरोपका जनवादी राज्यहरु, नयाँ चीन र उत्तरकोरिया तथा औपनिवेशिक राष्ट्रका सघर्षरत जनताका

अनुभवहरुले जसरी सर्वत्र उत्पीडित जनताहरुलाई अभिप्रेरित गरिरहेका छन्, नेपाली जनतालाई पनि दिन प्रतिदिन यस गौरवलाई संघर्षमा अघि वढ्ने प्रेरणा दिदैंछन् "(के.सी., २०६५) ।

## घ.नेपाल कम्युनिष्ट पार्टीको गठन प्रक्रिया

नेपाली राष्ट्रिय कांग्रेसवाट राजिनामा दिई मार्क्सवादी अध्ययनमा जुट्न थालेपछि ने पुष्पलाल नेपालमा कम्युनिष्ट पार्टी स्थापना गर्ने दिशामा एकाग्र भएर लागे । यस दिशाको थालनी कम्यनिष्ट घोषणापत्रको नेपाली अनुवादवाट भयो । साथै मार्क्सवादी अध्ययन मण्डलको गठन पनि यसको पृष्ठभूमि थियो । त्यसवखत भारतका विभिन्न शहरहरुमा अवस्थित कलेजहरुमा प्रशस्त नेपाली विद्यार्थीहरु अध्ययनरत थिए । वि.स. १९९२(ई. १९३५) तिर वनारसमा नेपाली छात्र संघ र वि.स. २००२( ई. १९४५) मा कलकत्तामा हिमाञ्चल विद्यार्थी संघका रुपमा तिनीहरु संगठित समेत थिए । कलकत्तामा अध्ययनरतहरुमध्ये केशरजंग रायमाझी वि.स. २००२(ई.१९४४-४५) र वनारसमा अध्ययनरतहरु मध्ये मनमोहन अधिकारी वि.स. १९९९(ई.१९४२)देखि भारतीय कम्युनिष्ट पार्टी (भाकपा)को सम्पर्कमा रहंदै आएका थिए । केशरजंग रायमाझी भाकपाको भातृ संगठन विद्यार्थी फेडेरेशनका सदस्य र उल्लेखित हिमांचल विद्यार्थी संघको मेडिकल कमिटीका सचिव समेत थिए । त्यसैले उनी अध्ययनरत क्याम्पवेल मेडिकल स्कुलको छात्रवास ( जहां उनी वस्दथे ) मा मार्क्सिस्ट स्टडी सर्कल को गठन गर्ने प्रक्रियाको थालनी गरियो । तर रायमाझीले त्यस वर्ष चिकित्साशास्त्रको वार्षिक परिक्षा दिनुपर्ने भएकाले उक्त कार्य क्याम्पवेल मेडिकल स्कुलवाट कलकत्ताको हरिश्चन्द्र रोडमा सारियो । शीघ्र नै स्टडी सर्कलको कामले भारतव्यापी रुप लियो । भारतमा अध्ययनरत अधिकांश युवकहरु यसमा आवद्ध हुन थाले । साथै भारतकै विभिन्न क्षेत्रहरुवाट नेपालतर्फ पनि सम्पर्क बढाईयो । वनारसवाट पाल्पा, कलत्तिवाट काठमाडौ, दार्जलिङवाट झापा, मोरङ र इलाम तथा वर्मासम्म पनि सम्पर्क वढाईयो (के.सी., २०६४) ।

स्टडी सर्कलसंग आवद्ध एक व्यक्तिका अनुसार उल्लेखित रुपमा स्टडी सर्कल हरुको गठन भइरहेकै अवस्थामा पुष्पलालले अप्रत्याशित ढंगवाट उक्त सर्कल मा सम्वद्ध नरहेका मानिसहरुलाई चाहि लिएर कम्युनिष्ट पार्टी गठन भएको खवरले हामी सवैलाई चकित पार्‍यो । कुनै पनि कम्युनिष्ट पार्टीको गठन गर्नुभन्दा पहिला मार्क्सवादी अध्ययन मण्डलको गठन गरी त्यसवाट प्रशिक्षण प्राप्त व्यक्तिहरुलाई लिएर नै कम्युनिष्ट पार्टीको स्थापना

गरिन्छ तर यहां त्यसो नभई "मेरा अतिरिक्त डी.पी. अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, ए.वी. प्रधान र रामवावु जस्ता स्टडी सर्कलका सक्रिय व्यक्तिहरुलाई पन्छाएर मोतीदवी, निरन्जन गोविन्द वैद्य, नर वहादुर कर्माचार्य र नारायणविलाश जोशी जस्ता स्टडी सर्कलमा सम्वद्धसम्म भइनसकेका व्यक्तिहरुलाई लिएर हामीलाई खवरसम्म नगरी पुष्पलालले नेकपाको स्थापना गरेको कुराको प्रचार गराए । लगभग यसै सन्दर्भमा वि.स. २००६ वैशाख १२ (अप्रिल २४, १९४९) मा पुष्पलालद्धारा एउटा अपिल प्रकाशमा ल्याएपछि मात्र हामीले त्यस्तो आभाष पायौं" तर कलकत्तामा नेकपाको स्थापना सम्बन्धी प्रक्रिया विषयमा पुष्पलालले आफ्नो एक ग्रन्थमा अत्यन्त मर्मस्पर्सी विवरण दिएका छन् । त्यहाँ उल्लेख गरिएअनुसार उनले नेपाली राष्ट्रिय कांग्रेसको परित्याग पश्चात मार्क्सवादी पुस्तकहरु कमिशनमा वेचविखन गर्न थाले र वचेको समयमा कम्यनिष्ट घोषणापत्र लगायतका चारवटा पुस्तकहरुको नेपालीमा अनुवाद तयार पारियो । तत्पश्चात उनले ती अनुदित पुस्तकहरुको प्रकाशनका लागि कलकत्ता जानुपर्‍यो । त्यहांको कलेज स्क्वायर अवस्थित नेशनल वुक एजेन्सीमार्फत पुष्पलालले भारतिय कम्युनिष्ट पार्टीसंग सम्पर्क गर्न प्रयास थाले । उनले एकजना श्रीलंकाली वामपन्थी सांसद तथा प्रशिद्ध मार्क्सवादी पण्डित राहुल सांकृत्यायनसंग पनि पत्राचारको योजना वनाए तर अन्त्यमा उनको सम्पर्क दार्जलिङ नेपाली रत्नलालव्रम्हणसंग भयो । निजमार्फत पुष्पलालको सम्पर्क भारतका प्रसिद्ध कम्युनिष्ट नेता नृपेन्द्र चक्रवर्तीसंग कायम भयो । यस सम्पर्क पश्चात पुष्पलाल भारतिय कम्युनिष्ट पार्टी मार्फत मार्क्सवादी शिक्षाको कक्षा लिने कार्यमा जुटे । उनको कार्यक्षेत्र नेपाली भाषा भाषी क्षेत्र अर्थात दार्जिलिङ तोकियो । यसवीच उनको चक्रवर्तीसंग नेपालमा कम्युनिष्ट पार्टी स्थापना गर्ने विषयमा  विचार विमर्श हुंदै रयो । लामो विचार विमर्श पश्चात ई.१९४९ को अप्रिलमा गुप्त रुपमा नेपाल कम्युनिष्ट पार्टी स्थापनार्थ वैठक वस्यो । उक्त वैठकमा पुष्पलाल लगायत ५ जना उपस्थित रहेका थिए । पुष्पलालका अनुसार वैठकमा मोतीदेवी श्रेष्ठ, निरन्जन गोविन्द वैद्य, नर वहादुर कर्माचार्य, नारायण विलाश जोशी र स्वयं पुष्पलाल थिए । तर पार्टीका संस्थापकहरु मध्ये ३ जनाले भने मोतीदेवीलाई पार्टी संस्थापकका रुपमा अस्वीकार गरेको पाईन्छ ।

उनीहरुले एक विज्ञप्ती प्रकाशित गरी भनेका छन् "सन १९४९ अप्रील २२ तारिखमा महान लेनिनको जन्मदिवसको शुभ दिनमा नेकपा को स्थापना भएको हो । तर १५ सेप्टेम्वर जन्मदिवस भनि मानी आईरहेकोमा कुनै आधार देखिदैन । यस्तो महान ऐतिहासिक दिनलाई

जन्मदिवस नमानी १५ सेप्टेम्वर भनी मनाउनु विलकुल गलत हो । साथै पार्टी स्थापना हुँदा उपस्थित चार जना पुष्पलाल श्रेष्ठ, नरवहादुर कर्मचार्य, निरञ्जनगोविन्द वैद्य र नारायणविलास जोशी वाहेक अर्को कुनै व्यक्ति पनि संस्थापक होईन । अतयव वास्तविक कुराको जानकारी गराउँदछौ ।"(मुखपत्र मसाल, नेकपा चौ.म.)

त्यस्तै यसै सम्वन्धमा वि.स. २००८ आश्विन ५-१३ (सेप्टेम्वर २१-२९ १९५१) मा कोलकत्तामा आयोजित पार्टीको प्रथम ऐतिहासिक सम्मेलनमा पार्टी महासचिव पुष्पलालद्वारा प्रस्तुत "जातीय आन्दोलनमा नेपाल कम्युनिष्ट पार्टी" भन्ने प्रतिवेदनमा यस प्रकार उल्लेख गरिएको पाईन्छ :"१५ सेप्टेम्वर १९४९ मा पार्टी वन्दा त्यसमा केवल पाँच जना ( निरन्जनगोविन्द वैद्य, नारायणविलास, नरवहादुर, दुर्गादेवी र पुष्पलाल ) मात्र थिए । त्यसै पाँच जनाको एउटा दललाई लिएर कम्युनिष्ट पार्टीले माथी उल्लेखित संघर्ष गर्दै आयो "( के.सी., २०६४)।

उल्लेखित प्राविधिक विवादहरु एकातिर छँदैछन् । तर दोश्रो विस्वयुद्धपछि विश्वको तीन खण्डको एक खण्डमा समाजवादी व्यवस्था स्थापनाले ल्याएको क्रान्तिकारी लहर, दोश्रो विश्वयुद्धमा फासिष्ट शक्तिको पराजय,भारतीय स्वतन्त्रता संग्राम,चिनिया नयाँ जनवादी क्रान्तिको सफलता तथा नेपालमै निरंकुश राणाशासन विराधी आन्दोलनले निर्माण तथा विकास गरेको प्रगतिशिल एवं गणतान्त्रिक चेतना जस्ता पक्षहरुको योगदान ईत्यादी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वस्तुगत यथार्थताहरुको प्रत्यक्ष-अप्रत्यक्ष भूमिका नेपालमा कम्युनिष्ट पार्टीको स्थापनामा महत्वपूर्ण रहेको छ ।

पार्टीको स्थापना लगतै पार्टीले जनताका नाममा पहिलो अपिल प्रकाशन गरेको थियो । जुन अपिलको सारांश यस्तो थियो "सामन्ती शासन व्यवस्थालाई चकनाचुर गर, विदेशी साम्राज्यवाद र भारतीय पूँजीवादको प्रभाव र घेरा देखि अलग होऊ, मजदुर किसानको शासन खडा गर, यस शासनमा धनी, साम्राज्यवादी र प्रतिक्रियावादीका दलाल वाहेक सवै शोषित जनतालाई हिस्सा देऊ …………यसैलाई नव प्रजातन्त्र (New Democracy)भन्दछन् "(अपिल : वैशाख १२,२००६) ।

नेपाल कम्युनिष्ट पार्टी घोषितरुपमा देशीय तथा अन्तर्राष्ट्रिय पुँजीवादको विरोधमा उभियो । स्थापनाकालदेखि नै यसको अन्य पुजीवादी तथा सामन्ती राजनीतिका पृष्ठपोषक पार्टीहरुसित राजनीतिक प्रतिष्पर्धा शुरु भयो जसले गर्दा २००७ सालको क्रान्तीमा पार्टीको औपचारिक सहभागिता रहेन । त्यतिमात्र होईन, कम्युनिष्ट पार्टीले २००७ सालको क्रान्तिमा

धोखा भएको विचार अघि सार्दै क्रान्तिपछि वनेको राणा कांग्रेस सरकारलाई भारत र अमेरिकी सरकारको हतियार भएको दोषारोपण गऱ्यो । फलस्वरुप कम्युनिष्ट पार्टी र ती पार्टीहरुवीचको अन्तर्सम्वन्ध झन् कटुतापुर्ण हुदै गयो । अन्तत २००८ सालमा तत्कालिन कांग्रेस सरकारले नेपाल कम्युनिष्ट पार्टीमाथि प्रतिवन्ध नै लगायो जो ५ वर्ष सम्म कायम रह्यो ।

भूमिगत कालमा कम्युनिष्ट पार्टीका गतिविधिमा कुनै कमी आएन वरु झन् वढ्यो । जनअधिकार सुरक्षा समिति र विभिन्न जनवर्गीय संगठनहरु खडा गरी पार्टीले आफ्ना गतिविधिहरुलाई राष्टव्यापीरुपमा परिचालन गऱ्यो । अन्तत जनदवाव समेतको कारणवाट २०१३ सालमा सरकारले पार्टीमाथि लगाएको प्रतिवन्ध हटायो । पार्टीमाथिको प्रतिवन्ध हटेपछि पार्टी नेतृत्वले संगठनलाई अझ विस्तार गरी सक्रिय तुल्याउनु पर्नेमा पार्टीभित्र नेतृत्वका सवालमा गम्भीर मतभेदहरु  पैदा भए जसको फलस्वरुप २०१५ सालको संसदीय निर्वाचनमा पार्टीको नराम्रो पराजय भयो ।

आमनिर्वाचनमा पार्टीको नराम्रो पराजयका कारण संसदमा उसको भुमिका नगन्य हुन पुग्यो । प्रमुख प्रतिपक्षमा वसेको राष्टवादी गोरखा परिषदले पनि संसदीय प्रणालीमा एउटा प्रमुख प्रतिपक्षी पार्टीले खेल्नुपर्ने भुमिका वाञ्छित मात्रामा खेल्न सकेन । अर्कोतर्फ कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको एउटा अंग शाही षडयन्त्रमा फस्न पुग्यो । सत्तासिन पार्टी नेपाली कांग्रेसले पनि सवैको विश्वास जितेर प्रजातान्त्रिक आदर्शअनुरुपको नेतृन्व दिन सकेन । फलस्वरुप यी सवै कमजोरीवाट लाभ लिदै २०१७ साल पौषमा राजा महेन्द्रले एक शाही कदमद्वारा सरकार र संसदीय व्यवस्था कै अन्त्य गरे ।

संसदीय व्यवस्थाको अन्त्यपछि विहारको दरभंगामा नेपाल कम्युनिष्ट पार्टीको विस्तारित वैठक वस्यो तर त्यस वैठकमा पनि पार्टीभित्र लामो समयदेखि चल्दै आएको मतभेदको अन्त्य भएन । त्यसपछिको स्थितिमा पार्टीले कस्तो कार्यनीति लिने ? भन्ने सम्वन्धमा नेतृत्वपंक्तिभित्र तीव्र मतभेद देखा पऱ्यो । वैठकको वहुमतले संविधानसभाको पक्षमा निर्णय दिएको भए तापनि केन्द्रिय समितिको वहुमत पक्षले त्यस जनादेशलाई मान्न अस्वीकार गरी संसदीय व्यवस्थाको पुनस्थापना भन्ने कार्यनीति अघि वढायो । फलस्वरुप पार्टीको नेतृत्वपंक्तिभित्रको मतभेद अझ वढ्न गई आन्दोलन तथा पार्टी झन दिग्भ्रमित हुन थाल्यो । दरभंगाको विस्तारित वैठकले पार्टीको तृतिय महाधिवेशन ९ महिना भित्रमा गर्ने निर्णय गरेको भए तापनि सोही वैठकद्वारा निर्वाचित तीनजनाको सचिवालयले उक्त

निर्णयको उपेक्षा गरी महाधिवेसनको प्रस्नलाई आलटाल गर्न थाल्यो । अतः अल्पमत पक्षले पाचवटै जोन का प्रतिनिधीलाई मिलाएर एक अन्तरजोन सामन्जस्य समिति गठन गरी २०१९ सालमा वनारसमा तलवाट वोलाईएको पार्टी महाधिवेशनको आयोजना गर्‍यो तर यस महाधिवेशनमा पनि प्रतिनिधिहरु वीच पार्टीले लिनुपर्ने कार्यनीतिका वारेमा मतैक्यता कायम हुन सकेन । फलस्वरुप शीघ्र नै नया नेतृत्वभित्र पनि सैद्धान्तिक गतिरोध उत्पन्न हुन गई पार्टीको केन्द्रीय समिति अघोषित रुपले विघटनको स्थितिमा पुग्यो । केन्द्रको विघटन भएपछि अञ्चल र जिल्ला समितिहरुले स्वतन्त्र र समानान्तर पार्टीको रुपमा कार्य गर्न लागे । यसरी अल्पसमयमा नै नेपाल कम्युनिष्ट पार्टी विभाजित हुन पुग्यो र यसले मुलुकको राष्ट्रिय राजनीतिमा अपेक्षाकृत प्रभावशाली भूमिका खेल्न सकेन तर मुलुकको एउटा प्रभावशाली राजनीतिक धारका रुपमा भने यो स्थापित भएको पाईन्छ ।

तत्कालिन अवस्थामा एसिया महादेशमा स्थापना भएका कम्युनिष्ट पार्टीहरु मध्ये सवभन्दा कान्छो कम्युनिष्ट पार्टीका रुपमा नेपाल कम्युनिष्ट पार्टी भएको पनि देखिन्छ ।

यसरी स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी १०४ वर्षे निरंकुश राणशासनलाई पराजित गर्दै विस्तारै देसव्यापी रुपमा झाङ्गिदै गएको छ अनि हाङ्गिदै गएको छ । रत आज देशमा साना ठुला गरी एक दर्जन भन्दा वढि कम्युनिष्ट पार्टी क्रियाशिल छन् । देशमा राजतन्त्रको अन्त्य पश्चात सम्पन्न संविधानसभा निर्वाचन २०६४ मा सवै कम्युनिष्ट पार्टीले कुल ६२ प्रतिशत जनमत वोक्न सफल भए ।

## ङ.नेपालमा कम्युनिष्ट राजनीतिक दलहरुको संक्षिप्त ईतिहास

नेपालमा हालसम्म क्रियाशिल कम्युनिष्ट राजनीतिक दलहरु र तीनको संक्षिप्त इतिहास निम्न वमोजिम प्रस्तुत गरिन्छ :

### १.नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी )

#### १.१ झापा विद्रोह

पूर्वी नेपालका पार्टीको अल्पमत पक्षको वनारस अधिवेशनद्वारा निर्वाचित केन्द्रीय समितिको सातौं वैठकपछि अर्को वैठकसम्म वस्न नसकेपछि अविभाजितकालिन कम्युनिष्ट पार्टी केन्द्रविहिन हुनेगरी स्वतः विघटित अवस्थामा पुग्यो । यो स्थितिमा स्थानीय पार्टी कमिटिहरुको पनि सोही नियति हुनु स्वभाविक हुने थिएन । वस्तुतः मुलुकको कम्युनिष्ट आन्दोलन विघटनको अवस्थामा उभिन आईपुग्यो । २०२५ सालमा तेस्रो राष्ट्रिय सम्मेलन

गरी भारतको गोरखपुरवाट पुष्पलालले पार्टीलाई पुनर्गठित गर्ने प्रयास नगरेको त होईन तर उनको प्रयासले पनि कुनै सार्थक परिणाम दिन सकेन । त्यसैले यस्तै प्रयासको रुपमा २०२७ सालको अन्त्यतिर तत्कालिन पूर्वकोशी प्रान्तिय कमिटिको मातहत कार्यरत झापा जिल्लाका वामपन्थी युवा कार्यकर्ताहरुले उक्त कमिटिवाट अलग हुंदै ३० को दशकतिर झापामा किसान आन्दोलनका नाममा जमिन्दार खतम् अभियानको रुपमा झापा संघर्षको सृजना गरे । यो आन्दोलन मुख्यत व्यक्तिहत्याको राजनीतिमा आधारित भएता पनि त्यसमा आत्मोत्सर्गको भावना उच्च रहेको हुंदा यो विद्रोह कम्युनिष्टहरुको सशस्त्र विद्रोह नै थियो । सवै पृष्ठभूमिहरुको अध्ययन गर्दा वास्तवमा झापा विद्रोह भनेको भारतीय नक्सलवादी आन्दोलनको प्रतिछांया थियो । त्यो बेलाका पूर्वी नेपालमा **सैनिकसँग नभिडी सामन्तीलाई नगिडी आउदैन है जनवाद भाषण ठोकेर, उठौं गरिवहरु हातमा खुकुरी लिएर, वाँसको भाला तिखारी सामन्तीलाई निखारी, गद्दार पुष्पलाल नेपाली कांग्रेसका नं. १ दलाल र आलै छ रगत मुटुमा २१ फागुन भुल्दैनौ, झापाली वाटो वनाउने कृष्ण र नेत्रलाई भुल्दैनौ** भन्ने जस्ता गीतहरु ज्यादै लोकप्रिय थिए । पाँच जनाको एउट स्क्वाायड वनाउनु पर्ने, स्कुलकलेजका स-साना युवायुवतीहरुलाई स्क्वायडमा सामेल गरी पछि तिनैलाई नेपालको जनमुक्ति सेनामा संक्रमण गर्नुपर्ने र अनुशासित, मेहनती, आन्मोत्सर्गी र सुविधा भोगको विरोध गर्नुपर्ने जस्ता सवै संस्कारहरु त्यतैवाट आयात गरियो । कहाँसम्म भने एउटा सानो झोला भिर्नुपर्ने संस्कार पनि त्यतैवाट लिईयो । यसै आयातित मान्यतावाट क्रान्ति शुरु गर्ने उद्देश्यले एक्सन कमिटिहरु गठन गरिए जसमा मोहनचन्द्र अधिकारी,राधाकृष्ण मैनाली,सी.पी. मैनाली, हर्क खड्का र के.पी. ओली आदि रहे । यस आन्दोलनको प्रमुख योजना तथा नीतिकार एवं सञ्चालक क्रमशः मदन खपाङ्गी,मोहनचन्द्र अधिकारी,के.पी. ओली र सी.पी. मैनाली देखा पर्छन भने एक्सनमा संलग्न हुनेहरुमा हर्कवहादुर खड्का, चन्द्र अधिकारी,तिलविक्रम ढकाल,चन्द्रवहादुर डांगी, जीवन मगर, धनेन्द्र वस्नेत, सोम सतार, छत्र मगर, गणेश मगर, मनकुमार तामाङ, नारद वाग्ले, लालवहादुर तामाङ, अमर कार्की, कृष्ण कुईकेल, रुद्र सुवेदी, नारायण श्रेष्ठ, मनकुमार गौतम, डम्मर वानिया, भोगेन्द्रसिंह राजवंशी, खडानन्द वाग्ले, नेत्र घिमिरे र नरेश खरेल, शिव शिवाकोटी, वीरेन राजवंशी आदि प्रमुख हुन् । तदअनुरुप वन एरिया, वन युनिट वन एक्सनको नीतिअनुसार झापा र अन्यत्र गरी लगभग १५ जना जमिन्दार तथा दलाल वर्ग शत्रुहरु खतम गरिए । यसरी खतम हुनेहरुको मोटामोटी क्रम यस प्रकार छ : प्रथम कारवाही ज्यामिरगढी झापामा भयो र ती व्यक्ति कर्णवहादुर

गौतम थिए, जो २०२८ जेठ २ का दिन खतम गरिए । यस प्रथम कारवाहीमा भाग लिनेमा गुरिल्ला दलको नेतृन्व मोहनचन्द्र अधिकारीवाट भएको थियो र अन्य सहभागी सदस्यहरुमा रामनाथ ढकाल,राजेन राजवंशी, भोगेन्द्रसिंह राजवंशी, शिव शिवाकोटी, वीरेन राजवंशी आदि थिए । दोस्रो कारवाहीमा शनिश्चरे सालवारीका वुटन चौधरी २०२९ वैशाखमा भयो र यस स्क्वायडको नेतृत्व शिव अधिकारीले गरेका थिए । सहयोगीहरुमा तिलविक्रम ढकाल, खडानन्द वाग्ले, अमर पौड्याल आदि थिए । तेस्रो कारवाही असार २०२९ मा गरामुनिका विष्णुप्रसाद विमली र ईश्वर चुंडालमाथि भयो । यसको नेतृत्व नेत्र घिमिरेवाट भएको थियो र स्क्वायडमा संलग्न अन्य गुरिल्लाहरुमा नरेश खरेल र तिलविक्रम ढकालहरु थिए । चौंथौ कारवाही कार्तिक २०२९ मा गरामनीका उद्रकान्त राजवंशी माथि भयो । यस कारवाहीमा हमला गर्ने स्क्वायडको नेतृत्व जीवन मगरवाट भएको थियो । त्यस्तै सहभागीहरुमा सोम सतार, छत्र मगर, कृष्ण कुंईकेल, रुद्र सुवेदी, चन्द्र डांगी, गौरा प्रसाई र नारायण श्रेष्ठ थिए । यसरी क्रमवद्ध खतम कारवाहीहरु  अगाडि वढाइए । कारवाहीमा भाला, खुकुरी र एकनाल वन्दुक प्रयोग गरिएको थियो । विडम्वना कारवाहीका क्रममा सरकारवाट कुल ५०० विरुद्ध पक्राउ पुर्जी जारी गरियो भने झण्डै २०० गिरफ्तार भए । ९७ जनालाई ३ महिना माथि र ५ वर्ष भन्दा कम, १० जनालाई ५ वर्ष भन्दा वढी, १५ जनालाई जन्म कैद र ७ जनाको हत्या गरियो भने यस काण्डमा भगौडाहरुको संख्या १०० पुग्यो ।

यतिको गिरफ्तारी, हत्या, पलायन, प्रवास र आतंकपछि झापा आन्दोलनको मैदानमा राजेन राजवंशी र सी.पी. मैनाली मात्र वांकी रहे । यस स्थितिमा झापाली वामपन्थीहरुका निम्ति संगठन र आन्दोलनको दायरालाई विस्तृत पार्नु वाहेक अर्को विकल्प रहेन । यसै परिप्रेक्ष्यमा झापा जिल्ला कमिटि ने.क.पा. र नेपाल क्रान्तिकारी संगठन मोरङ (माले) को संयुक्त आव्हान प्रकाशमा आएको थियो । जहाँसम्म मोरङ मालेको प्रश्न छ, त्यसको स्थापना पनि २०२८ सालमा विराटनगरमै भएको थियो । त्यसका संस्थापकहरुमा रामचन्द्र यादव, विश्व भट्ट र अन्य दुईजना थिए । पछिवाट स्थानीय वाणिज्य वैंकमा न्युन वैतनिक तहमा जागिर खाने रौतहटवासी माधव नेपाल पनि यसमा सामेल भए । यसका संस्थापक सचिव भट्ट थिए पछि यादव भए । फेरी पनि झापा विद्रोहले मुलुकमा एउटा ठुलो राजनीतिक तरंग उत्पन्न गर्‍यो । तद्नुरुप उक्त तरंगवाट प्रभावित भई मुलुकमा क्रियाशिल अन्य वामपन्थी समूहहरु पनि स्थानीय स्तरवाट उठेर आन्दोलनलाई राष्ट्रिय स्तरमा पुनर्गठित गर्न उद्यत वन्न थाले । झापा संघर्षका विरुद्ध सरकारले झापालीहरुमाथि गरेको नृशंस दमनले पनि

तिनको उत्साह र राष्ट्रिय स्तरमा पुनर्गठित हुने अभिप्रायलाई रोक्न सकेन । तिनीहरु आफ्ना कमिकमजोरीहरुलाई हटाउँदै त्यस दिशातर्फ लागिपरे । मुलुकको अन्य भागमा स्थानीयरुपले संगठित अन्य समूहहरु पनि यसै कार्यदिशातर्फ अघि वढिरहेका थिए। अन्तमा यसै पृष्ठभुमीमा २०३१ जेठ १५ का दिन तत्कालिन झापा जिल्ला कमिटी नेपाल कम्युनिष्ट पार्टी र क्रान्तिकारी कम्युनिष्ट संगठन मोरङले देशका सवै कम्युनिष्ट क्रान्तिकारीहरुका नाममा राष्ट्रिय स्तरको को-अर्डिनेशन कमिटि वनाएर अघि वढ्न अपिल गरे। साथै,तिनले विभिन्न कम्युनिष्ट समुहवीच एकताका निम्ति निम्नलिखित पुर्वशर्तहरु पनि प्रस्तुत गरेका थिए (मिश्र., २०५८)।

- अध्यक्ष माओलाई विश्व क्रान्तिका प्राधिकार मान्ने र माओत्सेतुङ विचारधारालाई वर्तमान समयको मार्क्सवाद लेनिनवादको सर्वोच्च रुपमा ग्रहण गर्ने तथा त्यसलाई निसर्तरुपले हाम्रो देशको क्रान्तिको ठोस व्यवहारमा लगाउन स्वीकार गर्ने ।
- नेपालको हरेक क्षेत्रमा जवर्जस्त क्रान्तिकारी परिस्थिति विद्यमान छ भनेर मान्ने
- स्थानीय रुपमा सत्ता कव्जा गर्ने संघर्षको राजनीतिलाई स्वीकार गर्ने
- गुरिल्ला पद्धतिले मात्र हामीहरु सघर्षलाई उठाउन र विकसित गर्न सक्छौं । र त्यो गुरिल्ला सघर्ष श्रद्धेय नेता चारु मजुमदारको वर्ग शत्रु खतम अभियानको महान् लाईनद्वारा मात्र शुरु गर्न सकिन्छ भनी स्वीकार गर्ने ।

अन्ततः उपयुक्त संयुक्त आव्हानको कार्यनीतिभित्र सहकार्य गर्न तत्पर विभिन्न जिल्लाका कम्युनिष्ट प्रतिनिधिहरु २०३२ जेष्ठ २४-२५ पूर्वी नेपालको विराटनगर १६ मा गुप्त रुपले भेला भई अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेशन कमिटि (मा.ले.) गठन गरे । यस को.के.को निर्माण प्रक्रियामा झापा, मोरङ, इलाम, सिराहा, वारा र सिन्धुपाल्चोकका कम्युनिष्ट कार्यकर्ताहरु सामेल थिए। निम्न व्यक्तिहरु यसका संस्थापक सदस्यहरु थिए :

सीपी मैनाली, झापा

झलनाथ खनाल, इलाम

माधवकुमार नेपाल, मोरङ

अमृत कुमार वोहोरा,सिन्धुपाल्चोक

मणिलाल राई, सिराहा

रामचन्द्र सिंह, भारत

मुकुन्द न्यौपाने, वारा

गोविन्द न्यौपाने, भोजपुर

सम्मेलनले को.के.लाई केन्द्रीय कमिटीको स्तर प्रदान गर्‍यो । ३ जनाको एउटा शीर्षस्थ व्युरो चयन गरियो, जसमा सीपी मैनाली, माधव नेपाल र रामचन्द्र सिंह निर्वाचित भए । सीपी मैनाली व्युरोको सचिव तोकिए । भेलाले आफ्नो मुखपत्रको रुपमा वर्ग संघर्ष निकाल्ने पनि निर्णय लियो । यसरी स्वतः विघटनपश्चत् कुनै प्रकारले अस्तित्वमा रहेको अविभाजितकालीन नेकपा अन्तर्गतको पूर्व कोशी प्रान्तीय कमिटी निष्क्रिय तथा अस्तित्वहीन भइरहेको अवस्थामा यसै प्रान्तिय कमिटी अन्तर्गतको झापा जिल्ला कपिटी भित्रका विद्रोही युवाहरु सिंगो राष्ट्रलाई आफुतर्फ आकृष्ट गर्न सक्षम वनेका थिए ।

**१.२ पार्टीको प्रथम राष्ट्रिय सम्मेलन**

मिति : आश्विन ११-१६,२००८

स्थान : कलकत्ता

सम्मेलन प्रतिनिधि संख्या : ५० (महिला प्रतिनिधि १)

कार्यक्रमःनयां जनवादका निम्ति नेपाली जनताको वाटो

तत्कालिन नारा : संविधान सभा र अन्तरिम सरकार

नेतृत्व : महासचिवमा पुष्पलाल श्रेष्ठ ।

तर सम्मेलनको केहि समय पश्चात पोलिटव्युरो वैठकमार्फत नेतृत्व परिवर्तन गरी पुष्पलालको ठाउँमा मनमोहन अधिकारीलाई ल्याईएको थियो ।

**१.३ पार्टीको प्रथम महाधिवेशन**

मिति : २०१० माघ १३-१७

स्थान : भूमिगतरुपमा काठमाडौ पाटनको ग्वावहालमा

प्रतिनिधि संख्या : ७८

कार्यक्रम : नयाँ जनवादमाथि संसोधन प्रस्ताव

नेतृत्व : महासचिव मनमोहन अधिकारी, सदस्यहरुमा पुष्पलाल श्रेष्ठ, डी.पी. अधिकारी, शम्भुराम श्रेष्ठ, केशरजंग रायमाझी, हिक्मत सिंह, कमर शाह, कृष्णराज वर्मा, शैलेन्द्रकुमार उपाध्याय, केदार उपाध्याय, तुलसीलाल अमात्य, धनुसचन्द्र गौतम,महेशप्रसाद उपाध्याय, केदार खनाल, नरवहादुर कर्माचार्य लगायत १५ सदस्यीय ।

### १.४ दोस्रो सम्मेलन

मिति २०१२ कार्तिक २१-२७ मा दोस्रो सम्मेलन सम्पन्न भएको थियो । त्यसमा कार्यक्रममा परिवर्तन किन ? भन्ने दस्तावेज पेश भई अस्विकृत भएको थियो । महासचिव मनमोहन अधिकारी हुनुहन्थ्यो । २०१३ श्रावणमा मनमोहन अधिकारी चीन जाँदा केशरजंग रायमाझी कार्यवाहक महासचिव भए । त्यसपछि पार्टी दक्षिणपन्थी दिशामा गयो ।

### १.५. पार्टीको दोस्रो महाधिवेशन :

मिति : २०१४ जेष्ठ १४ मा प्रारम्भ ।

स्थान : फोहरा दरवार, काठमाडौ (खुला रुपमा )

प्रतिनिधि संख्या : २००

कार्यक्रम : गणतन्त्रात्मक

नेतृत्व : महासचिव केशरजंग रायमाझी (निर्वाचित), सदस्यहरुमा पुष्पलाल श्रेष्ठ, तुलसीलाल अमात्य,कमर शाह, डी.पी. अधिकारी, शम्भुराम श्रेष्ठ, हिक्मत सिंह भण्डारी, कृष्णराज वर्मा, पी.एन. राणा, पी.वी. मल्ल, कमलराज रेग्मी, केदारप्रशाद उपाध्याय, मोहनविक्रम सिंह, अरविन्द रिमाल, कृष्णलाल श्रेष्ठ, कृष्णप्रशाद अधिकारी र मधु सिंह ।

### १.६ दरभंगा प्लेनम

२०१७ को फौजी काण्डपछि सोही वर्षको फागुनमा भारतको दरभंगामा एउटा विषेश वैठक ( प्लेनम ) सम्पन्न भयो । त्यसले केशरजंग रायमाझीलाई कार्वाही गरी पार्टी संचालन गर्न शम्भुराम श्रेष्ठ र डि.पी. अधिकारी रहेको तीन सदस्यीय सचिवालय गठन गरी ९ महिना भित्र तेश्रो महाधिवेशन गर्ने निर्णय गर्‍यो ।

### १.७ पार्टीको तेस्रो महाधिवेशन

नेपाल कम्युनिष्ट पार्टीको अल्पमत पक्षले पहिलो पटक औपचारिक रुपमा पार्टी छुट्टाई तेस्रो महाधिवेशन सम्पन्न गर्‍यो ।

मितिः २०१९ वैशाख ४-१५

आयोजकः अन्तर जोन सामञ्जस्य समिति

स्थान : वनारस

प्रतिनिधि संख्या : ८४

मतदानवाट पारित कार्यक्रमः राष्ट्रिय प्रजातन्त्र । मत परिणाम : तुलसीलाल अमात्यद्धारा प्रस्तुत राष्ट्रिय प्रजातन्त्रका पक्षमा ७२, पुष्पलाल श्रेष्ठद्धारा प्रस्तुत विघठित संसदको पुनर्स्थापनाका पक्षमा १२ र मोहनविक्रमको तर्फवाट वलराम उपाध्यायले प्रस्तुत गरेको संविधानसभाको नारालाई व्याख्या हुन सकेन भनि त्यसलाई मतदानमा राखिएन ।

नेतृत्व र कमिटी : राष्ट्रिय परिषद ५१ जना, केन्द्रिय समिति १९ जना, राजनीतिक परिषद ७ जना जसमा महासचिव तुलसीलाल अमात्य, मनमोहन अधिकारी (जेल), पुष्पलाल श्रेष्ठ, कृष्णराज वर्मा (जेल), हिक्मतसिंह भण्डारी, मोहनविक्रम सिंह (जेल), कमलराज रेग्मी (जेल), वैकल्पिकमा भरतमोहन अधिकारी, पुण्यप्रताप राणा, भरतराज जोशी र जय गोविन्द शाह ।

तेस्रो महाधिवेशनवाट नै कम्युनिष्ट पार्टी रायमाझी समुह, पुष्पलाल समुह र तुलसीलाल समुह गरी तीन समूहमा विभजित हुन पग्यो ।

## १.८ तेस्रो राष्ट्रिय सम्मेलन

२०२५ जेठ २ र ३ गते गोरखपुरमा पुष्पलालको नेतृत्वमा पार्टी पुनर्गठनको थालनीको रुपमा तेस्रो सम्मेलन सम्पन्न भयो । त्यसले नयाँ जनवादी कार्यक्रम पारित गर्‍यो र पुष्पलालको नेतृत्वमा नयाँ केन्द्रीय कमिटी गठन गर्‍यो । त्यसपछि पुष्पलाललाई साथीहरुले छाड्ने क्रम पनि शुरु भयो । पुष्पलालका साथीहरु हिक्मतसिंह,देवेन्द्रलाल,रोहित,रुपलाल,लक्ष्मीभक्त,केशरमणी पोखेल,मुक्तिमोर्चा वनाएर मोदनाथ,जीवराज,मदन भण्डारी र गोविन्दवल्लभ पन्त लगायतले विभिन्न समयमा उनलाई छाडे । यसै क्रममा चौँथो राष्ट्रिय सम्मेलन भयो भने त्यसैको निरन्तरता स्वरुप साहनाको समुहले २०३५ सालमा पाँचौ राष्ट्रिय सम्मेलन गर्‍यो ।

## १.९ पार्टीको चौथो महाधिवेशन

मिति : २०३१ भाद्र ३० गते देखि आश्विन ७ सम्म

स्थान : वनारस

कार्यक्रम : देशभक्त तथा जनतान्त्रिक शक्तिको सरकार

नेतृत्व र कमिटी : मोहनविक्रम सिंह महासचिव, सदस्यहरुमा निर्मल लामा, भक्तवहादुर श्रेष्ठ, जयगोविन्द शाह, खम्पा सिंह, चित्रवहादुर के.सी., खिमानसिंह गुरुङ, खुविराम आचार्य, सुर्यनाथ यादव, हरिद्धार उपाध्याय, गंगाधर घिमिरे, मोहन वैद्य, लालसिंह भण्डारी । १३ सदस्यीय के.क. जसमा ९ जना पुर्ण र ४ जना वैकल्पिक ।

**१.१० नेकपा मालेको गठन**

मिति २०३५ पौष ११-१७

नेतृत्व : सी.पी. मैनाली, अन्यमा रत्नवहादुर वान्तवा, मदन भण्डारी, माधव नेपाल, ईश्वर पोखेल, मुकुन्द न्यौपाने, अमृत वोहरा, जीवराज आश्रित, प्रदीप नेपाल र मोदनाथ प्रश्रित ।

कार्यक्रम : नयां जनवादी कार्यक्रम

साधन : गाउँले शहर घेर्ने दीर्घकालिन जनयुद्ध ।

**१.११ नेकपा मालेको चौथो महाधिवेशन**

मिति : २०४६ भाद्र ९ देखि १४

स्थान : सिराहा

कार्यक्रम : जनताको वहुदलिय जनवाद । वहुदलिय शासन प्रणालीलाई स्वीकार । राजतन्त्रको विरोध गर्ने कुनै पनि शक्तिसंग एकता कायम गरी मोर्चा गर्ने कार्यनीति पारित । नेतृत्व :महासचिव मदन भण्डारी र पोलिटव्युरोमा जीवराज आश्रीत, सी.पी. मैनाली, झलनाथ खनाल,अमृत वोहोरा र माधव नेपाल ।

**२.नेकपा (एमाले)**

एकता र विभाजनका विभिन्न कालखण्डहरु पार गर्ने क्रममा २०४३ सालमा मनमोहन र साहना समूहवीच एकता भई नेकपा मार्क्सवादी वन्यो भने २०४७ पौष २२ गते त्यही नेकपा मार्क्सवादी र नेकपा मालेवीच एकता भई नेकपा एमाले वन्यो र जसको अध्यक्षमा मनमोहन अधिकारी रहनुभयो भने महासचिवमा मदन भण्डारी नै रहनुभयो । २०४८ मा नेकपा वर्मा र नेकपा संयुक्तवीच एकता भयो र लगतै तुलसीलाल अमात्य नेकपा एमालेमा प्रवेश गर्नुभयो ।

**२.१ नेकपा एमालेको पाँचौ महाधिवेशन (एकता महाधिवेशन)**

मिति : २०४९ माघ १४ देखि २० सम्म

स्थान : खुला मञ्च दशरथ रंगशालामा उद्घाटन । काठमाडौ स्थित राजकिय प्रज्ञा प्रतिष्ठान( वन्द सत्र ) । २०४७ पुष २२ गते सालमा नेकपा माले र नेकपा मार्क्सवादी वीच भएको पार्टी एकतापछि पार्टीको नाम नेकपा एमाले राखेपछिको महाधिवेशन थियो यो ।

मतदानवाट पारित कार्यक्रम : जनताको वहुदलिय जनवादकै निरत्तरता

मत परिणाम : मदन भण्डारीवाट प्रस्तुत जनताको वहुदलिय जनवादका पक्षमा ५४१ , मोहनचन्द्र अधिकारीवाट प्रस्तुत नौलो जनवादका पक्षमा ५५ र सी.पी. मैनालीवाट प्रस्तुत परिमार्जित नौलो जनवादका पक्षमा १०१ ।

नेतृत्व : अध्यक्ष मनमोहन अधिकारी र महासचिव मदन भण्डारी निर्वाचित ।

प्रतिनिधि संख्या : ७९६ (पर्यवेक्षक ४५० जना)

यही महाधिवेशनले नै पार्टीको स्थापना ई.१९४९ अप्रिल २२ मा भएको ठहर गर्दै सोही मितिलाई पार्टी स्थापना दिवसका रुपमा मान्ने निष्कर्ष निकाल्यो ।

## २.२ नेकपा एमालेको छैठौं महाधिवेशन

मिति : २०५४ माघ १२-१८

स्थान : नेपालगञ्ज

कार्यक्रम :जनताको वहुदलिय जनवादकै निरन्तरता ।

नेतृत्व :महासचिव माधव कुमार नेपालकै निरन्तरता । किनभने २०५० जेठ ३ गतेको रहस्यमय जीप दुर्घटनामा परी तत्कालिन नेकपा एमालेको महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रीतको दृखद निधन पश्चात पार्टी महासचिवमा माधवकुमार नेपाल आउनु भएको थियो ।

## २.३ नेकपा एमाले विभाजन र एकिकरण

वामदेव गौतमको नेतृत्वमा २०५४ साल फागुन २१ गते वेलुका ४.३० वजे विधिवत रुपमा वामदेव गौतमले आफु पक्षिय ४६ जना सांसदको अलग संसदिय दल नेकपा माले दर्ता गरेपछि नेकपा एमाले विधिवत रुपमा विभाजित भयो ।

त्यसको ४ वर्ष पुग्दा नपुग्दै २०५८ फागुन ३ वामदेवकै नेतृत्वमा पार्टीको वहुमत पक्षले माले विघटन गर्दै एमालेमै फर्किएको घोषणा गरी फागुन ४ गते विधिवत एमालेसंग एकिकृत भएको घोषणा गऱ्यो ।

## २.४ एकिकरणसँगै नेकपा माले गठन

पार्टी एकिकरण सँगै सि.पी. मैनालीको नेतृत्वमा अल्पमत पक्षले त्यसलाई मान्न अस्वीकार गऱ्यो । तदनुरुप अल्पमत पक्ष फागुन ३ गते माले पुनर्गठन प्रक्रियामा संलग्न भयो । यसैक्रममा फागुन ५ गतेका दिन कार्यकर्ताहरुको एउटा भेलाले पार्टी पुनर्गठन गर्ने अभियानको नेतृत्व गर्न सी.पी. मैनालीको संयोजकत्वमा ५ सदस्यीय केन्द्रीय संयोजक समिति निर्माण भयो । यहि संयोजक समितिको आयोजनामा २०६० वैशाख १८–२० गते

ललितपुरको स्टाफ कलेजमा दोश्रो राष्ट्रिय सम्मेलन सम्पन्न भै सी.पी. मैनाली महासचिव रहेको २७ सदस्यीय केन्द्रीय समिति गठन भयो । यसरी पुनर्गठित माले क्रियाशिल भएको हो । लगतै २०६३ सालमा माले सी.पी.मैनाली र कृषि कट्टेल समूहवीच फुट भयो र कट्टेल समुह नेकपा मसालसँग एकता गरी नेकपा एकिकृत वनायो । पछि २०६६ सालमा सी.पी.समुहवाट केशव नेपाल समूह पनि वाहिरियो र उक्त समुह माओवादीमा गयो । पछि २०६३ वैशाख २७ गते क्रान्तिकारी वाममोर्चा, नेपालसँग एकता भएपनि पार्टी आधारभुत रुपमा विभिन्न वर्ग र तहसम्म पुग्न सकेको छैन । त्यसका वावाजुत पनि संविधानसभामा समानुपातिक तर्फवाट यो पार्टी ९ सभासदहरुको धनि भएको छ ।

संसदभित्र प्रधानमन्त्री चयनको चरणवद्ध निर्वाचन चलिरहेको वखत यो पार्टीका ४ जना सभासदहरुले विद्रोह गरी जगत वहादुर वोगटीको संयोजकत्वमा नेकपा माले–समाजवादी गठन भएपछि सी.पी. मैनाली तर्फ ५ जना मात्र सभासदहरु वाँकी रहेका थिए ।

**२.५ नेकपा एमालेको सातौं महाधिवेशन**

मिति : २०५९ माघ १८-२३

स्थान : जनकपुर

कार्यक्रम : जनताको वहुदलिय जनवादकै निरन्तरता ।

प्रतिनिधि : १६००( तत्कालिन वामदेव पक्षिय केन्दीय कमिटी सदस्य र आयोजक ११३, जिल्ला प्रतिनिधि ७००, केन्द्रीय विभाग १७, अञ्चल समन्वय १६, जनसंगठन ३५, फ्याक्सन ४७, प्रवास १४, मजदुर ७०, महिला १५५, अञ्चल सम्पर्क मंच ८४ र ५ प्रतिशत मनोनित ४८ )

कमिटि : के.क. ५५ मा ४३ पुर्ण र १२ वैकल्पिक (निर्वाचित), स्थायी कमिटी १५, केन्द्रीय सचिवालय ७, विभाग २७, फांट ११, विकासक्षेत्र समन्वय कमिटि ५, अञ्चल कमिटी १७, केन्द्रीय सल्लाहाकार २६)

नेतृत्व : महासचिव माधवकुमार नेपाल,स्थायी समिति सदस्यहरुमा अमृतकुमार वोहोरा, ईश्वर पोखेल, खड्गप्रसाद ओली, केशव वडाल, झलनाथ खनाल, प्रदीप नेपाल, भरतमोहन अधिकारी, मुकुन्द न्यौपाने, मोदनाथ प्रश्रित, युवराज ज्ञवाली, वामदेव गौतम र सहाना प्रधान र वैकल्पिकमा अशोक राई र विष्णु पौडेल ।

तर संविधानसभा निर्वाचन २०६४ मा नेकपा एमालेले अकल्पनिय पराजित भोगेपछि महासचिव माधवकुमार नेपालले नैतिकताको आधारमा राजिनामा दिनुभएपछि झलनाथ खनाललाई पार्टी महासचिवको जिम्मेवारी प्रदान गरिएको थियो ।

**२.६ नेकपा एमालेको आठौं महाधिवेशन**

मिति : २०६५ फागुन ५-१४

स्थान : वुटवल

कार्यक्रम : जनताको वहुदलिय जनवादलाई मार्गदर्शक सिद्धान्तको रुपमा मान्ने निर्णय ।

कमिटि : लोकतान्त्रिक विधिवाट ११६ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित

प्रतिनिधि : १८२०

नेतृत्व : महाधिवेशनवाट पार्टी वहुपदिय नेतृत्वमा गएको थियो । जसअनुसार अध्यक्ष झलनाथ खनाल, उपाध्यक्षहरु वामदेव गौतम, अशोक राई, विद्या भण्डारी, महासचिव ईश्वर पोखेल, सचिवहरु  विष्णु पौडेल, शंकर पोखेल, युवराज ज्ञवाली (निर्वाचित) र स्थायी कमिटी सदस्यहरु माधवकुमार नेपाल, के.पी. ओली र भरतमोहन अधिकारी । (ढकाल,२०६७)

**३.नेकपा मसाल**

मुलत जनमत संग्रहमा भाग लिने कि नलिने र पंचायती निर्वाचनलाई उपयोग गर्ने कि नगर्ने ? भन्ने कार्यनीतिक विषयमा एकिकृत चौ.म. भित्र मोहन विक्रम सिंह र निर्मल लामा पक्ष वीचमा सैद्धान्तिक वहस शुरु भयो । त्यतिवेला सिंह पक्ष अनुदारवादी कार्यनीतिको पक्षमा देखिए भने लामा पक्ष सुधारवादी कार्यनीतिको पक्षमा । यसै विवाद चलिरहेकै पृष्ठभूमिमा २०४० साउनमा पार्टीका तत्कालिन महासचिव भक्त वहादुर श्रेष्ठ पक्राउ परे । यसरी निर्मल लामा निश्कासनमा परेका, मोहन विक्रम यौन कार्वाहीमा र श्रेष्ठ गिरफ्तारी भैरहेको वेला पार्टी केन्द्रीय समितिको २७ औं वैठक वस्यो । उक्त वैठक यावत मतभेद पोख्ने रणमैदान वन्यो । फलत: केन्द्रीय कमिटीमा रहेको दुई जना जय गोविन्द शाह (का.महेश) र सुर्यनाथ यादव (का.केशव) ले पनि राजिनामा गरेपछि पार्टी केन्द्रीय समिति स्वत: विघटन हुन पुग्यो । यसरी एकातिर सिंह समुह वन्यो भने अर्कोतिर लामा समुह । सिंह समूहले तत्काल आफु पक्षको **अस्थायी कन्द्रीय समिति** को गठन गर्दै २०४० को कार्तिकमा गोरखपुरमा पार्टीको तृतिय राष्ट्रिय सम्मेलनको आयोजना गरी **नेपाल कम्युनिष्ट पार्टी (मसाल)** को स्थापना गऱ्यो भने अर्को समुहले **नेपाल कम्युनिष्ट पार्टी (चौ.म)** को स्थापना गऱ्यो । नेकपा मसालले २०४१ मंसिर १–१६ सम्म भारतको अयोध्यामा पांचौ

महाधिवेशनको आयोजना गरी मोहन वैद्य (किरण) महासचिव रहेको ११ पुर्ण र ४ वैकल्पिक सहित १५ सदस्यीय केन्द्रीय समितिको निर्माण गऱ्यो । अन्य सदस्यहरुमा चित्रवहादुर के.सी., रामसिंह श्रीस, भैरव रेग्मी, गोविन्दसिंह थापा, पुष्पकमल दाहाल, खम्वा सिंह कुंवर, वाचस्पति देवकोटा, सी.पी. गजुरेल, देव गुरुङ, ईश्वरी दाहाल, विष्णु पौडेल, इन्द्रविलास र भक्तवहादुर श्रेष्ठ (पछि थप गरिएको) थिए । साथै महाधिवेशनले मोहनविक्रम सिंहलाई ६ महिना पार्टी सदस्यवाट निलम्वन गरेको थियो । उक्त महाधिवेशनले देशभक्त र जनतान्त्रिक शक्तिहरुको सरकारको कार्यनीति परित्याग गरी नयाँ जनवादी कार्यक्रम र सरकारको प्रचारात्मक आन्दोलनमा जोड दिने नीति पारित गऱ्यो । महाधिवेशनमा करिव १०८ जना प्रतिनिधि थिए ।

नवगठित मसाल भित्र किरण पक्ष वहुमत र सिंह पक्ष अल्पमतमा रहे । अन्ततः "पाँचौ राष्ट्रिय महाधिवेशनमा पारित नीतिहरुको रक्षाका लागि विद्रोह गर्नुको अर्को विकल्प छैन" भन्दै सिंह पक्षले एक **केन्द्रीय आयोजक समिति** को गठन गरी विधिवत पार्टीको विभाजन गरे । तदअनुरुप पार्टीका जिल्ला समितिहरुले २०४२ चैत्र २५–२८ मा गोरखपुरमा चौथो राष्ट्रिय सम्मेलन गरेर मोहनविक्रम सिंह महासचिव रहेको १२ सदस्यीय केन्द्रीय समिति निर्माण गरे भने मोहन वैद्यले मशाल वनाए । मशाल समुहभित्र २०४३ सालमा घटित **सेक्टर काण्ड** मा पार्टी महासचिव किरणको आलोचना भएपछि निजले नेतृत्ववाट हट्नु पऱ्यो र उक्त स्थानमा पुष्पकमल दाहाल प्रचण्ड निर्वाचित भए । २०४८ सालमा एकता महाधिवेशन गरी प्रचण्ड नै महामन्त्री बने भने २०५१ मा उक्त पार्टी एकताकेन्द्र प्रकाश र एकताकेन्द्र प्रचण्डमा विभाजित भयो ।

पछि डा.वावुराम भट्टराई (२०४७) र दीननाथ शर्मा (२०५७) जस्ता वरिष्ठ नेताहरुले नेकपा मसाल परित्याग गरे । त्यसपचि २०५१ जेठ ११–२० मा छैठौं महाधिवेशन गरी पुनः सिंह नै महासचिव भए । २०५९ सालमा मसाल र एकता केन्द्र प्रकाशका वीच एकता भई **एकताकेन्द्र मसाल** वन्यो । मोहनविक्रम महामन्त्री वने । २०६२/०६३ सालको दोस्रो जनआन्दोलनका क्रममा माओवादीसंग सहकार्य र भारतलाई हेर्ने दृष्टिकोणमा यी दुई समूहवीच मतभेद उत्पन्न भएपछि अन्ततः सिंह समूहले २०६३ फागुन २६–३० मा भुमिगत रुपमा कपिलवस्तुको निक्लिहवा गा.वि.स.मा सातौं महाधिवेशन सम्पन्न गरी पुरानै **नेकपा मसाल**को नामवाट अघि वढ्ने निर्णय गऱ्यो भने प्रकाशले आफु महामन्त्री रहेको एकताकेन्द्र नै कायम राखे ।

त्यसपछि पनि नेकपा मसालवाट पटक पटक साना साना घटकहरु चोईटिने क्रम जारी रह्यो । हाल मसालका महामन्त्री उनै सिंह नै छन् भने पार्टी भूमिगत छ र उनी अर्धभूमिगत छन् ।

मशालले राष्ट्रिय जनमोर्चा भन्ने खुला वैधानिक मोर्चा मार्फत आफ्ना गतिविधिहरु गर्दै आएको छ । संविधानसभा निर्वाचनमा यो पार्टी प्रत्यक्ष एक सहित चार सभासदहरु प्राप्त गरेको छ ।

**४.एकिकृत नेकपा माओवादी**

पूर्व चौथो महाधिवेशन समुहका निर्मल लामा र सर्वहारावादी श्रमिक संगठन, नेपालका रुपवहादुर विश्वकर्मा तथा पुर्व मशालको सिंगो पङ्ती वीच दिर्घकालिन जनयुद्धको नीतिलाई अविलम्व लागु गर्ने कि जनआन्दोलन उठाउँदै क्रमश क्रान्तिको वाटोतर्फ अग्रसर हुने ? भन्ने कार्यनीतिका सवालमा गम्भीर मतभेद सिर्जना भयो । यहि मतभेदले एकताकेन्द्रलाई विभाजनको संघारमा पुऱ्यायो । अन्ततः संस्थापन पक्षले २०५१ जेठ १६-२१ चितवनमा प्रथम राष्ट्रिय सम्मेलन गरी अल्पमत पक्षलाई नै नेतृत्ववाट हटायो । उक्त सम्मेलनले पार्टीको केन्द्रीय नेतृत्व चयन गऱ्यो । त्यसले पोलिटव्युरोको निर्वाचन गरी पुष्पकमल दाहाल प्रचण्ड महासचिवमा निर्वाचित भए । पार्टीले भिन्न मत पक्षिय केन्द्रीय नेताहरु मध्ये एक जना वाहेक सवैलाई निस्काशन गऱ्यो । त्यसमा स्वभाविक रुपमा निर्मल लामा र रुपलाल विश्वकर्मा जस्ता वरिष्ठ नेताहरु पनि परे । निस्काशन नगरिएका एकजनाले पनि पछि आफै राजिनामा दिए ।

त्यसैगरी कार्वाहीमा परेको पक्षले २०५१ जेठ १५ गते **राष्ट्रिय सम्मेलन आयोजक समिति** गठन गऱ्यो । जसको अध्यक्षमा नरवहादुर कर्मचार्य तोकिए ।

उता वहुमत पक्षले पार्टी केन्द्रीय समितिको तेश्रो विस्तारित वैठक आयोजना गरी आफ्नो समुहको नाम विधिवत रुपमा **नेपाल कम्युनिष्ट पार्टी माओवादी** राख्यो । यसरी पुर्व नेकपा मशाल, पुर्व चौ.म. र सर्वहारा श्रमिक संगठन, नेपाल लगायतका कम्युनिष्ट घटक मिलेर ३–४ वर्ष पहिला निर्माण भएको एकताकेन्द्र विभाजित भई पुर्व मशाल समूह नेकपा माओवादीको नामले संगठित भयो । अर्थात **नेकपा माओवादी**को जन्म भयो । यसले २०५२ फागुन १ वाट जनयुद्धको घोषणा गऱ्यो । १० वर्षको सशस्त्र युद्ध पश्चात सात राजनैतिक दल र माओवादी विच भारतमा सम्पन्न १२ वुँदे सहमति मार्फत यो पार्टीले लिखित रुपमा

शान्ती प्रक्रियामा आउने प्रतिवद्धता व्यक्तः गऱ्यो । दुवै पक्षको संयुक्त पहलकदमीमा ऐतिहासिक जनआन्दोलन २०६२/०६३ भव्य रुपले सफल भयो र देसमा गणतन्त्र आयो ।

२०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचनमा ६०१ मध्ये २२० सभासदहरुलाई विजय र प्रतिनिधित्व गराई नेकपा माओवादी देसको सवैभन्दा ठुलो पार्टी वन्न सफल भयो । माआवादीकै नेतृत्वमा करिव ९ महिनाजति सरकार पनि संचालन भयो, जसको प्रधानमन्त्री  माओवादी अध्यक्ष प्रचण्ड स्वयं भए ।

एकताकेन्द्र प्रकाश सँग २०६५ पुष २८ गते पार्टी एकता पश्चात यसको नाम परिवर्तन भई **एकिकृत नेकपा माओवादी** रहन गएको हो भने त्यहि एकतावाट नेकपा माओवादीले **प्रचण्डपथ** छाडेको पाईन्छ । त्यपछि पनि यस पार्टीमा विभिन्न समयमा करिव एक दर्जन जति साना कम्युनिष्ट पार्टीहरु विलय भएको पाईन्छ भने एकताकेन्द्र सँगको एकतावाट असन्तुष्ट मातृका यादवले पूर्व **नेकपा माओवादी**लाई पुनर्गठन गरी आफ्ना गतिविधीहरु संचालन गरिरहेका छन् ।

### ५. नेकपा एकीकृत

नेकपा एकताकेन्द्र मसालमा असन्तुष्ट पक्षको रामसिंह श्रीस राजवीर समूहले वेग्लै समूह गठन गरी नेकपा एकताकेन्द्र मसाल एकता महाधिवेशन केन्द्रीय समन्वय समिति गठन गऱ्यो । पछि यसले विष्णुलाल वाईवा चन्द्र को नेकपा केन्द्रीय तदर्थ समितिसँग एकिकरण गरी पार्टीको नाम नेकपा एकताकेन्द्र मसाल केन्द्रीय तदर्थ समिति राख्यो, जसको संयोजकमा राजवीर रहे ।

उता नेकपा मालेमा केन्द्रभित्र पनि गुटवन्दीले चर्को रुप लिएको थियो । त्यस क्रममा केन्द्रभित्रको असन्तुष्ट समुहले पार्टी प्रवक्ता सिताराम तामाङको अगुवाईमा विद्रोह गरी स्वयंलाई **वास्तविक पाटी** भएको घोषणा गऱ्यो ।

अर्कोतर्फ नेकपा माले भित्र ऋषि कट्टेलको समुह पनि असन्तुष्ट रहँदै आएको थियो । त्यसले पनि २०६२ पुष २०–२२ मा ललितपुरको स्टाफ कलेजमा पार्टीको तेश्रो सम्मेलन गरी समानान्तर नेकपा माले गठन भयो ।

राजवीर, तामाङ र कट्टेल समूहले २०६३ फागुन १४ आ–आफ्ना केन्द्रीय समितिको संयुक्त अधिवेशन गरेर नेकपा एकिकृत गठन गर्ने निर्णय गरे । अधिवेशनले राजवीर , कट्टेल र तामाङ रहेको ३ सदस्यीय अध्यक्षमण्डल, २१ सदस्यीय केन्द्रीय सचिवालय र ७५ सदस्यीय

महाधिवेशन आयोजक समिति गठन गरी विधिवत **नेकपा एकिकृत** गठनको प्रक्रिया आगाडि वढायो ।

त्यसपछि पनि यो पार्टीमा धेरै उतार चढावहरु आए । यसको केहि समुह एकिकृत नेकपा माओवादी मा विलय भए । अन्तिम समयमा एकिकृत भित्रको नवराज सुवेदी समुहले विद्रोह गरी राष्ट्रिय  कार्यकर्ता भेला गरेर एकिकृत नेकपा माओवादीमा गएको घोषणा गऱ्यो । अहिले यो पार्टी राजवीर र परी थापाको नेतृन्वमा संचालित छ । संविधानसभामा समानुपातिक तर्फवाट यो पार्टीले २ सभासदहरुको प्रतिनिधित्व गराएको थियो ।

**६.अन्य कम्युनिष्ट पार्टीहरु**

नेपालमा नेकपा (माले समाजवादी),नेपाल मजदुर किसान पार्टी,नेकमा ( संयुक्त),नेकपा(संयुक्त मार्क्सवादी),नेकपा (मार्क्सवादी) र नेकपा (मार्क्सवादी लेनिनवादी माओवादी केन्द) लगायतका कम्युनिष्ट पार्टीहरु पनि अस्तित्वमा रहेका छन् ।

## च.२०४६ सालमा गठित वाममोर्चामा सहभागी पाटीहरु

१.ने.क.पा. मार्क्सवादी

२. ने.क.पा. एमाले

३.ने.क.पा. मानन्धर

४.ने.क.पा. अमात्य

५.ने.क.पा. वर्मा

६.ने.क.पा. चौ.म.

७. ने.म.कि.पा.

## छ..संयुक्त राष्ट्रिय जनआन्दोलनको गठन २०४६ मा सहभागी पार्टीहरु

१.ने.क.पा. मशाल

२.ने.क.पा. मसाल

३.ने.क.पा. मा.ले.(कृष्णदास समुह)

४.सर्वहारा श्रमिक संगठन र शम्भुराम श्रेष्ठ

प्रवक्ता : डा.वावुराम भट्टराई

## ज.कम्युनिष्ट पार्टीमा विभाजन,एकता र विभिन्न पार्टी समूहहरु

नेपाल कम्युनिष्ट पार्टीले आफ्नो स्थापनाको ६२ वर्षमा भण्डै ६२ नै पटक फुट वेहोरिसकेको छ । एनेकपा माओवादी अहिले सवैभन्दा ठुलो र प्रभावशाली पार्टी हो । चौथो महाधिवेशन (२०३०) हुदै अनेक पल्ट फुटेको अधिकांस पार्टी अहिले माओवादीमा गाभिएको छन् । त्यसमा मोहनविक्रमसिंहको नेकपा मसाल मात्र अलग छ । मसालवाटै केहि अघि मात्र विद्रोह गरेर निस्केका डिलाराम आचार्य समूह समेत माओवादीमा छिरेको छ ।

माओवादी दक्षिणपन्थी भएको आरोप लगाई त्यसका पोलिटव्युरो सदस्य मणि थापा र रविन्द्र श्रेक्ष्टले पार्टी छाडेका थिए । थापाले क्रान्तिकारी कम्युनिष्ट पार्टी (रिभोल्युसनरी थर्ड विङ) खोले भने श्रेष्ठ एमाले छिरे । श्रेष्ठ माओवादीका कट्टर विरोधी र वामपन्थी धार गुमाईसकेको ओली नेपाल प्यानलमा रहे । माधव नेपाल सरकारमा सामान्य प्रशासन मन्त्री उनी एमालेमै अनुशासन कारवाहीका क्रममा निलम्वनमा परेका छन् । यता एकताकेन्द्रसंग एकिकरणमा असन्तुष्ट रहेका माओवादी मधेशी नेता मातृका यादवले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) खोले । त्यसको प्रभाव अहिले तराईका केहि जिल्ला वाहेक अन्त छैन् । संविधानसभा सदस्य रहेको यादवसंगै अर्का सभासद जगत यादव पनि वाहिरिएका थिए । उनीहरुका ठाँउमा माओवादीले अन्य दुई जनालाई मनोनित गर्‍यो । कुनै वेला मालेका अत्यन्तै प्रभावशाली नेता सीपी मैनालीको नेतृत्वमा क्लव स्तरीय पार्टी नेकपा माले छ । एमालेवाट विभाजित माले २०५८ मा वामदेव गौतम सहित करिव पुरै हिस्सा एकिकृत भयो । सीपी मैनाली, कृषि कट्टेलको छुट्टाछुट्टै नेतृत्वमा विभाजित भयो । कृषिको नेतृत्वमा रहेको पार्टी पछि नेकपा मसालवाट छुट्टिएको रामसिंह श्रीस राजवीरको पार्टी नेकपा एकिकृतसँग मिल्यो । एकिकृत पनि नेकपा एकिकृत, नेकपा एकिकृत जितविर २०६५ र नेकपा एकिकृत नवराज सुवेदी समुह गरी तीन टुक्रा भयो । हाल सुवेदी समुह माओवादीमा छिरेको छ । यता मालेकै जगतवहादुर वोगटी समूहले आठ मध्ये चार सभासद लिएर अर्को पार्टी नेकपा माले समाजवादी वनाएको छ । पुष्पलाल समूहवाट नेपाल मजदुर किसान संगठन हुंदै नेपाल मजदुर किसान समिति वनेको नारायणमान विजुक्छे रोहितको पार्टी २०४७ सालमा नेपाल मजदुर किसान पार्टी वन्यो । जुम्ला र दैलेखका केही ठाँउलाई छाड्ने हो भने यसको हैसियत भक्तपुर जिल्लास्तरीय क्लवको भन्दा कमि छैन । अन्य थुप्रै साना वाम पार्टीहरु छन्, जसको हैसियत टोलटोलका क्लव सँग दांज्न सकिन्छ । ती क-कस्का नेतृत्वमा छन् ? सम्वन्धित पार्टीकै नेता र कार्यकर्तालाई वाहेक विरलै अरुलाई थाहा छ । आम निर्वाचन

२०५६ मा एमाले अविभाजित भएको भए प्रतिनिधिसभामा उसको सिट संख्या १४० हुने थियो । एकीकृत रहेको अवस्थामा ऊ प्रति मतदाताको सकरात्मक मनोविज्ञानको फाईदा बेग्लै हुन्थ्यो । २०४८ र २०५१ सालको निर्वाचनमा पनि वामपन्थी फुटको फाईदा नेपाली कांग्रेस र राप्रपाहरुलाई भएको थियो । वर्तमान संविधानसभामा कम्युनिष्टहरुको सिट संख्या ३६८( ६२.८ प्रतिशत ) रहेको छ । माओवादी र एमाले वीच कैंयौ ठाउँमा काटमार भएपनि, एकिकृत र जनमोर्चावीच मारामार भएपनि त्यति धेरै मत आउनुको अर्थ परिवर्तनकारी कम्युनिष्टप्रति जनताको अपार विश्वास थियो । यस विश्वासप्रति उनीहरुले न्याय गर्न सकेनन् । संविधानसभा निर्वाचनमा माओवादी र एमालेमात्र मिल्न सकेको भए प्रत्यक्ष निर्वाचनमै उनीहरुको पक्षमा ४८ सिट थपिने थियो । यस स्थितिमा वामपन्थीहरुको सिट ४१६ पुग्ने थियो । (श्रेष्ठ, शुक्रवार, ३० वैशाख २०६८) ।

## झ.२०४७ सालपछिका आम निर्वाचनमा कम्युनिष्टहरु

२०४८ सालमा भएको पहिलो आम निर्वाचनमा ने.क.पा. मसाल मोहनविक्रम समुह वाहेक अन्य वाम समुहरु सहभागी वनेको थिए । त्यसको परिणाममा नेकपा एमाले ६९, संयुक्त जनमोर्चा नेपाल ९, ने.क.पा. प्रजातान्त्रिक २ र ने.म.कि.पा. २ स्थानमा विजयी वनेका थिए ।

त्यसैगरी २०५१ सालमा भएको मध्यावधि चुनावमा नेकपा एमाले ८८, ने.म.कि.पा. २ र ने.क.पा. मसाल २ स्थानमा विजयी वनेको थिए ।

त्यस्तै २०५६ वैशाख २० र जेठ ३ गते गरी दुई चरणमा सम्पन्न आमनिर्वाचनमा एमाले ७१, राजमो ५, संजमो नेपाल १ र नेमकिपा १ स्थानमा विजयी भएका थिए । यसरी कम्युनिष्टहरुले मात्र कुल सिटको ४१.३८ प्रतिशत थियो भने काग्रेसले ३६.१४ प्रतिशत अर्थात १११ स्थानमा जीत हासिल गरेको थियो । जुन निर्वाचनमा वामदेव गौतम नेतृत्वमा रहेको मालेले ६.३८ प्रतिशत लोकप्रिय मत हासिल गरेता पनि कुनै स्थानमा जीत हासिल गर्न सकेन ।

## ञ.कम्युनिष्ट पार्टीको स्थापना पश्चात हालसम्मका महत्वपुर्ण उपलव्धीहरु

राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा आईपरेका अनेकौं महत्वपूर्ण उथलपुथल र परिवर्तनका वीचमा नेपाली लोकतान्त्रिक क्रान्तिलाई मार्गदर्शन गर्दै नेपाली कम्युनिष्ट आन्दोलनले ६ दशक पार गरिसकेको छ । यो ६ दशक लामा अनुभवहरुको दौरानमा नेपाली

कम्युनिष्ट आन्दोलनले ठुलो अग्रगती र प्रगती गरेको पाईन्छ । यी ६ दशकमा अन्तर्राष्ट्रिय क्षेत्रका साथै राष्ट्रिय राजनीतिमा पनि ठुलै परिवर्तन भएको पाईन्छ । नेपाल कम्युनिष्ट पार्टीको स्थापना र लोकतान्त्रिक क्रान्तिको प्रक्रिया शुरु भएपछि नेपाली समाजमा प्रमुख रुपले निम्न उपलब्धीहरु भएको पाईन्छ :

- मुलुकमा १०४ वर्ष लामो निरंकुश जहानिया राणाशासन २००७ सालमा नै सदाका लागि अन्त्य भयो । त्यसपछि सत्तामा आएको र निरंकुश वनेको शाहराजतन्त्रले आफ्नो तानाशाही शासनलाई अकन्टक वनाउन खडा गरेको निर्दलीय पञ्चायती शासनलाई २०४६ सालको ऐतिहासिक जनआन्दोलनले समाप्त पारिदियो र पंचायती शासनलाई इतिहासको अजायव घरमा लगेर थन्काईदियो ।

- संवैधानिक वनेका राजा वीरेन्द्रको रहस्यमय दरवार हत्याकाण्डमा वंश नै विनाश भएपछि सत्तामा आएका राजा ज्ञानेन्द्रले फेरि निरंकुश राजतन्त्र स्थापना गर्न खोजे । त्यो देश र जनताका निम्ती मान्य थिएन । त्यसले गर्दा नेपाली जनता राजतन्त्रका विरुद्ध अभुतपुर्व संघर्षमा उत्रिए । त्यो संघर्ष आखिर शान्तिपूर्ण राजनीतिक क्रान्तिका रुपमा विकसित भयो र फेरि निरंकुश राजतन्त्र समाप्त भयो ।

- शान्तिपुर्ण क्रान्तिको प्रक्रियामार्फत मुलुकमा शान्तिपूर्ण राजनीतिक परिवर्तनको जुन प्रवाह शुरु भयो त्यही क्रममा संविधानसभाको समेत निर्वाचन सम्पन्न भयो र संविधानसभाको पहिलो वैठकवाट राजतन्त्र उन्मुलन गरि मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रुपान्तरण गरियो ।

- शान्तिपूर्ण क्रान्तिको क्रममा शुरु भएको परिवर्तनको क्रम अझै टुंगिएको छैन । मुलुकलाई एकात्मक अवस्थावाट संघात्मक ढाँचातिर सक्रमण वा रुपान्तरण अभियानमा सवै जुटिरहेको अवस्था छ । त्यसै क्रममा नयाँ लोकतान्त्रिक संविधान निर्माणको प्रक्रिया र सामन्तवाद र त्यसका सवै रुपहरुवाट नेपाल र नेपाली समाजलाई मुक्त पार्ने प्रयत्न अघि वढिरहेको छ ।

## ट.कम्युनिष्ट आन्दोलनले गरेका महत्वपुर्ण योगदानहरु

नेपाली कम्युनिष्ट आन्दोलनले नेपाली समाजमा उपरोक्त महत्वपूर्ण ऐतिहासिक उपलब्धीहरु छाड्न नेतृव्वदायी भूमिका खेलेको छ र अहिले पनि खेलिरहेको छ । त्यसक्रममा

नेपाली कम्युनिष्ट आन्दोलनले ठुलो योगदान गरेको छ । त्यसले यो सामाजिक राजनीतिक परिवर्तनको प्रवाहलाई मार्गदर्शन गर्न निम्न योगदान गरेको छ :

- नेपाली कम्युनिष्ट आन्दोलनले नै आम नेपाली जनतासमक्ष पहिलो पटक मार्क्सवाद लेनिनवादजस्तो वैज्ञानिक विचार प्रणालीलाई प्रस्तुत गर्‍यो र प्रकृति ,समाज र मानव चेतनालाई हेर्ने,वुभ्m्ने,विश्लेषण गर्ने र परिवर्तन गर्ने एउटा नयाँ विश्व दृष्टिकोण उपलव्ध गरायो ।

- त्यही वैज्ञानिक सिद्धान्तको मार्गदर्शनमा नेपाली कम्युनिष्ट आन्दोलनले नेपाली समाजको ऐतिहासिक विकास प्रक्रियालाई अध्ययन र विश्लेषण गर्दै त्यो ऐतिहासिक विकासको अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा आइपुगेको यथार्थलाई जनसमक्ष ल्यायो र नेपाली जनतालाई सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवाद विरुद्धको संघर्षमा अघि वढ्न प्रेरित गर्‍यो ।

- नेपाली सर्वहाराश्रमजीवी वर्गलाई समेत सचेत पार्‍यो र नेपालमा मार्क्सवाद लेनिनवादलाई मार्गदर्शन सिद्धान्त मान्ने कम्युनिष्ट पार्टीको स्थापना गर्न मार्गदर्शन गर्‍यो ।

- आफ्नो संगठनात्मक सञ्जाललाई विकास र समृद्ध पार्दै अघि वढ्ने क्रममा आज राष्ट्रव्यापी रुपमा कम्युनिष्ट आन्दोलन एउटा सशक्त आन्दोलनका रुपमा विकसित भएको छ ।

- नेपाल कम्युनिष्ट पार्टीले नेपाली समाजको ऐतिहासिक विकासक्रम ,यो समाजको वर्गीय संरचना, विभिन्न वर्गहरुप्रतिको नीति, क्रान्तिको स्वरुप र क्रान्तिको वाटोजस्ता सवालमा गम्भीर विश्लेषण गर्दै नेपाली क्रान्तिका कार्यदिशा, नीति,सिद्धान्त र कार्यक्रमको विकास गरेको छ । त्यसका आधारमा नेपाली क्रान्ति विभिन्न मोड र घुम्तीहरुलाई पार गर्दै अघि वढिरहेको छ ।

- मार्क्सवाद लेनिनवादको सामान्य मार्गदर्शनका आधारमा अघि वढ्ने क्रममा वा मार्क्सवाद लेनिनवादका आधारभुत सिद्धान्तहरुलाई नेपाली क्रान्तिको ठोस व्यवहारमा लागु गर्ने क्रममा जनताको वहुदलिय जनवाद जस्तो मौलिक कार्यक्रम र सिद्धान्तको विकास भएको छ,जसले अनेकौ प्रकारका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिकूलताका

वीचमा पनि नेपाली क्रान्तिलाई सही दिशामा मार्गदर्शन गरिरहेको छ । परिणामस्वरुप समाजवाद र साम्यवाद अधिकतम लक्ष्य वनेका छन् भने जनताको वहुदलिय जनवाद न्युनतम लक्ष्य वनेको छ ।

- यिनै लक्ष्य, कार्यक्रम, कार्यदिशा, नीति र सिद्धान्तका आधारमा नेपाली जनताको प्रतिक्रियावादविरोधी संघर्ष निरन्तर अघि वढ्दै आएको छ । यो संघर्षका क्रममा नेपाली कम्युनिष्ट आन्दोलनले भूमिगत र खुल्ला, वैधानिक र अवैधानिक, शान्तिपूर्ण र हिंसात्मक जनआन्दोलन र सशस्त्र सघर्ष, संसदीय र गैरसंसदीय, कानुनी र गैरकानुनी संघर्षका सवै रुपहरुलाई आवस्यकता र परिस्थितिअनुरप उपयोग गर्दै आएको पाईन्छ र त्यस क्रममा महत्वपूर्ण उपलव्धीहरु हासिल भएका छन् । त्यहि क्रममा आज देश संविधानसभाको मञ्चमा आईपुगेको छ । त्यो आफै वर्गसंघर्षको उपज हो र त्यो आफै वर्ग संघर्षको थलो हुन पुगेको छ ।
- ऐतिहासिक संघर्षका क्रममा नेपाली सर्वाहारा श्रमजीवि जनताको अग्रदुतका रुपमा कम्युनिष्ट पार्टीको निर्माण गर्नुका साथै त्यसका वरीपरि मजदुर,किसान, महिला,युवा वुद्धिजीवि,विद्यार्थी,शिक्षक,प्राध्यापक,इन्जिनियर,डाक्टर, वकिल, नर्स, कर्मचारी विभिन्न पेशागत समूहहरु,उद्यमीहरु, खेलाडीहरु, सांस्कृतिककर्मीहरु र स्रष्टाहरुका समेत अनेकौं प्रकारका संगठनहरु वनेका छन् र देशमा जनताको क्रान्तिकारी शक्ति क्रमिक रुपले वलियो हुँदै गएको पाईन्छ र यो घडिमा आइपुग्दा क्रान्तिका शक्तिहरुको पल्ला प्रतिक्रियावादी शक्तिहरुको भन्दा वलियो वन्न पुगेको पाइन्छ ।
- ऐतिहासिक संघर्षको कालखण्डमा नेपाली कम्युनिष्ट आन्दोलनले अनेक प्रतिकूल मोडहरुलाई पनि छिचोल्दै आएको र राजतन्त्र तथा विभिन्न खाले तानाशाही शासन व्यवस्थाले गरेका ठुला ठुला दमन, उत्पीडन, हत्या र हिंसाका कुचक्रहरुलाई पनि पार गर्दै आएको पाईन्छ ।

# अध्याय चार

# बागलुङ जिल्ला र कम्युनिष्ट पार्टीहरु

## क. बागलुङ जिल्लाको सामान्य परिचय

पश्चिम नेपालको पहाडी जिल्ला बागलुङ यसको प्राकृतिक सुन्दरता ,सम्पदा तथा राजनीतिक इतिहास अहिले प्रख्यात छ । १६ हजार पर्वतको नामले प्रसिद्ध वागलुङ जिल्ला नेपालको एकिकरण पुर्व चौविसे राज्य अन्तर्गत पर्दथ्यो । जुन समयमा कोटवाट भुरे टाकुरे राजाहरुले राज्य चलाउँथे । ती कोट मध्ये यस जिल्लामा पर्ने गल्कोट, विहुँकोट, सर्नाकोट र माझकोट प्रसिद्ध मानिन्थे । आजपनि यी ठाउँहरु प्रशिद्ध नै छन् । यस जिल्लाको पूर्वमा पर्वत,पश्चिममा रुकुम, रोल्पा, प्युठान उत्तरमा म्याग्दी र दक्षिणमा गुल्मी, प्युठान जिल्लाहरु पर्दछन् । यो जिल्ला २५ं १५′ उत्तरदेखि २८ं ३७′ उत्तर आक्षांस र ८३ं ००′ पूर्वदेखि ८३ं ३६′ पूर्वि देशान्तरमा पर्दछ । ६०० मिटरदेखि ४६९० मिटर सम्म उचाईका भुभागहरु भएको हुँदा यस जिल्लाको हावापानी शीतोष्ण एवं समशीतोष्ण, ठण्डा शितोष्ण, लेकाली र हिमाली रहेको पाईन्छ ।

यहाँ वार्षिक सरदर वर्षा २२०० मी.लि. र न्युनतम वर्षा १०.९ मी.लि. सम्म हुन्छ भने अधिकतम तापक्रम ३७.५ डि.से. र न्युनतम तापक्रम ६.५ डि.से. सम्म रहने गरेको छ । कुल क्षेत्रफल १८२४८६ हेक्टर रहेको यस जिल्लाका मुख्य नदीनालाहरुमा कालीगण्डकी, वडीगार्ड, उत्तगंगा, निसी, भुजी, तमान, दरम, ठेउले, काठे, जैदी, हुग्दी इत्यादी रहेका छन् भने खनिज पदार्थहरुमा सिसा, फलाम र सुन रहेका छन् । यस जिल्लालाई नेपाली हाते कागज (लोक्ता), वुट्टेनली, राडीपाखी र झोलुङ्गे पुलको नामले चिनिने गर्छ ।

पश्चिमांचल क्षेत्रको धौलागीरि अंचलका चार जिल्ला मध्ये एक यस जिल्लामा ३ वटा संसदिय निर्वाचन क्षेत्र, १३ इलाका, १ नगरपालिका (वा.न.पा.), ५९ गा.वि.स. र नगरपालिकाका ११ वडाहरु समेत गरी ५४२ वडाहरु रहेका छन् ।

यस जिल्लाको कुल जनसंख्या २६८९३७ रहेको छ, जसमा महिला १४५४०९ अर्थात ५०.२२ प्रतिशत र पुरुष १२३५२८ अर्थात ४९.७८ प्रतिशत छन् ।

नक्शाको आकारले सानो नेपाल जस्तो देखिने हुनाले यसलाई नेपाल भित्रको नेपाल पनि भनिन्छ । यस जिल्लामा मगर, व्राम्हण, क्षेत्री, कामी, सार्की, दमै, ठकुरी, नेवार, गुरुङ,थकाली लगायतका जाति समुदायहरुको वसोवास रहेको छ भने यहाँका प्रचलित भाषाहरुमा नेपाली, मगर, नेवारी आदि रहेका छन् ।

यस जिल्लाका जनताको मुख्य पेशा कृषि,नोकरी र व्यापार हो भने अंचलको सदसमुकाम वागलुङ बजार एउटा मुख्य व्यापारिक केन्द्रको रुपमा स्थापित छ ।

## तालिका नं. १

## बागलुङ जिल्लाको जनसाँख्यिक स्थिति

| | | |
|---|---|---|
| १ | जिल्लाको कुल जनसँख्या | २६८९३७ |
| २ | महिलाको जनसँख्या | १४५४५९ |
| ३ | पुरुषको जनसँख्या | १२३५२८ |
| ४ | लैंगिक अनुपाल | ८५ प्रतिशत महिलामा पुरुष |
| ५ | परिवार सँख्या | ४६५६५ |
| ६ | औसत परिवार सँख्या | ५.०२ जना |
| ७ | वार्षिक जनसँख्या वृद्धिदर | १.४६ प्रतिशत |
| ८ | जनसँख्या दोव्वर हुन सक्ने अवधि | ३१ वर्ष |
| ९ | जनघनत्व | १५१ जना प्रति वर्ग कि.मी. |
| १० | शहरी जनसँख्या | ७.७५ प्रतिशत |
| ११ | ग्रामिण जनसँख्या | ९२.२५ प्रतिशत |
| १२ | शहरी जनघनत्व | ११३६.३५ जना प्रतिवर्ग कि.मी. |
| १३ | ग्रामिण जनघनत्व | १४०.५१ प्रतिवर्ग कि.मी. |
| | | |

*श्रोत: वागलुङ जिल्लाको संक्षिप्त जानकारी २०६४*

## तालिका नं. २

## बागलुङ जिल्लाको जातिगत जनसंख्या विवरण

| क्र.स. | जातजाती | प्रतिशत |
|---|---|---|
| १ | मगर | २७.४६ |
| २ | ब्राम्हण | २२.४१ |
| ३ | क्षेत्री | १९.६१ |
| ४ | कामी | १२.९४ |
| ५ | सार्की | ४.२६ |
| ६ | दमाई | ३.९८ |
| ७ | नेवार | १.२० |
| ८ | गुरुङ | ०.७२ |
| ९ | थकाली | ०.३३ |
| १० | अन्य | ६.९९ |

*श्रोतः केन्द्रीय तथ्यांक विभाग, २०५८*

### ख.जिल्लाको नामाकरण सम्वन्धमा

जि.वि.स.बागलुङ,जिल्लाको वस्तुगत विवरण ,२०६५ अनुसार यस जिल्लाको नाम वागलुङ रहनुमा निम्न थुप्रै किवदन्तीहरु पाईन्छन् :

) संस्कृत भाषा व्याकरणमा **व्यांघ्रालुनातीति**, व्याघ्र ≠वाघ, लुनातीतिको अर्थ लुत्र अर्थात **व्याघ्रजुज** व्याघ्र ≠वाघ र **लुअ** को अर्थ छेद्नु/काट्नु वा मास्नु हो । कुनै समयमा यस ठाउँमा वाघै वाघहरुको ताति हुनाको कारण यहाँको जनजीवन अति नै भयाभहपूर्ण थियो । यस्तो डरलाग्दो वा दयनिय अवस्थालाई देखेर त्यसवेलाका मगराती जातिका वलिया व्यक्तिहरुको समुहको सक्रियतामा ती वाघहरुलाई छेद्ने काट्ने वा मार्ने जस्ता काम गरेका हुँदा वाघहरुलाई मास्ने उद्देश्यले गरेको कार्यको अर्थमा यस ठाउँको नाउँ **बाघ्रलुत्र** वा **व्याघ्रलुर** हन गएको हो ।

- तिव्वती भाषा व्याकरणमा **बाग** को अर्थ कहिँ केहि उठेको खण्ड र **लुङ** को अर्थ कहिं कहिं मैदानी वा समथरको अर्थलाई वुझाउँछ । यसर्थ **बागलुङ** को भौगोलिक वनावटलाई हेर्दा केहि समथर खण्ड र केहि उठेको जग्गाको आकारले पनि उक्त तिव्वती भाषा व्याकरण मुताविक पहिले पहिले यहाँ आउने गर्ने तिव्वतीहरुद्वारा उक्त शव्दको आधारमा यस ठाउँको नामाकरण गरिएको देखिन्छ ।
- **बाघ** खस भाषा हो र **लुङ** को अर्थ लस्कर वा तांति, लामलाई जनाउँछ । यस अर्थ वाघहरुको ताती,लस्कर वा लाम भन्ने पनि रहेको पाईन्छ ।

## ग. बागलुङमा आन्दोलन र संघर्षसँगै  नेपाल कम्युनिष्ट पार्टीको उदय र विकास

सोभियत संघको परिवर्तन, चिनिया नौलो जनवादी क्रान्ति, भारतबाट व्रिटिस साम्राज्यको अन्त्य, राणा शासनको अन्त्य र आधुनिक शिक्षा प्रणालीको नेपालमा सचेत युवाहरुलाई प्रभाव पारेको थियो । २००७ सालमा बागलुङ बजारमा रहेको युवाहरुको बीचमा युवक संगठन निर्माण भएको पाइन्छ । २००८ सालतिर पश्चात् पाल्पाका चिरञ्जिवीलाल वैद्य,जो नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालका वहिनी ज्वाई थिए, ३ महिना बागलुङमा अध्यापनको सिलसिलामा आएर वसेका थिए । चिरंञ्जिवीलाल वैद्यले कम्युनिष्ट विचार र प्रगतिशील साहित्यको प्रचार प्रसार गरेका थिए । यसैक्रममा उनले वागलुङका युवाहरु युक्तप्रशाद प्रधान,श्यामसुन्दर गुभाजु लगायतलाई कम्युनिष्ट विचारधारामा ल्याएको पाईन्छ । जिल्लामा कम्युनिष्ट आन्दोलनको बारेमा प्रचार प्रसार गर्ने पहिलो व्यक्ति चिरञ्जिवीलाल वैद्य हुन् । त्यसैगरी २००९ सालतिर शैलेन्द्रकुमार श्रेष्ठ विद्यामन्दिरमा शिक्षक भएर आई कम्युनिष्ट विचारधाराको प्रचारप्रसार गरेको पाईन्छ ।

अन्तर्वार्ताका क्रममा दिर्घप्रसाद पाण्डेका अनुसार बागलुङमा २०१४ सालमा विद्यार्थी फेडेरेशन गठन भएको थियो जसमा विद्यामन्दिरमा अध्ययन गर्ने विद्यार्थीहरु शास्त्रदत्त पन्त, राधेश्याम कमारो,हरिहर श्रेष्ठ,वालकृष्ण नेवा,लालचन राजभण्डारी लगायत संगठित भएका थिए । सोहिक्रममा विद्यामन्दिरमा हाईस्कुल विद्यार्थी युनियनको निर्वाचन भएको थियो । जसमा सोमप्रशाद गौचनको अगुवाईमा राधेश्याम कमारो लगायतका विद्यार्थीहरुले कम्युनिष्ट पक्षवाट चुनाव लडेका थिए भने कांग्रेसवाट रामजी श्रेष्ठ चुनाव लडेका थिए । यसरी विद्यामन्दिरमा प्रगतिशील विद्यार्थीहरुको उदय हुन पुगेको पाईन्छ ।

२००९ सालमा होटेल व्यवसाय गर्नेक्रममा गोरखपुरको कुनाघाटमा पुगेका बागलुङ हरिचौरका बसन्त गौचन भारतीय कम्युनिष्टको सम्पर्कमा पुगेका थिए जुनवेला भारतमा

**यात गल्ला देओ, नैतो गद्धि छोडो** भन्ने लोकप्रिय आन्दोलन संचालित थियो । उनी गोरखपुरमा भारतीय कम्युनिष्ट पार्टीका नेता जगधिशगढ र ज्यामिन अलिको सम्पर्कमा पुगे । उनले २०१४ सालमा भारतीय कम्युनिष्ट पार्टीको सदस्यता लिएका थिए । उनकै पहलमा हरिचौरका तेजव गौचन, तस्मत गौचन, वलवहादुर शेरचन लगायतका व्यक्तिहरु कम्युनिष्ट वनेका थिए ।

अन्तर्वार्ताका क्रममा बसन्त गौचनका अनुसार २०१० सालमा टिकाबहादुर मल्ल नेपाल युवक संघको अध्यक्ष बनेका थिए । २०१० सालमा नै भुपेन्द्रमान शेरचनले साम्राज्यवादको विरोध गरेर बागलुङ बजारको नारायणचोकमा भाषण गरेको पाईन्छ ।

२०११ सालतिर विद्यामन्दिर हाइस्कूलमा शिक्षकको रुपमा आएका हर्ष श्याम्बोले कम्युनिष्ट आन्दोलन र प्रगतिशील साहित्यको प्रचार प्रसार गरेको पाईन्छ ।

अन्तर्वार्ताका क्रममा काजी गाउँले श्रेष्ठका अनुसार २००६ सालमा नेकपाको स्थापना भएपनि बागलुङ जिल्लामा पार्टीको शुरुवात भने २०१२ सालमा भएको पाइन्छ । २०१२ सालमा निर्मल लामा, हिक्मत सिंह भण्डारी र लक्ष्मण राजवंशीले कम्युनिष्ट राजनीतिको प्रवेश गराएका थिए ।

२०१९ सालतिर काठमाडौ पढ्न गएका देवेन्द्र सुवेदी दुदिलाभाटीमा, देवराज पन्त पार्वती प्रा.वि.,चरौंदी,हरिचौरमा,वद्रीकुमार श्रेष्ठ गौमुखी हाईस्कुल, हटियामा र कृष्ण ढकाल अरनिको नि.मा.वि.,हरिचौरमा शिक्षक वनेका थिए । सोहि वेला जव २०२१ सालमा चित्रवहादुर के.सी. अरनिको नि.मा.वि.,हरिचौरमा प्र.अ.भएर आए ,उनले पार्टी संगठन वनाउनेतर्फ ध्यान दिए । यीनले हरिचौरमै पढाउने मथराप्रसाद श्रेष्ठलाई पनि कम्युनिष्ट वनाउन पुगे भने दुदिलाभाटीमा देवेन्द्र सुवेदी पनि राम्रै समर्थन जुटाउन सफल भएका थिए ।

नेकपा (एमाले) बागलुङको २०४७ मा सम्पन्न प्रथम जिल्ला अधिवेशनको राजनैतिक प्रतिवेदनका अनुसार २०१४ सालतिर नन्दकिशोरी रात्री कलेजमा पढ्ने चित्रबहादुर के.सी. प्युठानका सिद्धिमान जि.सी.को सम्पर्कमा पुगे । उनी युवा विद्यार्थीहरूलाई प्रशिक्षित गर्न, आकर्षित गर्न अत्यन्त सिपालु थिए । २०१५ सालमा मोहन विक्रम सिंहको सम्पर्कमा पुगे । तत्कालिन अवस्थामा पद्मोदय हाइस्कूल दरवार हाइस्कूल राजनीतिको केन्द्रविन्दु थिए । तत्कालीन अवस्थामा काठमाडौमा लेफ्ट ग्रुप थियो । त्यसको जिल्ला जिल्लामा पुगेर संगठन गर्नु पर्दछ, कम्युनिष्ट विचारधारा र आन्दोलनलाई गाउँ गाउँ पुऱ्याउनु पर्दछ भन्ने मान्यता

थियो । सोहि क्रममा २०२१ सालको पौष १४ र १५ गते गल्कोटको हटिया गा.वि.स.अन्तर्गत पर्ने चमुवाको पुछार डाँडाखेतमा प्रथम जिल्ला भेला भएको थियो र उक्त भेलामा  चित्र बहादुर के.सी.को नेतृत्वमा हटियामा चित्रवहादुर शेरचन र वद्रिकुमार श्रेष्ठ, हरिचौरका देवराज पन्त,मथुराप्रशाद श्रेष्ठ र रामलाल भट्टचन, पिताम्बर पुन,दुदिलाभाटीका भिमवहादुर  राना,टेकविर पुन,पीताम्वर पुन र देवेन्द्र सुवेदी र धनवहादुर लगायतको उपस्थिति रहेको थियो। भेलाले चित्रवहादुर के.सी.को नेतृत्वमा एक जिल्ला संगठन कमिटी गठन गरेको थियो । उक्त कमिटी तेस्रो महाधिवेशन केन्द्र अन्तर्गतको थियो । तत्कालिन अवस्थामा कुनै विधान दस्तावेज नभएपनि गठित जिल्ला समितिलाई पछाडि केन्द्रले मान्यता दिएको थियो।

त्यसैगरी २०२२ सालको माघ/फागुनमा दुदिलाभाटीमा दोस्रो जिल्ला भेला भयो । भेलामा चित्रबहादुर के.सी., बसन्त गौचन, रामलाल भट्टचन, पिताम्बर पुन, भिमबहादुर पुन, देवेन्द्र सुवेदी तथा  बागलुङबाट गएका राधेश्याम कमारो, श्रवणलाल शाक्य र हिक्मत गौचन सहभागी थिए।

त्यतिवेलै जिल्लाको दक्षिण भेगमा तिलक आचार्यको नेतृत्वमा २०२३ सालमा नविन सागर, गणेश आचार्य, निलकण्ठ, हरिप्रसाद शर्मा, दलबहादुर मगर रहेको कमिटी निर्माण भएको पाइन्छ । उक्त संगठनले पुष्पलालको विचार समुहको नेपाल कम्युनिष्ट पार्टीलाई समर्थन गर्दथ्यो।

यसरी गलकोट र बागलुङको दक्षिण भेगमा गरी कम्युनिष्ट पार्टीका दुईवटा संगठन देखा परे । जिल्लामा दुईवटा कमिटी देखापरे पश्चात् दक्षिणभेगको नेतृत्व गर्ने तिलक आचार्य र गलकोट बागलुङ क्षेत्रको नेतृत्व गर्ने चित्रबहादुर के.सी बीचमा छलफल संचालन भयो । चित्रबहादुर के.सी. समेतको टोली सर्कुवा पुगेर छलफल पश्चात् २०२३ सालमा दुदिलाभाटीको गाजाको धुरी ठुलो वनमा रहेको टेकवहादुर घर्तीको घरमा  **तेस्रो संयुक्त जिल्ला भेला** भयो । भेलामा दक्षिण भेगवाट नवीनसागर, प्रेमसागर,तिलक आचार्य,दिनानाथ शर्मा लगायतको उपस्थिति थियो भने गलकोट भेगवाट चित्रवहादुर के.सी.,मथुराप्रशाद श्रेष्ठ,चित्रप्रसाद शेरचन,भीमप्रसाद शेरचन,देवेन्द्र सुवेदी,निलप्रसाद श्रेष्ठ लगायतको उपस्थिति थियो। भेलाले गलकोट क्षेत्र र दक्षिणवाट मिलाई चित्र बहादुर के.सी.को नेतृत्वमा जिल्ला संगठन कमिटी निर्माण गरेको थियो। त्यस्तै २०२४ सालको फागुनमा चौथो जिल्ला सम्मेलन, २०३२/०३३ मा पाँचौं जिल्ला सम्मेलन चोराहमा र छैठौं जिल्ला सम्मेलन २०५१

मा रिघामा सम्पन्न भएका थिए । २०२८ सालमा गठन भएको केन्द्रीय न्यूक्लियसले २०३१ सालमा भारतको बनारस श्रीकृष्ण धर्मशालामा चौथो महाधिवेशन आयोजना भयो जुन मोहनविक्रम सिंहको नेतृत्वमा रहेको नेकपा (चौथो महाधिवेशन) को नाम र धार एवं स्कुलिङबाट अगाडि बढेको थियो । चौथो महाधिवेशनमा भाग लिन चित्रवहादुर के.सी. पुष्पमान श्रेष्ठ, काजी गाउँले श्रेष्ठ, राधेश्याम कमारो सहभागी थिए । जिल्लामा उक्त पार्टीको नेतृत्व चित्रवहादुर के.सी. र देवराज पन्तले गरेका थिए ।

त्यतिवेला वागलुङको पश्चिम भेगमा पर्ने अधिकारीचौरको स्कुलमा कृष्ण र वद्री भन्ने दुई जना शिक्षक काठमाडौवाट आएका थिए । उनीहरु प्रगतिशिल विचारधाराका भएकोले कामीले छोएको पानी खाएवापत उनीहरु सामाजिक वहिष्कारमा पनि परेको पाईन्छ । उनीहरुले करिव २ वर्ष उक्त क्षेत्रमा चेतना फैलाउने काम गरेका थिए । यसैगरी पश्चिमको असारेमा रहेको विद्यालयमा वामदेव गौतम र वोहोरा गाउँमा खड्गवहादुर जी.सी. शिक्षक भएर आएका थिए । उनीहरुले पनि कम्युनिष्ट विचारधाराको प्रचार प्रसार गर्ने काम गरेका थिए तर संगठन निर्माण भने गर्न सकेको पाईदैन । त्यसैले २०२४ सालसम्म पश्चिम भेगमा कम्युनिष्ट पार्टीमा कुनै संगठित व्यक्ति रहेको पाईदैन भने जिल्लाकै हकमा चित्रवहादुर के.सी.ले नेतृत्व गरेका जिल्ला संगठन कमिटीमात्र थियो ।

२०२३ सालमा गलकोटको गौमती हाईस्कुलमा गुल्मीका माधवप्रशाद ज्ञवाली,केशव ज्ञवाली,धनवहादुर थापा लगायतको टोली शिक्षक भएर आएको थियो । उनीहरु प्राय पुष्पलाल विचार समूहका भएकाले चित्रवहादुर के.सी.को जिल्ला संगठन कमिटीमा रहेनन् र अलग्गै संगठन पनि वनाएनन् । तर पनि गलकोटमा कम्युनिष्ट आन्दोलनको विकास गर्नमा उनीहरुको ठुलो भूमिका रहेको पाईन्छ ।

२०२४ सालपछि गल्कोटमा कम्युनिष्ट उभार आयो भने वागलुङ वजारमा पनि नयाँ पुस्ता जन्मन पुगे । चित्रवहादुर के.सी.ले हरिचौर नि.मा.वि.मा अध्ययन गर्ने विद्यार्थीहरु ओम गुरुङ,रामसिंह श्रीस,रामवहादुर गौचन रामवहादुर रोकार र स्थानीय मथुराप्रशाद श्रेष्ठ,तारा ढकाल,पदमवहादुर राना,रामलाल भट्टचन लगायतलाई कम्युनिष्ट वनाएका थिए भने वागलुङ वजारमा पनि नयाँ पुस्ताका रुपमा पुष्पमान श्रेष्ठ,काजी गाउँले श्रेष्ठ,कृषिराम सापकोटा, चित्रलाल शाक्य,महेन्द्रकुमार श्रेष्ठ,सुरेन्द्रकुमार श्रेष्ठ,महेशचन्द्र प्रधान,म्याग्दीका चन्द्रवहादुर घिमिरे,पर्वतका धनवहादुर वरुवाल र चन्द्रनरसिंह राजभण्डारी लगायत कम्युनिष्ट भएका थिए ।

त्यस्तै २०२५ सालतिर वालमुकुन्द खरेल र २०२६ सालतिर झलनाथ खनाल गलकोटमा शिक्षक भएर आएका थिए । त्यतिवेला खनाल हरिचौरमा वस्थे । उनीहरुले विद्यार्थीहरुमार्फत अभिभावकसम्म पुगी कम्युनिष्ट विचार प्रवाह गर्ने गरेका थिए । दिनभर पढाउने अनि पढाउने काम संशोधनवादी काम हो बुर्जुवा शिक्षाको विरुद्ध चर्को कुरा गर्थे ।

२०२६ साल फागुन ७ गते पार्वती प्रा.वि.,हरिचौर, चरौंदीमा राती राजतन्त्र विरोधी सांस्कृतिक कार्यक्रम भयो । कार्यक्रममा उक्त भेगका धेरै युवाहरुको उपस्थिति रहेको थियो । सो क्रममा एउटा **पिठे रेडियो**को कमेडी देखाउने निर्णय भयो । उक्त रेडियोवाट समाचार भन्ने क्रममा दुर्गाराज पन्त डोकाभित्र पसे । डोकालाई कपडाले ढोकिएको थियो । अन्य सहभागी श्रोताका रुपमा मञ्चमा थिए । एक जनाले रेडियो खोलेको अभिनय गरे । त्यसपछि यो पिठे रेडियो हो भन्दै......राजतन्त्रलाई खिल्ली उडाउने खालका कमेडी समाचार प्रस्तुत गरियो । कार्यक्रममा प्रशस्त प्रहरीको उपस्थिति भएपनि तत्काल युवाहरुको व्यापक उपस्थितिका कारण केहि गर्ने अवस्था थिएन । तर पछि उक्त कार्यक्रमलाई निहुँ वनाएर तत्कालिन अञ्चलाधिस लगायतको योजनामा फागुन २७ गतेदेखि धरपकड शुर गरियो । पार्टी योजनामा नभएर स्वत:स्फुर्तरुपमा भएको घटना हुनाले तत्कालिन जिल्ल पार्टी संगठनले त्यस विषयमा त्यति चासो देखाएन । कार्यक्रममा सहभागी युवाहरुलाई सचेत वनाउने कुनै काम गरेन । प्रशासनले गलकोट भेगका कम्युनिष्ट भनिने सवैलाई वारेण्ट जारी गर्‍यो । कोहिलाई राजकाज अपराध,कोहिलाई संघसंस्था ऐन र कोहिलाई शान्तिसुरक्षा ऐन अन्तर्गत मुद्दा चलाई जेल चलान गर्‍यो । शान्तिसुरक्षा अन्तर्गत जेल चलान भएका झलनाथ खनाल र देवराज पन्त तीन महिनामा छुटे ,संघसंस्था ऐन अन्तर्गत थुनिएकाहरु छ महिनामा छुटे भने राजकाज अपराध मुद्दामा फैसला गरी दस महिना जेल र तीन सय देखि नौ सय रुपैंया सम्म जरिवाना भयो । संघसंस्था ऐन अन्तर्गत मुद्दा चलाई फरार रहेका चित्रवहादुर के.सी.ले पनि पछि आफै गिरफ्तारी दिइ ६ महिना जेल सजाय भोगेका थिए । झलनाथ खनाललाई भने पछि धौलागिरी अञ्चलबाट प्रशासनले निश्कासन गऱ्यो । उक्त घटनालाई निहुँ वनाएर कम्युनिष्ट सखाप पार्ने योजना पञ्चहरुको भएपनि सजाय भोगेर छुटेपछि युवाहरु आ-आफ्ना जिम्मेवारीमा लागे र झन सक्रिय हुन थाले । यसरी आउँदा २०२६/०२७ सालतिर गलकोट भेगमा कम्युनिष्टहरुको वाहुल्यता स्थापना भएको थियो ।

चित्रबहादुर के.सी.का अनुसार २०२५ सालमा गलकोट क्षेत्रमा बढ्दो कम्युनिष्ट गतिविधिका कारण गलकोटमा प्रहरी चौकी स्थापना भयो । तत्कालीन बडा हाकिम

गोविन्दप्रसाद सिंह अन्त्यन्त क्रुर थिए । उनको नेतृत्वमा आन्दोलन माथि दमन हुन्थ्यो । दीर्घप्रसाद पाण्डे, अमर ढकाल, दुर्गाराज पन्त, देवराज पन्तलाई संघसंस्था नियन्त्रण ऐन लगाएर मुद्दा चलाए । चित्रवहादुर के.सी. भूमिगत भएका थिए । २०२७ साल आषाढ ४ गते चित्रबहादुर के.सी. पक्राउ परेका थिए

२०२५/०२६ सालतिर कम्युनिष्टहरुकै नेतृत्वमा समाज सुधार कार्यक्रम अन्तर्गत गल्कोट भेगमा रहेका ठेकेदार कुरेसको ठेक्कामा हटिया र काँडेवासमा उत्पादन हुने रक्सीभट्टीहरु नष्ट गर्ने काम पनि दलवहादुर के.सी.को नेतृत्वमा भएको थियो । उक्त घटनामा शिक्षक धनसिंह थापा,दलवहादुर के.सी.,उपेन्द्रराज शास्त्रीले संघसंस्था ऐन अन्तर्गतको मुद्दा समेत वेहोरेका थिए भने

२०२७ सालमा दलाई लामाको नेतृत्वमा तिव्वतका कम्युनिष्ट विरोधी तिव्वतीयनहरु मुस्ताङमा संगठित हुन थाले । लुटपाट, चौकी आक्रमण गर्दै चीन विरोधी गतिविधि अगाडि बढाए । **खम्बा विद्रोह** को नामले संचालित उक्त काण्ड विरुद्ध बागलुङमा जुलुस प्रदर्शन भयो । बागलुङ बजारमा गणेशको रथयात्राको अवसरमा पर्चा छर्ने काम भएको थियो । जसको नेतृत्व काजी गाउँले श्रेष्ठले गरेका थिए ।

त्यस्तै विभिन्न व्यक्तिहरुसँगको अन्तर्वार्ताका क्रममा प्राप्त सुचना अनुसार २००७ सालमा स्थापित प्रजातन्त्र २०17 सालमा राजाद्वारा अपदस्थ हुनपुग्यो । त्यसपछि पञ्चायती व्यवस्थाको घोषणा सँगै राजशाहीको दमन चक्र बढ्दै थियो । राजशाहीको दमन विरुद्ध नौजवान युवाहरु पनि जागरण, परिवर्तन र आन्दोलनको ज्वारभाटा उठाउँदै थिए । पञ्चायती राजशाहीको अन्त्य र सामन्ती शोषण उत्पीडनको विरुद्ध जनताहरु जुरमुराउँदै थिए । २०२४ सालमा पञ्चायती व्यवस्था विरुद्ध, पर्चा छर्दै अगाडि बढे । त्यो अभियानमा धम्जाको देउरालीमा कार्यालय स्थापना गरेका थिए । पुष्पलाल श्रेष्ठको नेतृत्वमा आवद्ध रहेको टंक प्रसाद शर्मा कुशल प्रचारक थिए । बागलुङमा निगरानी बढेकाले डोल्पा पुगेर शिक्षक बनेर पार्टीको प्रचार गर्दै थिए । तत्कालिन अवस्थामा हालको डोल्पा जिल्ला धौलागिरी अञ्चलमा पर्दथ्यो । बागलुङबाट गएका कार्यालयका कर्मचारीको सुराकीमा डोल्पाबाट गिरफ्तार गरे । त्यसै सिलसिलामा मोहनलाल शर्मा पर्चाकाण्डमा गिरफ्तार भएर करिव ३ वर्ष कठोर पाल्पा जेलको यातना पश्चात् मुक्त भए र बुर्तिबाङ क्षेत्रमा शिक्षक आन्दोलनको अगुवा नेताको रुपमा क्रियाशिल रहेका थिए ।

२०२४ सालमा टंकनाथ शर्मा, मोहनलाल शर्मा, मेघनाथ शर्मा (अमलाचौर), उपेन्द्रराज पन्त र पिङ्गलराज पन्तले पञ्चायती व्यवस्थाको विरुद्ध पर्चा छर्ने काम गरे । बागलुङ बजार हुँदै धम्जा देउरालीसम्म पर्चा छर्ने काम भयो । टंकनाथ शर्मा, मोहनलाल शर्मालाई गिरफ्तार गरेर पाल्पा जेल पठाइयो । केहीले बागलुङ कारागारमा बन्दी जीवन विताउनु पऱ्यो ।

कृषिराम शर्मासँगको अन्तर्वार्ताको क्रममा २०२७/०२८ सालमा चिनियाकाजी दिवसको अवसर र नयाँ शिक्षा नीतिको विरुद्ध आन्दोलनमा बागलुङ वजारमा करिव ५०० जतिको जुलुश प्रदर्शन भएको थियो । त्यस आन्दोलनको मुख्य केन्द्र हालको विद्यामन्दिर उच्च मा.वि. थियो । जुन आन्दोलनको नेतृत्व तत्कालिन विद्यामन्दिर स्कुल स्वतन्त्र विद्यार्थी संगठनका सचिव ऋषिराम शर्मा र अर्का नेता राजेन्द्र श्रेष्ठले गरेका थिए । आन्दोलनको नेतृत्व गरेकोमा ऋषिराम शर्मा र राजेन्द्र श्रेष्टलाई एक हप्ता जति जिल्ला कारागारमा राखेर रिहा गरिएको थियो । त्यति नै वेला सिक्किम भारतमा विलय गरिएको विरोधमा अनन्त छन्त्याल, जीवन शाक्य, शैलेन्द्र शाक्य, मोहनश्याम राजभण्डारी., मोहनमाया मलेपति, योगमाया राजभण्डारी र रस्मी श्रेष्ठ सक्रिय थिए ।

त्यसैगरी २०३४ असार ७ गते राजतन्त्र विरुद्धमा देशव्यापी रुपमा पर्चा आन्दोलन भएको थियो । जसको नेतृत्व जिल्लामा कृषिराम शर्मा,काजी गाउँले श्रेष्ठ,पारश श्रेष्ठ र सोमवहादुर वोगटीले गरेका थिए । सोही क्रममा उनीहरुलाई करिव ६ महिना जेल चलान गरिएको थियो ।

२०३५/०३६ सालको संघर्षमा विभिन्न आन्दोलन भए । त्यस संघर्षमा पार्टीको तर्फबाट भन्दा शिक्षक संगठन र जनसंगठनबाट आन्दोलन अगाडि बढ्यो । २०३७/०३८ को शिक्षक आन्दोलन, २०३७ सालको नेपाल बन्द निकै प्रभावकारी रहेको पाईन्छ । त्यस्तै २०३८ सालको परिक्षा वहिष्कार आन्दोलनको क्रममा कृषिराम शर्मा र काजी गाउँले श्रेष्ठलाई २ महिना जेल चलान गरिएको थियो ।

२०४६ सालको अन्दोलनमा बगालुङ बजारमा संयुक्त वाममोर्चाको तर्फबाट नेकपा ( माले) ले केही गतिविधिहरु गऱ्यो । ग्वालीचौर र खरबाङमा स्थानीय स्तरमा संघर्ष भए ।

बहुदलीय व्यवस्था स्थापना पश्चात् जिल्लाको बुर्तिबाङमा भूमिराज शर्माको हत्या भयो भने ज्यामिरघाट काण्ड प्रहरी निरिक्षक हत्याको अभियोगमा नेकपा मसालका नेता

कार्यकर्ताहरू विरुद्ध जिल्लामा प्रशासनिक एवं दमन तिव्र रुपमा अगाडि बढ्यो । स्थानीय निकायको निर्वाचन २०४९ मा गिरिजा सरकारको विरुद्ध र कर्मचारी आन्दोलन शसक्त रुपमा अगाडि बढे । कर्मचारी आन्दोलनको क्रममा नोगेन्द्र सापकोटा, चन्द्र खड्का, पदम श्रीस र पिङ्गल गौतम निश्कासनमा परेका थिए । आन्दोलनपश्चात निलम्वन खारेज भयो ।

२०४७ सालमा गुरूप्रसादको हत्याकाण्ड विरुद्धको आन्दोलन, कृष्णप्रसाद श्रेष्ठको हत्या विरुद्धको आन्दोलन, कर्मचारी आन्दोलन २०४८, नेपाली कांग्रेसको सर्वसत्तावाद विरोधी आन्दोलन, मदन आश्रित हत्या विरुद्धको आन्दोलन, प्रतिगमन विरोधी आन्दोलन, लोकतान्त्रिक गणतन्त्रका निम्ति जनअभियान, नगर निर्वाचन बहिस्कार र २०६२/०६३ को १९ दिने जनआन्दोलन जिल्लामा सञ्चालन भएको पाईन्छ । जनआन्दोलनका क्रममा जिल्लामा १०१ जना घाईते भएका थिए । त्यस्तै गरी नेकपा (मसाल) को तर्फबाट नेकपा ( एमाले) का नेता कार्यकर्ता विरुद्ध विभिन्न समयहरुमा शारीरिक, भौतिक आक्रमणहरु भए । विभिन्न समयमा गरी एमालेका नेता कार्यकर्ताहरू पशुपति चौलागाई, कृष्ण पाठक, लक्ष्मी पौडेल, खगेन्द्र पौडेल, टेकबहादुर श्रीस र काजीमान श्रीसमाथि आक्रमण एवं ज्यादती भएको र नेकपा (मसाल)का उग्र, अराजक क्रियाकलापहरुका विरुद्ध एमाले जुध्दै आएको पाईन्छ ।

## घ.माओवादी सशस्त्र द्वन्द्व र बागलुङमा त्यसको असर

सशस्त्र द्वन्दको सिलसिलामा यस जिल्लामा राज्यपक्षद्वारा ९६ जना, माओवादीद्वारा १९, दोहोरो भिडन्तमा १५ जना, अज्ञात समूहबाट २ जनाको मृत्यु भएको छ, १८ जना वेपत्ता छन् र ३ जना अपाङ्ग रहेका छन् । सयौंका संख्यामा विस्थापित र करोडौंको भौतिक क्षति भएको छ । जिल्लामा सशस्त्र द्वन्दबाट गम्भिर आघात पुगेको छ ।

एमाले कार्यकर्ताहरु गुमानसिंह के.सी. र टेकबहादुर भण्डारीलाई राज्यले सहिद घोषणा गरेको छ । गलकोट विशेष इलाकाका सचिव वुलबहादुर के.सी.लाई पटक पटक अपहरण, कुटपिट एवं गम्भीर आक्रमण गरी विस्थापित वनाएको थियो । त्यस्तै जिल्ला कमिटि सचिवालय सदस्य कृष्ण पाठकलाई तल्कालिन नेकपा (माओवादी) ले डेथ वारेन्ट जारी गरी अनेक मानसिक यातना दिए । द्वन्द्वको क्रममा ग्वालीचौर, अमलाचौर लगायतका स्थानहरुमा एमाले लगायत अन्य माओवादी इतर पार्टीका नेता,कार्यकर्ता,समर्थक,शुभचिन्तकहरुलाई दमन उत्पीडन गर्ने काम भयो ।

सोहि क्रममा माओवादीद्वारा म्याग्दी जिल्लाको सदरमुकाम वेनी वजारमा भएको भीषण आक्रमणको प्रभाव पनि वागलुङ जिल्लामा पर्‍यो । उक्त आक्रमण २०६० साल चैत्र ७ मा भएको थियो । जुन आक्रमणमा माओवादीका व्रिगेड कमाण्डर वहुवीर योद्धा सहित ४८ जनाको युद्धस्थलमै मृत्यु भएको थियो । सोही आक्रमणमा व्लकिङको क्रममा वागलुङका माओवादी कार्यकर्ता भीम वहादुर घर्तीको मृत्यु भएको थियो । माओवादीकै भनाईमा वेनी आक्रमणमा विगतका आक्रमण मध्ये उच्च तहको कमाण्डर सहित धेरै माओवाद लडाकुहरुको मृत्यु भएको यियो । आक्रमणमा वेनी स्थित सरकारी भौतिक संरचनाहरु ठुलो मात्रामा ध्वस्त भएका थिए ।

माओवादी लडाकु आक्रमणको क्रममा रुकुम रोल्पावाट बागलुङ जिल्लाको ग्रामिण गा.वि.स. हुँदै गएका र युद्ध पश्चात पनि यसै जिल्ला हुँदै फर्केका थिए । सोहि क्रममा सेनाको हवाई फायरमा परी वा.न.पा. ७ कालिमाटी निवासी टिका गैरेको मृत्यु भएको थियो भने जिल्लावासीहरुमा ठुलो त्रास सृजना भएको थियो ।

उक्त आक्रमणपछि अव माओवादीको वागलुङमा आक्रमण गर्ने तयारी छ अरे भन्ने हल्ला फिँजिएपछि जिल्ला स्थित सुरक्षा निकाय हाई अलर्ट अवस्थामा रहेका थिए भने आम जनतामा ठुलो भय उत्पन्न भएको थियो । तर त्यसपछि लगतै माओवादीले तत्कालितन सात दल सँगको १२ वुँदे सहमती पश्चात जारी जनआन्दोलनमा समर्थन र सहभागिता जनाउन पुगेको थियो ।

युद्धका क्रममा माओवादीले जिल्लाको सदरमुकाममा प्रत्यक्ष उपस्थिति नदेखाएपनि वजारको व्यापारी लगायत अन्य विभिन्न संघसस्थाका व्यक्तिहरुवाट व्यापक चन्दा लिएका थिए । पत्र काटेर आफुलाई अनुकुल हुने जिल्लाका ग्रामिण भेगमा जनतालाई वोलाई संस्थागत वा व्यक्तिगत चन्दा लिएको पाईन्छ भने ग्रामिण भेगका जनताहरु उनीहरुलाई खाद्य आवासको व्यवस्था गर्न वाध्य भएको पाईन्छ । त्यतिवेला ग्रामिण भेगमा सुरक्षा निकायको कमजोर उपस्थितिका कारण जनताहरु आफ्नो ज्यान जोगाउनका लागि मात्र भएपनि माओवादीले भनेको मान्नै पर्ने अवस्थामा पुगेका थिए भने केहिले त आफ्नो आस्थाकै कारण पनि उनीहरुलाई विभिन्न सहयोग गरेको पाईन्छ ।

यसै क्रममा माओवादीले जिल्लाका धेरै गा.वि.स.हरुमा हत्या तथा अपहरणका घटनाहरु घटाएको र आफुसँग असहमत हुने सर्वसाधारणलाई पनि सुराकीको वहानामा धाक धम्की दिने र आफुहरुलाई सहयोग गर्न वाध्य पारेको पाईन्छ ।

## ङ.बागलुङ जिल्लामा क्रियाशिल कम्युनिष्ट पार्टीहरुको संक्षिप्त इतिहास र गतिविधि

### १.नेकपा (माले)

२०३५ साल पौष ११ गते तत्कालिन मालेको स्थापना भएपश्चात् पछि २०३५।०३६ सालको आन्दोलन सँगै यस जिल्लामा नेकपा (माले) को प्रवेश भएको हो । सोही आन्दोलनको सेरोफेरोमा बामदेव गौतम यस जिल्लामा आएर यहाँको वस्तुस्थिति बुझि फर्किए पछाडि पार्टीको सांगठनिक कामको थालनी भएको पाइन्छ । यही समयदेखि बागलुङ जिल्लामा कम्युनिष्ट आन्दोलनको दुई धारको विकास भएको हो । ती दुईधार हुन् नेकपा ( माले) र मसाल । यस अर्थमा जिल्लामा नेकपा एमालेको विकास नेकपा मालेकै जगमा भएको हो । जुन कुरा नेकपा एमालेको संक्षिप्त इतिहास लेख्ने क्रममा उल्लेख गरिएको छ ।

जहाँसम्म जिल्लामा हाल अस्तित्वमा रहेको नेकपा मालेको सन्दर्भ छ वामदेव गौतमको नेतृत्वमा २०५४ साल फागुन २१ गते वेलुका ४.३० वजे विधिवत रुपमा वामदेव गौतमले आफु पक्षिय ४६ जना सांसदको अलग संसदिय दल नेकपा माले दर्ता गरेपछि नेकपा एमाले विधिवत रुपमा विभाजित भयो । त्यसको ४ वर्ष पुग्दा नपुग्दै २०५८ फागुन ३ वामदेवकै नेतृत्वमा पार्टीको वहुमत पक्षले माले विघटन गर्दै एमालेमै फर्किएको घोषणा गरी फागुन ४ गते विधिवत एमालेसंग एकिकृत भएको घोषणा भएपनि तत्कालिन अवस्थामा वामदेवसँगै रहेका सि.पी. मैनालीको नेतृत्वमा अल्पमत पक्षले २०६० वैशाख १८–२० गते ललितपुरको स्टाफ कलेजमा दोश्रो राष्ट्रिय सम्मेलन सम्पन्न गरी सी.पी. मैनाली महासचिव रहेको २७ सदस्यीय नेकपा माले केन्द्रीय समिति गठन भयो । त्यसपछि पनि विभिन्न वेलामा नेकपा मालै विभाजित हुँदै अगाडि वढेको छ ।

सोहि वेला देखि नै वामदेव गौतमले पार्टी विभाजन गरेदेखि नै जिल्लामा नेकपा माले संचालन गर्दै आएका तीलक रिजालले एकता पश्चात पनि सी.पी.मैनालीको नेतृत्वमा रहेको पार्टी नेकपा मालेलाई जिल्लामा कायम राखेका छन् । यसलाई जिल्लामा एउटा पारिवारिक पार्टी भन्ने आरोप लगाएको पनि पाईन्छ । लामो समय सम्म यस पार्टीको

वैकल्पिक केन्द्रीय सदस्य र जिल्ला सचिव तीलक रिजाल आफै रहे भने हाल यसको जिल्ला सचिवमा उनकै भाई चन्द्रवहादुर क्षेत्री रहेका छन् भने अन्य पार्टी सम्वद्ध जनवर्गीय संगठनहरुको जिल्ला नेतृत्व तथा केन्द्रीय प्रतिनिधित्व परिवारकै अन्य सदस्यहरुवाट गरिँदै आएको पाईन्छ । यसको जिल्लामा खासै कुनै प्रभाव देखिँदैन ।

**२. नेकपा (एमाले)**

ऐतिहासिक राजनैतिक प्रतिवेदनका अनुसार नेकपा (एमाले)को कामको सांगठनिक शुरुआत नेकपा (माले)को गाउँ पार्टी सक्रिय दलबाट भएको हो । २०३६ सालको वर्षायाममा धर्मदत्त पोखेल (शेखर) को नेतृत्वमा गोविन्द अधिकारी सचिव रहेको भोज बहादुर खड्का र बीरवहादुर किसान रहेको तीन सदस्यीय **गाउँ पार्टी सक्रिय दल** गुठीको गठन भएको थियो । धर्मदत्त पोखेल पूर्णकालीन कार्यकर्ताको रुपमा खटिई आएका थिए । २०३६ साल पुष ११ गते नेकपा (माले) को स्थापना दिवस तथा माओ जयन्तीको अवसर पारी धर्मदत्तको नेतृत्वमा गोविन्द अधिकारी, मोहनलाल शर्मा, नरवहादुर थापा र रामजीप्रसाद शर्मा रहेको ५ सदस्यीय जिल्ला संगठन कमिटी, नेकपा(माले) गठन भएको हो । २०३७-०३८ तिर धर्मदत्त सरुवा भै गएपछि दिल साहनीले जिल्ला पार्टी नेतृत्व सम्हालेका थिए । त्यतिवेला दिल साहनी सर्कुवा स्कुलमा शिक्षक थिए । पछि शिक्षक पेशा छाडि मालेको पूर्णकालिन कार्यकर्ता भए । राधा ज्ञवालीसँग विवाह गरेपछि दुवैले वागलुङ जिल्ला पार्टीको जिम्मा लिएका थिए । त्यसपछि जिल्लामा नेकपा माले गठनको आधार वनेको थियो ।

२०३८ सालमा दिल साहनीको नेतृत्वमा गोविन्द अधिकारी, रामजी शर्मा, नर वहादुर थापा, टोपवहादुर खड्का रहनु भएको जिल्ला संगठन कमिटी गठन भएको थियो । साहनी विरामी भै बुटवल गएपश्चात किरण गुरुङ तनहुँवाट जिम्मेवारी सम्हाल्न आए । यस अवधिमा बागलुङको दक्षिण पश्चिम गलकोट र रेश विहुँ, तित्याङ र भकुण्डेमा स्थानीय पार्टी गठन र जनसंगठनमा अनेराश्ववियु, अनेकिसंघ र अनेमसंघका सांगठनिक गतिविधि अगाडि बढेका थिए । यस अवधिमा त्रिलोचन ढकाल, प्रेमनारायण पौडेल, चक्रवहादुर पराजुली, देवबहादुर के.सी., यामवहादुर वि.क. र नविन गुरुङ आएर जिल्ला संगठन कमिटीलाई परिचालन गरेका थिए । पार्टी कामलाई अगाडि बढाउन नसक्दा र प्रतिक्रियावादीबाट हाम्रो पार्टीलाई विशेष निगरानी भएको कारण पार्टी काम केही पछाडि धकेलिन पुग्यो । फलतः पहिलाको जिल्ला संगठन कमिटी विघटन गरी इलाका स्तरको कमिटी गठन गरियो । उक्त इलाका कमिटीलाई पछि पर्वतको जिल्ला संगठन कमिटीले हेर्ने

गऱ्यो । किरण गुरुङले सञ्चालन गर्ने क्रममा प्रेमनारायण पौडेल र चक्रबहादुर पराजुलीले पनि पार्टी काम संचालन गर्ने र पर्वत जिल्ला संगठन कमिटीबाट हेर्ने काम भयो । भिम कार्की, नेकपा (माले)मा आवद्ध भै गोपाल शाक्यको सम्पर्कमा रहेर पार्टी काम गरेका थिए । अमृत बोहरा, खेमनारायण ढुङ्गाना, गोपाल शाक्य, शान्ता मानवी, बाचस्पति देवकोटा, पशुपति चौलागाईले जिल्लामा महत्वपूर्ण योगदान र भूमिका निर्वाह गरेका थिए ।

मेघालयबाट नेपाली भाषीहरुलाई लखेट्ने अभियान, भारतको नाकावन्दी एवम् पञ्चायती व्यवस्था विरोधी स्वरहरु उर्लन थाले । २०४५ साल फागुन ७ र ८ मा जिल्लास्तरीय भेलाद्वारा रामजी शर्माको नेतृत्व र बद्रीप्रसाद खतिवडाको उपस्थितिमा प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च गठन भयो । अनेराश्ववियुको बढ्दो गतिविधिबाट अत्तालिएर फागुन १६ गते जिल्लामा धरपकड र गिरफ्तार गऱ्यो । प्रहरी प्रशासन चर्को दमनमा उत्रियो । १५८ जनालाई राजकाज मुद्दा लगाइयो । कपिलमणि रेग्मी (पर्वत), योगेन्द्र पन्त, बद्री शर्मा, विष्णु भण्डारीलाई जेल चलान गऱ्यो । यो घटना पश्चात् इलाका कमिटी भङ्ग गरी शाखा कमिटी कायम गरियो ।

नेकपा एमालेको प्रथम जिल्ला अधिवेशनमा प्रस्तुत राजनैतिक प्रतिवेदनका अनुसार बागलुङको बाटाकाचौर सल्यान, सुखौरा क्षेत्र गुल्मीमा पर्दथ्यो । २०२९ सालमा किसानहरुले जिल्ला घेराउ गर्ने कार्यक्रम तय गरे । गुल्मीमा जीवराज आश्रित, गिरिराज शर्माको नेतृत्वमा देवराज पन्त, मथुराप्रसाद श्रेष्ठ, जयकृष्ण भारी, चित्रबहादुर पौडेल र गोविन्द घिमिरे थिए । बागलुङमा मोहनलाल शर्मा, चूडामणि न्यौपाने,मुमिश्वर पौडेल,नारायण सुवेदीको नेतृत्वमा किसान आन्दोलनमा जिल्ला घेराउ गरिएको थियो । उनीहरू २८ दिन पश्चात् रिहा भएका थिए ।

२०४७ सालको आषाढ महिनामा नेकपा (माले) गण्डकी धौलागिरी क्षेत्रीय संगठन कमिटीले २०४७ सालको आषाढ महिनामा शिव पौडेललाई पूर्णकालीन कार्यकर्ताको रुपमा पठाएपश्चात् जिल्लामा पार्टी काम व्यवस्थित रुपमा अगाडि बढ्न थाल्यो ।

२०४७ साल असोज ५ गते शिव पौडेलको नेतृत्वमा गोविन्द अधिकारी, मिलन आजाद, टोपबहादुर खड्का, मोहनलाल शर्मा र रामजी शर्मा रहेको नेकपा (माले) जिल्ला संगठन कमिटी बागलुङको निर्माण भयो ।

२०४७ साल पुष २२ गते नेकपा (माले) र नेकपा मार्क्सवादी लेनिनवादीका बीचमा पार्टी एकता सम्पन्न भई नेकपा (एमाले) को स्थापना भयो । नेकपा (मार्क्सवादी) को यस जिल्लामा प्रभाव एवं संगठन क्रियाशील थिएन ।

२०४८ साल माघ १५ गते जिल्ला स्तरीय प्रथम पार्टी कार्यकर्ता भेला सम्पन्न भयो । उक्त भेलाले सचिवमा शिव पौडेल, सदस्यहरु गोविन्द अधिकारी,रामजी शर्मा, मिलन आजाद, टोपबहादुर खड्का, मोहनलाल शर्मा, कृष्ण पाठक र भूमिश्वर शर्मा रहेको जिल्ला कमिटी निर्माण गऱ्यो ।

२०४८ मंसिर ८ गते बसेको जिल्ला संगठन कमिटीको चौथो पूर्ण बैठकले २०४८ असोज २७ र २८ गते वसेको अञ्चल समन्वय कमिटिको निर्णय अनुरूप शिव पौडेललाई वागलुङवाट मुस्ताङमा सरुवा गरी र गणेश तिमिल्सिनालाई मुस्ताङवाट वागलुङ ल्याउने निर्णय गऱ्यो । शिव पौडेलको सक्षम नेतृत्वमा संचालित जिल्ला कमिटिले पार्टी विस्तार र सुदृढीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । पार्टीलाई जिल्लाव्यापी सुदृढीकरण मजबुत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो ।

२०४८ चैत्र २७ गते देखि २९ गतेसम्म सम्पन्न प्रथम जिल्ला अधिवेशनले गणेश तिमिल्सिना सचिव रहेको जिल्ला कमिटी गठन गऱ्यो । २०४९ चैत्रमा सम्पन्न हुने स्थानीय निर्वाचनमा पर्वत जिल्लाको माग अनुरूप गणेश तिमिल्सिना पर्वत सरुवा भै भए पश्चात् क.गोविन्द अधिकारीले जिल्ला सचिवको नेतृत्व सम्हाले । नेकपा (एमाले) बागलुङको दोस्रो जिल्ला अधिवेशन २०५१ वैशाख १५ देखि १७ सम्म बागलुङ बजारमा सम्पन्न भयो । दोस्रो जिल्ला अधिवेशनले गोविन्द अधिकारी सचिव र उपसचिवमा रामजी शर्मालाई निर्वाचित गऱ्यो । २०५१ सालको मध्यावधि निर्वाचनमा गोविन्द अधिकारी सांसदमा निर्वाचित भएपश्चात् २०५१ फागुन ८ गते बसेको जिल्ला कमिटी बैठकले सचिवमा रामजी शर्मा र उपसचिवमा मोहनलाल शर्मालाई निर्वाचित गऱ्यो ।

२०५३ मा नेकपा (मसाल) सँग विद्रोह गर्दै श्रीप्रसाद शर्मा र लिला राना समेतका व्यक्तिहरु नेकपा (एमाले)मा समाहित भए । त्यस्तै नेकपा (माओवादी)को सशस्त्र संघर्षको नीतिमा असहमति जनाउँदै स्वतन्त्र रहनु भएका ऋषिराम शर्मा २०५४ सालमा नेकपा (एमाले)मा समाहित भए । २०५४ साल फागुन २१ गते एमाले विभाजित भयो । विभाजन पश्चात् मोहनलाल शर्माको नेतृत्वमा नेकपा (माले) गठन भयो । विभाजनबाट एमालेलाई ठूलो क्षति पुग्न गयो ।

२०५५ सालमा सम्पन्न नेकपा (एमाले)को तेस्रो जिल्ला अधिवेशनद्वारा क.रामजी शर्मा सचिव रहेको जिल्ला कमिटि निर्वाचित भयो । २०५८ फागुन ३ गते सम्पन्न भएको एमाले र माले एकिकरण पश्चात विष्णु भण्डारीको नेतृत्वमा रहेको जिल्ला कमिटी नेकपा (एमाले)मा समाहित भयो ।

२०५८ जेष्ठ १२ र १३ गते सम्पन्न पार्टीको चौथो जिल्ला अधिवेशनले सचिवमा रामजी शर्मा र उपसचिवमा श्रीप्रसाद शर्मालाई निर्वाचित गर्‍यो । २०६० साल पौष २४ र २५ गते सम्पन्न पार्टीको पाँचौं जिल्ला अधिवेशनले श्रीप्रसाद शर्मा र उपसचिवमा इन्द्रलाल सापकोटालाई निर्वाचित गर्‍यो । पाचौं जिल्ला अधिवेशन द्वारा निर्वाचित सचिव श्रीप्रसाद शर्माले २०६२ साल भाद्र ३० गते पारिवारिक कारण देखाई सचिवबाट राजीनामा दिए पश्चात् सचिवमा इन्द्रलाल सापकोटा र उपसचिवमा जनक पौडेल चयन भए ।

इन्द्रलाल सापकोटाले प्रजातान्त्रिक राष्ट्रिय युवा संघको महासचिवको जिम्मेवारी सम्हाले पश्चात् २०६३।९।२५ गते बसेको जिल्ला कमिटिको बैठकले सचिवमा जनक पौडेल र उपसचिवमा हिरा के.सी. चयन भए ।

नेकपा (एमाले) को आठौँ राष्ट्रिय महाधिवेशन २०६५ ले पार्टीको संगठनात्मक जीवनमा महत्वपूर्ण परिवर्तन ल्यायो । पार्टीको आठौं राष्ट्रिय महाधिवेशन पश्चात् १७-२१ जेष्ठ २०६६ मा सम्पन्न छैठौं जिल्ला अधिवेशनले अध्यक्षमा जनक पौडेल,उपाध्यक्षमा हिरा के.सी.,सचिवमा नरवहादुर थापा, उपसचिवमा शिव सापकोटा रहेको ४५ सदस्यीय निर्वाचित र ५ मनोनित गरी ५० सदस्यीय जिल्ला कमिटि निर्वाचित गरेको थियो । निर्वाचित उपाध्यक्ष हिरा के.सी. युवा संघ नेपालको केन्द्रीय उपाध्यक्ष वनेपछि विधानत उक्त पद खाली हुँदा वैठकले उपाध्यक्षमा सुनिल शेरचनलाई र निर्वाचनको लगतै उपसचिव शिव सापकोटा विदेश गएपछि खाली भएको उक्त पदमा लिला रानालाई दिएको छ । विभिन्न समयमा गरिएको मनोनित गरी हाल नेकपा एमालेको जिल्ला कमिटी ५९ सदस्यीय रहेको छ । मिति २०६९ असोज १३ र १४ गते सम्पन्न जिल्ला कमिटीको वैठकले आगामी माघ १३,१४ र १५ गते पार्टीको सातौं जिल्ला अधिवेशन गर्ने निर्णय गरे वमोजिम हाल पार्टी त्यसैको तयारीमा जुटेको छ ।

यस पार्टीले २०५१ सालको संसदीय निर्वाचनमा मसालसँग चुनावी एकता गरी जिल्लाको क्षेत्र नं. १ मा आफ्ना उम्मेदवार गोविन्द अधिकारीलाई जिताउन सफल भएको थियो भने जिल्ला विकास समितीको उपसभापतिमा मोहनलाल शर्मालाई वनाउन सफल

भएको थियो । त्यस्तै गरी संविधानसभा निर्वाचन २०६४ मा नेकपा एकीकृतसँग एकता गरी जिल्लाको क्षेत्र नं. १ वाट रामजी शर्मालाई सभासद वनाउन सफल भएको थियो । यसरी हेर्दा जिल्लाको क्षेत्र नं. १ मा नेकपा एमालेको पकड राम्रो देखिन्छ । नरवहादुर थापाका अनुसार हाल जिल्लामा एमालेका करिव २१०० संगठित सदस्य रहेका छन् भने ३ वटा क्षेत्रीय कमिटी रहेका छन् । त्यस्तै करिव ४५ गा.वि.स.मा गाउँ कमिटी र नगरपालिकामा नगर कमिटी क्रियाशिल रहेको छ ।

### ३.नेकपा मशालदेखि एकिकृत नेकपा माओवादीसम्म

नेकपा मशालले केन्द्रमा विस्तारित वैठक गर्दा वागलुङ जिल्लावाट प्रतिनिधित्व समेत नभएको पाईन्छ । मशालको केन्द्रीय नेतृत्वले समेत तत्काल जिल्लामा आएर कुनै पहल गरेन । तसर्थ केहि समय जिल्लामा मशालको संगठन शुन्य वरावर भयो । पछि दीर्घराज पाण्डे र ऋषिराम सापकोटा गरी दुई जनाको मात्र संगठन समिति गठन भएको पाईन्छ । पछि उक्त दुई जनाको समितीमा मुलपानीका डम्वरसिंह वि.क.,अर्गलका कववहादुर घर्ती र मल्मका लालवहादुर साहनीलाई थप गरी पाँच जनाको वनाईएको थियो । यसैक्रममा सवैभन्दा पहिला मशाल केन्द्रको सर्कुलर लिएर २०४३ सालतिर ईन्द्रविलास वागलुङ जिल्लामा आएका थिए । जिल्लामा मसालको ज्यादतीका कारण मशालको संगठन त्यति विस्तार हुन सकेको थिएन । जिल्लाको दक्षिण भेग र पश्चिम भेगमा मसालले अन्य संगठनलाई छिर्नै नदिने नीति लिएकोले यदि कसैले मशाल लगायत अन्य पार्टीलाई समर्थन गरेमा उसलाई भौतिक कारवाही समेत गरिन्थ्यो । यहि कारणले गर्दा कतिपय मशालका कार्यकर्ता टिक्नै नसकेको कुरा दिर्घराज पाण्डे वताउनुहुन्छ ।

२०४४ सालमा रामवहादुर थापा वादलले केन्द्रवाट जिल्लाको संगठनको कामको जिम्मा लिएका थिए । त्यस्तै २०४५ सालमा जिल्लामा विद्यार्थीको राजनीति गर्नका लागि पर्वतका नेत्रप्रशाद अधिकारी हिमाल आएका थिए । उनले लामो समय विद्यार्थी राजनीति गर्दै जिल्ला समितिमा समेत वसेर काम गरेका थिए ।

२०४५ पछि मशालको जिल्ला समितिमा घनश्याम पाठक र कमल के.सी.लाई थपि सात सदस्यीय वनाईएको थियो ।

२०४६ सालको जनआन्दोलनमा जिल्लामा यस पार्टीका खासै सक्रिय भुमिका रहेको पाईदैन । संयुक्त राष्ट्रिय जनआन्दोलन समितिमा आवद्ध यस पार्टीको पकड नभएकोले पनि

यसले सक्रिय भुमिका खेल्न नसकेको हो । २०४२ सालदेखि भुमिगत रहेको मशाल वहुदलको स्थापना पछि मात्र खुला भएको थियो । खुला भएपनि पार्टीको विस्तार भने हुन सकेको पाईदैन ।

कृषिराम शर्माका अनुसार वहुदलको स्थापना पछि नेकपा मशालले वैधानिक मंच नयाँ जनवादी मंचको गठन गरेको थियो । जस अन्तर्गत २०४७ सालमा जिल्लामा पनि उक्त मंचको गठन गरियो । कृषिराम शर्माको अध्यक्षतामा करिव ११ जना जतिको नयाँ जनवादी मंच, जिल्ला समिति गठन भएको थियो । मंचको जिल्ला कार्यालय वागलुङ वजारमा र क्षेत्रीय कार्यालयहरु गलकोट र तारामा खोलिएका थिए । त्यस समयसम्म जिल्लामा पार्टी संगठन र विद्यार्थी संगठन मात्र थिए । पछि केन्द्रवाट जिल्ला हेर्नेगरी यानप्रशाद गौतम आलोक आएपछि शारदा खनालको नेतृत्वमा अखिल नेपाल महिला संघ गठन भएको थियो । यसरी २०४६ सालपछि मशाल जिल्लामा केहि विस्तार भएको पाईन्छ ।

पछि नेकपा मशाल,चौम र सर्वहारावादी श्रमिक संगठनवीच एकता भई नेकपा एकता केन्द्र गठन भयो । यसरी नेकमा मशाल एकताकेन्द्रमा रुपान्तरण भएपछि एकता केन्द्रको वैधानिक मोर्चा राष्ट्रिय जनमोर्चा नेपालको प्रथम जिल्ला भेला २०४८ मा भएको थियो । जुन भेलाले कृषिराम शर्मालाई नै अध्यक्ष चयन गरेको थियो । उक्त संगठनको राष्ट्रिय सम्मेलनवाट कृषिराम शर्मा केन्द्रीय सचिवालय सदस्य भएका थिए । चुनावी मोर्चामार्फत २०४८ सालमो संसदीय निर्वाचनमा जिल्लामा पनि पार्टीले तीनवटै निर्वाचन क्षेत्रमा आफ्ना उम्मेदवार दिएको थियो तर जीत हासिल गर्न सकेन । निर्वाचन लगतै नेकपा एकताकेन्द्रको एकता महाधिवेशन भयो । उक्त महाधिवेशनको लागि प्रतिनिधि चुन्न २०४८ कार्तिकमा वजार नजिकैको पाखाथरमा पार्टीको जिल्ला सम्मेलन भयो । सम्मेलनमा तत्कालिन महासचिव प्रचण्ड आएका थिए । सम्मेलनले दीर्घराज पाण्डे,कृषिराम सापकोटा,वद्रीप्रशाद शर्मा,घनश्याम पाठक,लालवहादुर साहनी,यामवहादुर श्रीस,डिल्लीप्रशाद कंडेल,कृष्णवहादुर थापा र हितमान शाक्य रहेको जिल्ला समिति गठन गरेको थियो भने महाधिवेशन प्रतिनिधिको रुपमा दीर्घराज पाण्डे,हितमान शाक्य,कृषिराम सापकोटा र यामवहादुर श्रीसलाई चयन गरिएको थियो । एकता महाधिवेशनमा जिल्लावाट जाने सवै प्रतिनिधिहरुले दीर्घकालिन जनयुद्धको पक्षमा मत जाहेर गरेका थिए ।

२०५१ साल असार १६ देखि २१ सम्म चितवनमा पार्टीको प्रथम राष्ट्रिय सम्मेलन भयो जसमा जिल्लावाट दीर्घराज पाण्डेले भाग लिएका थिए । सम्मेलनले नेकपा एकता

केन्द्रको स्थानमा पार्टीको नाम नेकपा माओवादी वनाएको थियो । सम्मेलनले सशस्त्र संघर्षमा जाने नीतिको विरोध गर्नेलाई निष्काशन गर्दै जनयुद्धको तयारीलाई मेरुदण्डमा राखी सवै कमिटीहरुलाई सोहि वमोजिम व्यवस्थित गर्ने नारा पास गरेको थियो । सम्मेलनपछि वसेका जिल्ला समितिको वैठकमा कृषिराम सापकोटाले आफ्नो फरक मत राख्दै विस्तारै पार्टी कामवाट निस्क्रिय वनेका थिए । पछि उनी नेकपा एमालेमा प्रवेश गरे ।

२०५२ साल कार्तिकमा गोरखाको धुवाकोटमा वसेको माओवादीको केन्द्रीय समितिको वैठकले नेपालमा जनयुद्धको शुरु गर्ने निर्णय गरेको थियो । त्यतिवेला जिल्लामा हरिभक्त कंडेल ईन्चार्ज थिए । पार्टी संगठन सवै जिल्लामा त्यति सशक्त नभएकाले जव धौलागिरीका चारवटै जिल्लालाई समेटेर एउटा जिल्ला समिति वनाइयो,त्यतिवेला वागलुङको पुरानो जिल्ला समिति रहेन । पुनर्गठित जिल्ला समितिको जिल्ला सेक्रेटरी पनि यामवहादुर श्रीसलाई नै वनाईयो भने अन्य सदस्यहरुमा कृष्णवहादुर थापामगर,वद्रीप्रशाद शर्मा,घनश्याम पाठक,राजविक्रम भुर्तेल,कृष्ण तिवारी,नेत्र अधिकारी,गोकर्ण पण्डित,गुणाखर वस्याल,गोविन्द पौडेल,सुर्यप्रशाद शर्मा र नन्द खड्का थिए । २०५२ फानुन १ गतेवाट जनयुद्ध शुरु गर्ने परिपत्र जिल्लामा आईसकेको थियो । अन्तर्वार्ताका क्रममा दिघराज पाण्डेका अनुसार त्यसवेलासम्म जिल्लामा कुनै लडाकु दस्ता थिएन । पार्टी संगठनले नै सवै काम गर्दथ्यो । सोहिक्रममा पार्टी संगठनले जिल्लामा करिव २० ठाउँमा जनयुद्ध शुरु भएको व्यानर टाँगेको थियो । व्यापकरुपमा केन्द्रीय पर्चाहरु छरिएका थिए । तर छापामार तरिकाले कुनै कारवाही हुन सकेका थिएनन् । केही सामन्त र कांग्रेसी गुण्डाहरुको वालीनाली नास गर्ने र वस्तुहरुलाई छाडा गरिदिने काम भएका थिए । पहिलोपटक २०५३ साल जेठ ३ गते हटियाको कृषि विकास वैंकमा पार्टीको नामवाट वम पड्काईएको थियो । जनयुद्धकै क्रममा जिल्ला सेक्रेटरी यामवहादुर श्रीसले पार्टी छाडे र नेकपा एमालेमा प्रवेश गरे । जिल्ला ईन्चार्ज हरिभक्त कंडेलपनि सरुवा भएर गए । तसर्थ जिल्ला समिति पुनर्गठन गर्नुपर्ने भएकोले २०५३ सालमा समिति पुनर्गठन गरियो । समितिको ईन्चार्जमा देवेन्द्र पौडेल रहे भने जिल्ला सेक्रेटरीमा गोर्खाका श्याम रहे । पछि श्याम पनि सरवा भई गएपछि राजविक्रम भुर्तेललाई छोटो समयका लागि उक्त जिम्मेवारी प्रदान गरिएको थियो । पछि २०५४ सालमा हितमान शाक्य आएर जिल्लामा ईन्चार्ज र सेक्रेटरीको जिम्मा वहन गरेका थिए । २०५५ मा जिल्ला समिति पुनर्गठन भई ईन्चार्जमा हितमान शाक्य नै भने जिल्ला सेक्रेटरीमा गोरखाका खोपवहादुर कंडेल रहेका थिए । केहि समय पछि खोपवहादुर कंडेलपनि सरुवा भई गएपछि

चन्दहरि सुवेदीलाई जिल्ला सेक्रेटरी वनाईयो । वेलावेलामा चन्द्रहरि सुवेदीकै नेतृत्वमा जिल्ला समिति पुनर्गठन भएको पाईन्छ भने २०५७ सालसम्म हितमान शाक्य ईन्चार्जमा रहेको पाईन्छ ।

२०५७ माघमा नेकपा माओवादीको द्रोस्रो राष्ट्रिय सम्मेलन पछि केहि समयका लागि पुर्ण घर्ति मगर जिल्लाको सेक्रेटरी भएका थिए । २०५८ साल श्रावण ४ गते जव शेरवहादुर देउवा प्रधानमन्त्री भए लगतै उनले माओवादीलाई वार्ताको लागि आव्हान गरे र माओवादीले पनि वार्तालाई सकारात्मक रुपमा लियो । वार्ताकालमा जिल्ला ईन्चार्जमा चन्द्रहरि सुवेदी र जिल्ला सेक्रेटरीमा चन्द्रवहादुर चन्द भएका थिए । यति नै वेला जिल्लामा इलाका नं.जनमुक्ति सेना गठन भएको थियो जसका कमिसारमा चन्दवहादुर चन्द नै रहे भने कमाण्डर र सह कमाण्डरमा क्रमशः सुकवहादुर रोका र ध्रुव घिमिरे रहेका थिए । त्यस्तै २०६० सालमा जिल्ला समिति पुनर्गठन भयो । जसको ईन्चार्जमा चन्द्रहरि सुवेदी रहे भने जिल्ला सेक्रेटरीमा मेघवहादुर श्रेष्ठ रहेका थिए । वार्ताकालकै वेला जिल्ला जनसरकारको दोस्रो अधिवेशन तारा गा.वि.स.मा भएको थियो । अधिवेशनवाट चन्द्रवहादुर वुढा पुनः प्रमुखमा चयन भएका थिए ।

२०६० मा वनेको जिल्ला समितिमा रहेका धेरैजसो सरुवा भई गएपछि र केहिको युद्धमा परि मृत्यु भएपछि जिल्ला समिति पुनः पुनर्गठन हुनपुग्यो । त्यतिवेलामात्र वल्ल नेतृत्वमा जिल्लाकै व्यक्तिहरु आएका थिए । ईन्चार्जमा रायडाँडाका टेकवहादुर के.सी.आजाद,सहईन्चार्जमा चन्द्रवहादुर वुडा र सेक्रेटरीमा ज्ञामनाथ गैरे आएका थिए । दीर्घप्रसाश पाण्डका अनुसार २०६२ सालमा जिल्ला समितिका ईन्चार्ज पार्टीको कारवाहीमा परेपछि उनलाई एकतह घटाउँदा सहईन्चार्ज चन्द्रवहादुर वुढा सेक्रेटरी वनेका थिए भने ईन्चार्जमा रुकुमका पारसमणी के.सी. रहेका थिए । २०६३ सालमा नयाँ संरचनाअनुसार जिल्ला समितिको पुनर्गठन भयो । जसअनुसार ईन्चार्ज पारशमणी,सहईन्चार्जमा धनप्रसाद सापकोटा र सेक्रेटरीमा चन्द्रवहादुर वुढा वनेका थिए भने एक जिल्ला सल्लाहाकार समिति पनि गठन गरिएको थियो । त्यतिवेला केन्द्रको तर्फवाट जिल्लालाई देवेन्द्र पौडेलले नेतृत्व गरेका थिए । देवेन्द्रपछि केन्द्रको तर्फवाट हेमन्त आए । २०६४ सालमा माओवादीको संगठनात्मक संरचना सेल,एरिया,जिल्ला,राज्य र केन्द्र रहनेगरि वन्यो । वागलुङ जिल्ला मगराँत राज्य अन्तर्गत पर्दछ । मगराँत राज्य समितिको ईन्चार्जमा हेमन्त ओली आए भने जिल्लावाट राज्य समितिमा चन्द्रवहादुर वुढा,टेकवहादुर के.सी.,निरमाया श्रीस,अमृत घर्ती

रहन पुगे । त्यति नै वेला जिल्ला समिति पुनर्गठन गर्दा ईन्चार्जमा पारशमणी नै रहे भने सेक्रेटरीमा ज्ञामनाथ गैरे रहन पुगे ।

२०६५ पौषमा नेकपा एकता केन्द्र मसालसँग पार्टी एकता भएर पार्टीको नाम एकीकृत नेकपा माओवादी वनेपनि जिल्लामा नाम परिवर्तन वाहेक संगठनमा खासै परिवर्तन भएको पाईदैन भने २०६७ सालमा एकीकृतमा विद्रोह गरी नवराज सुवेदीको नेतृत्वमा विल्लावाट लिलवहादुर थापा,वावुराम नेपाली र फमलाल निउरेहरु एकीकृत माओवादीमा प्रवेश गरे । राजिव घिमिरेका अनुसार हाल जिल्लामा पार्टी सदस्य संख्या करिव ४ हजार रहेको छ । तर हाल मोहन वैद्य समुहले अलग पार्टी निर्माण गरेपछि जिल्लामा ठुलो फेरवदल आएको छ । मोहन वैद्य समुहले अलग्गै पार्टी निर्माण गरेपछि जिल्लामा भेलाको आयोजना गरी २०६९ साल मंसिर १६ र १८ दोश्रो जिल्ला सम्मेलनको तयारीमा जुटेको छ । त्यसको लागि मानवहादुर वुढाको संयोजकत्वमा करिव ३०० जनाको सम्मेलन आयोजक समिति निर्माण गरिएको छ ।

युद्धका क्रममा जिल्लावाट करिव १०० जना कार्यकर्ताले ज्यान गुमाएको पाईन्छ भने संविधानसभाको निर्वाचनमा जिल्लाका तीनवटै क्षेत्रवाट उम्मेदवारी दिएपनि कुनैपनि उम्मेदवारले जित्न सकेनन् तर चुनावमा समानुपातिकतर्फको मतमा यो पार्टी जिल्लाकै सवैभन्दा ठुलो पार्टीको रुपमा देखिएको थियो ।

**४.नेकपा-माओवादी**

मिति २०६९ असार ५गते एकिकृत नेकपा माओवादीवाट अलग्गिएर तत्कालित एकिकृत नेकपा माओवादीका उपाध्यक्ष मोहन वैद्य किरण अध्यक्ष रहेको नेकपा-माओवादी पार्टी गठन भएपछि एनेकपा माओवादीको यस जिल्लामा देखिएको नेतृत्वको ठुलो पंक्ति मोहन वैद्यले नेतृत्व गरेका यस नयाँ पार्टीमा लागेको पाईन्छ । टेकवहादुर के.सी.आजादका अनुसार विभाजन पछि २०६९ साउनमा जिल्ला भेलाको आयोजना गरी सम्मेलन आयोजक समिति गठन पश्चात मिति २०६९ मंसिर २० र २१ गते दोस्रो जिल्ला सम्मेलन गर्ने तयारीमा यो पार्टी लागेको छ । २७५ सदस्यीय जिल्ला सम्मेलन आयोजक समितिको सेक्रेटरीमा ज्ञानप्रशाद गैरे अनिल,ईन्चार्जमा टेकवहादुर के.सी.आजाद र सह ईन्चार्जमा चन्द्रवहादुर वुढा सागर र अमृतवहादुर घर्ति आभाष रहेका छन् ।

**५.नेकपा मसाल र यसको चुनावी मोर्चा राष्ट्रिय जनमोर्चा**

यो नेकपा मसालकोको चुनावी मोर्चा हो । जिल्लामा यसको संगठन अखिल नेपाल राष्ट्रिय जनमोर्चा मार्फत २०४८ सालवाट शुरु भएको पाईन्छ । जसको केन्द्रीय अध्यक्ष चित्रवहादुर के.सी. हुनुहुन्थ्यो भने संगठनको जिल्लामा शुरुमा कृष्ण थापाले नेतृत्व गर्नुभएको थियो । वीचमा जिल्ला भेला मार्फत वावुराम नेपालीले २०५२ सालसम्म संगठनको नेतृत्व गरेका थिए ।

२०५२ सालवाट यसको नामाकरण राष्ट्रिय जनमोर्चा गरियो । धर्म कुँवरका अनुसार २०५२ सालमा नै प्रथम जिल्ला सम्मेलन गरी फमलाल न्युरेले यसको नेतृत्व गरेका थिए भने दोस्रो सम्मेलनवाट समेत फमलाल न्युरे ने अध्यक्षमा चुनिए । वीचमा जिल्ला भेलामार्फत कृष्ण थापा अध्यक्ष भए । त्यसपछि तेस्रो जिल्ला सम्मेलनवाट यसको अध्यक्ष अमर थापा भए भने मिति २०६८ फाल्गुन १९ र २० गते वागलुङ वजारमा सम्पन्न चौंथो जिल्ला सम्मेलनवाट पुनः अमर थापा नै अध्यक्ष वने । हाल यसको २१ जना पुर्ण र ७ जना वैकल्पिक गरी २८ सदस्यीय जिल्ला समिति रहेको छ जसको उपाध्यक्षमा वेदिलाल सापकोटा, सचिवमा धर्म कुँवर,सह सचिवमा डिल वहादुर श्रीस र कोषाध्यक्षमा गौरिश्वर पाण्डे रहेका छन् । यसैगरी ७ सदस्यीय जिल्ला सल्लाहाकार समिति रहेको छ ।

जिल्लाको क्षेत्र नं. २ मसालको पकडको रुपमा देखिन्छ । जुन क्षेत्रमा प्राय चुनावमा मसालले वीजय हासिल गर्दै आएको छ । संविधानसभाको निर्वाचनमा पनि चित्रवहादुर के.सी.ले जितेका थिए भने समानुपातिकतर्फ मिना थापाले जिल्लावाट प्रतितिधित्व गरेकी थिईन ।

**६.नेकपा एकीकृत**

नेकपा (मसाल) ले २०४८ सालमा चुनाव वहिस्कारको नीति लियो र नेकपा (एकता केन्द्र) ले संयुक्त जनमोर्चाको तर्फबाट संसदीय निर्वाचनमा यस जिल्लामा भाग लिएको थियो । २०४८ मोहन विक्रम सिंहको नेतृत्वमा रहेको नेकपा (मसाल) ले २०३२-३३ सालमा दुदिलाभाटीको चोराहमा पाँचौं जिल्ला सम्मेलन र २०५१ सालमा रिघामा छैठौं सम्मेलन गर्दै फुट र विभाजनको पीडा वेहोर्दै २०५६ सालमा दिनानाथ शर्मा समेतका व्यक्तिहरु नेकपा ( माओवादी) मा आवद्ध हुन पुगे भने २०६४ मा नेकपा (मसाल) पुनः विभाजित भई रामसिंह श्रीसको नेतृत्वमा नेकपा एकीकृत बन्यो ।

उता नेकपा मालेमा केन्द्रभित्र पनि गुटवन्दीले चर्को रुप लिएको थियो । त्यस क्रममा केन्द्रभित्रको असन्तुष्ट समुहले पार्टी प्रवक्ता सिताराम तामाङको अगुवाईमा विद्रोह गरी स्वयंलाई **वास्तविक पार्टी** भएको घोषणा गऱ्यो ।

अर्कोतर्फ नेकपा माले भित्र ऋषि कट्टेलको समुह पनि असन्तुष्ट रहँदै आएको थियो । त्यसले पनि २०६२ पुष २०–२२ मा ललितपुरको स्टाफ कलेजमा पार्टीको तेश्रो सम्मेलन गरी समानान्तर नेकपा माले गठन भयो ।

यीनै तीन राजवीर, तामाङ र कट्टेल समुहले २०६३ फागुन १४ आ–आफ्ना केन्द्रीय समितिको संयुक्त अधिवेशन गरेर नेकपा एकिकृत गठन गर्ने निर्णय गरे । अधिवेशनले राजवीर , कट्टेल र तामाङ रहेको ३ सदस्यीय अध्यक्षमण्डल, २१ सदस्यीय केन्द्रीय सचिवालय र ७५ सदस्यीय महाधिवेशन आयोजक समिति गठन गरी विधिवत **नेकपा एकीकृत** गठनको प्रक्रिया आगाडि वढायो ।

त्यसपछि पनि यो पार्टीमा धेरै उतार चढावहरु आए । यसको केहि समूह एकिकृत नेकपा माओवादी मा विलय भए । अन्तिम समयमा एकीकृत भित्रको नवराज सुवेदी समूहले विद्रोह गरी एकीकृत नेकपा माओवादीमा गयो ।

ललवहादुर छन्त्यालका अनुसार यसरी विभाजन भएपछि हाल यस जिल्लामा नेकपा एकीकृत आफ्नो अलग सांगठनिक र राजनैतिक पहिचानका साथ क्रियाशिल छ । यसै क्रममा २०६४ चैत्रमा जिल्लाको दुदिलाभाटी गा.वि.स.मा पार्टीको पहिलो जिल्ला भेला सम्पन्न भयो । जसले फमलाल न्युरेको संयोजकत्वमा जिल्ला समिति गठन गर्‍यो ।

लिलवहादुर थापा, बाबुराम नेपाली, फमलाल निउरे समेतका ठूलो समूह ए.नेकपा ( माओवादी) मा आवद्ध भएपछि २०६५ माघ २० गते वागलुङ वजारमा  दोस्रो जिल्ला भेलाको आयोजना गरी लालवहादुर छन्त्यालको संयोजकत्वमा २१ सदस्यीय जिल्ला तदर्थ समिति गठन भयो भने २०६६ चैत्र ३ गते ९ औं जिल्ला अधिवेशन गरी लालवहादुर छन्त्याल सचिव रहेको १३ सदस्यीय जिल्ला समिति निर्माण भयो । त्यसपछि २०६६ माघ २१ गते १० औं जिल्ला अधिवेशन गरी निलवहादुर पुन सचिव रहेको १३ सदस्यीय नयाँ जिल्ला समिति निर्माण भयो । यहि समितिले नै हाल जिल्लामा नेकपा एकीकृतको गतिविधि संचालन गर्दै आएको छ ।

### ७. बागलुङमा अन्य कम्युनिष्ट पार्टीहरु

जनमोर्चा नेपाल पनि जिल्लामा आफ्नो अत्यन्त न्युन उपस्थितिका साथ अस्तित्वमा रहेको छ । संविधानसभाको निर्वाचनमा त यसले जिल्लामा प्रत्यक्ष तर्फ पनि आफ्नो उम्मेदवारी दिई केहि मत प्राप्त गरेको थियो जुन जिल्लाको संविधानसभा निर्वाचन परिणामको तालिकामा उल्लेख गरिएको छ । जव जनमोर्चा नेपाल नेकपा माओवादीसँग एकिकरण भयो त्यसपछि जिल्लामा यसको अत्यन्त न्युन उपस्थिति भयो । यसवाहेक जिल्लामा सांगठनिक संरचना,क्रियाकलाप र प्रभाव नभएतापनि संविधानसभा निर्वाचनको समानुर्पातिक तर्फ यस जिल्लावाट ५० पार्टीलाई भोट गएको पाईन्छ । यस मध्ये जिल्लामा क्रियाशिल वाहेक नेपाल मजदुर किसान पार्टी ,नेकपा संयुक्त,नेपाल साम्यवादी दललाई पनि संविधानसभामा समानुपातिक तर्फ थोरै मत प्राप्त भएको पाईन्छ । पेशा, व्यवसाय र नोकरीको सिलसिलामा अन्यत्रवाट जिल्लामा आई अस्थाई वसोवास गरेका र विशेसगरी कर्मचारी, सेना र प्रहरीहरुवाट यस्तो मत गएको हुनसक्ने अनुमान गरिन्छ ।

## च.बागलुङमा कम्युनिष्ट पार्टीको निर्वाचन स्थिति

### १.विभिन्न निर्वाचनमा वागलुङमा क्रियाशिल कम्युनिष्ट पार्टीहरुले प्राप्त गरेको मत

| क्र.सं. | पार्टी | २०४८ | | | २०५१ | | | २०५६ | | | २०६४ | | | समानुपातिकतर्फ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क्षेत्र नं. १ | क्षेत्र नं. २ | क्षेत्र नं. ३ | क्षेत्र नं. १ | क्षेत्र नं. २ | क्षेत्र नं. ३ | क्षेत्र नं. १ | क्षेत्र नं. २ | क्षेत्र नं. ३ | क्षेत्र नं. १ | क्षेत्र नं. २ | क्षेत्र नं. ३ | जिल्लाभर |
| १ | नेकपा एमाले | ७३४६ | २२८४ | ४२८४ | १४९२७ | | | १५४२५ | | | १५७८६ | | ७०५३ | २३५८७ |
| २ | ए | | | | | | | | | | १४३ | ७४५ | ७९१ | ३०९५३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेकपा माओवादी | | | | | | | | | | ८६ | १ | १ | |
| ३ | रा.ज.मो. | | | | | १५०८९ | १२४७७ | | २४१२४ | १६४५६ | २९९२ | १२५९४ | ९५९१ | २३६१३ |
| ४ | नेकपा माले | | | | | | | ५५४४ | ४७३ | २५८९ | १४६८ | ८८२ | | २६३९ |
| ५ | नेकपा एकीकृत | | | | | | | | | | ७६६९ | | | ६६४१ |
| ६ | ज | | | | | | | | | १९ | ३०६ | ३५१ | | ९९० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न मोचा नेपाल | | | | | | | | | ६ | | | | |
| ७ | सं.ज.मो. | ४०८० | ५३२ | १७९ | | | | | | | | | | |

*स्रोत:-जिल्ला निर्वाचन कार्यालय,वागलुङ*

## २.संविधानसभा निर्वाचनमा समानुपातिकतर्फ अन्य कम्युनिष्ट पार्टीलाई प्राप्त मत

| क्रम संख्या | पार्टीको नाम | प्राप्त मत | कैफियत |
|---|---|---|---|
| १ | नेकपा संयुक्त | १५९५ | |
| २ | नेपाल मजदुर किसान पार्टी | १२१ | |
| ३ | नेकपा मार्क्सवादी | ११५ | |
| ४ | नेकपा संयुक्त मार्क्सवादी | ४६ | |
| ५ | साम्यवादी दल | २७ | |
| ६ | नव जनवादी मोर्चा | ७ | |
| | जम्मा | १९११ | |

## ३.मत विश्लेषण

| क्रं सं | निर्वाचन | सदर मत | कम्युनिष्टहरुको जम्मा प्राप्त मत | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रतिनिधिसभा निर्वाचन –२०४८ | ७५२६८ | १८७०५ | २४.८५ |
| २ | प्रतिनिधिसभा निर्वाचन –२०५१ | ९१६९६ | ४२४९३ | ४६.२९ |
| ३ | आमनिर्वाचन –२०५६ | ११५९३१ | ६४६११ | ५५.७३ |
| ४ | संविधानसभा निर्वाचन -२०६४ | १२६२४९ | ९०५४७ | ७१.७२ |

# अध्याय पाँच

# सारसंक्षेप

## क.निष्कर्ष

- राजनीतिक दल व्यक्तिहरुको त्यस्तो संगठन हो जसले आफ्नो उद्देत्य प्राप्तीका लागि सरकारमाथि औपचारिक नियन्त्रण गर्दै समाजको मुल्यको आधिकारिक रुपमा प्राथमिकता दिने प्रयत्न गर्दछ साथै सार्वजनिक विषयका सम्वन्धमा समान विचार राख्दछ र राजनीतिक ईकाइका रुपमा काम गर्दै आफ्नो नीतिलाई व्यवहारिक रुप दिनका लागि शासन संयन्त्र उपर हस्तक्षेप वा प्रभुत्व चाहन्छ । यसमा प्राय एउटै प्रष्ट राजनैतिक विचारधारा र उद्देश्य राख्ने व्यक्तिहरु रहन्छन् । राजनैतिक दलले निश्चित लक्ष्य वा उद्देस्य राख्दछ र सो प्राप्तीका लागी निश्चित साधन पनि निर्धारित गर्दछ । यसले राजनैतिक अतिरिक्त आर्थिक, सामाजिक, सांस्कृतिक र समाजको वहुपक्षिय लक्ष्य र उद्देस्य प्राप्ति लाई पनि आफ्नो एजेण्डा वनाएर अगाडि वढ्छ ।
- सामान्यतया परम्परागत राजनीतिवाट आधुनिकतातर्फ संक्रमण हुने क्रममा राजनीतिक दलको उदय हुने गरेको पाईन्छ । अमेरिका वा वेलायत जस्ता देशमा आधुनिक शासन व्यवस्था वा संसदवाट राजनीतिक दलहरुको विकास भएको पाईन्छ भने कतिपय तेस्रो विश्वका देशहरुमा प्रजातन्त्र वा समाजवादी व्यवस्था स्थापनाका लागि वा त्यसक्रममा राजनीतिक दलहरुको विकास भएको पाईन्छ ।
- राजनीतिक दल र जनसहभागितालाई लोकतन्त्रसँग जोडेर पनि हेर्न सकिन्छ । जस्तै जनताका प्रतिनिधिहरुले जनताको तर्फवाट शासनमा प्रतिनिधित्व गर्छन र जनताप्रति उत्तरदायित्व निर्वाह गर्छन । जनता र राजनीतिको पुल राजनीतिक दलहरु हुन । एउटा राजनीतिक प्रणालीको जीवन्तताको सवैभन्दा वलियो आधार त्यसमा नागरिकहरुको सहभागिता हो । राजनीतिक प्रणालीको सफलता असफलता पनि धरै हदसम्म त्यसले जुटाउन सकेको जनसहभागितामा टिकेको हुन्छ । कुन राजनीतिक प्रणाली कति जनमुखी छ अथवा कति प्रजातान्त्रिक छ भन्ने कुराको मुल्यांकन पनि मुख्यतः यसै आधारमा गरिन्छ ।

- मार्क्स र एंगेल्सले तयार पारी सन १८४८ फरवरीमा प्रकाशित कम्युनिष्ट घोषणापत्र विश्व सर्वहारा आन्दोलनको पहिलो कार्यक्रमगत दस्तावेज,वैज्ञानिक समाजवादको अमर र महानतम कृतिको रचना भएको पाईन्छ । आफ्नो यो रचनाद्धारा मार्क्स एंगेल्सले संसारभरीका शोषित,उत्पीडित र मेहनतकस जनताका हातमा एउटा अजेय हतियार दिएका छन् । घोषणापत्र समाजका सवै प्रकारका शोषण उत्पीडनहरुलाई समाप्त गरेर पुर्ण समानता,स्वतन्त्रता,सच्चा जनवादमाथि आधारित समाजको निर्माणका लागि प्रमुख हतियार हो । कम्युनिष्ट घोषणापत्र पुँजिवादी समाजको मात्र होइन,समाजका सम्पुर्ण विकासको द्धन्द्धात्मक र ऐतिहासिक भौतिकवादी दृष्टिकोणले अध्ययन व्याख्या र विश्लेषणको परिणाम हो । त्यसरी समाजको ऐतिहासिक विकास क्रममा ऐतिहासिक नियमहरुको विष्लेषण गरेर कम्युनिष्ट घोषणापत्रमा यो निष्कर्ष निकालिएको छ कि पुँजिपति वर्गको पतन र सर्वहारावर्गको विजय समान रुपले अनिवार्य छ । त्यस प्रकारको सर्वहारा क्रान्तिले खालि पुँजिपती वर्ग र उत्पीडनलाई मात्र होईन,मानव समाजको शोषण प्रधान समाजको अध्ययनलाई सँधैका लागि वन्द गरिदिन्छ र त्यसपछि कम्युनिष्ट समाजको विकासको लागि आधार तयार पार्दछ ,जो मानव समाजको स्वर्णीम युग हुनेछ ।
- साम्यवादको माथिल्लो लक्ष साधारणतया सम्पत्तिको उन्मुलन गर्नु होइन वरु पूँजीवादी सम्पत्तिको उन्मुलन गर्नु हो । आधुनिक पुँजिवादी व्यक्तिगत सम्पत्ति वर्ग दुश्मनीमा थोरै मानिसद्धारा धेरैको शोषणमा आधारित पैदावार र शोषण व्यवस्थाको आखिरी र सवैभन्दा पुर्ण अभिव्यक्ति हो ।
- विसौं शताव्दीमा विश्व कम्युनिष्ट आन्दोलनले अत्यन्त ठुला,महान र ऐतिहासिक उपलव्धीहरु प्राप्त गरेको थियो । त्यहि कालमा नै विश्व सर्वहारा वर्गका लेनिन ,स्टालिन र माओ जस्ता महान नेताहरु जन्मेका थिए । संसारभरी ऐतिहासिक महत्वका ठुला ठुला क्रान्तिकारी आन्दोलनहरु भएका थिए । रुस र चीन सहित पुर्वी युरोप,दक्षिण पुर्वी एशिया र लेटिन अमेरिकाका कैयौं देशहरुमा समाजवादी क्रान्तिहरु भएका थिए र विश्व समाजवादी व्यवस्थाको निर्माण भएको थियो । यी घटनाहरु संसारका सवै क्रान्तिकारी आन्दोलनको आधार वनेका थिए । तर विसौं शताव्दीका त्यस प्रकारका उपलव्धी र सफलताहरुको पृष्ठभुमिमा अहिले

विश्व कम्युनिष्ट आन्दोलन अत्यन्तै कमजोर अवस्थामा पुगेको छ । विश्व समाजवादी व्यवस्थाको अन्त भैसकेको छ । पहिला समाजवादी व्यवस्था कायम भैसकेका देशहरुमा पुँजिवादी व्यवस्था पुनर्स्थापना भैसकेको छ । तसर्थ यतिवेला विश्व कम्युनिष्ट आन्दालनले आफ्नो रक्षात्मक र अस्तित्वको लडाइँ लड्नु परिरहेको छ ।

- पेरिस कम्युन विश्वको सर्वप्रथम मजदुरवर्गको क्रान्तिकारी राज्यसत्ता थियो । विडम्वना ७२ दिनको आयुमा ने पेरिस कम्युनको अन्त्य भयो । यसवाट देशभक्त र समाजवादको विरोधाभास लक्ष्यको संयोजन गर्नु गल्ती थियो भन्ने शिक्षा विश्वका कम्युनिष्टहरुले लिनुपर्दछ ।
- नेतृत्व अराजकतावादीहरुको हुनु,वलियो विचार सहितको पार्टी,सेना र सत्ता नहुनु,कुनै लक्ष्य योजना,संगठन व्यवस्थित नहुनु र अन्तर्राष्ट्रिय सहयोग प्राप्त नहुनु नै वास्तवमा पेरिस कम्युन असफलताका मुख्य कारणहरु थिए ।
- पेरिस कम्युनको असफलतापछि विश्वमा सर्वहारावर्गको तागतले सत्ता कायापलट गर्ने खालको आन्दोलन गर्न नसकिरहेको अवस्थामा सन् १९१७ मा रुसमा अक्टोवर क्रान्ति भएको थियो । यसले मानवजातीलाई आफ्नो मुक्तिको वाटोमात्र देखाएन,पुँजिवादी लुटको विश्वमा समाजवादको अनिवार्य उदयलाई समेत व्यवहारिक रुपमा प्रस्टायो । जुन वेला रुसमा क्रान्ति भएको थियो,त्यस समयमा विश्व कम्युनिष्ट आन्दोलनमा दोस्रो इन्टरनेशनलको समय थियो । पहिलो कम्युनिष्ट इन्टरनेशनलको विघटनपछि फ्रेडरिक एंगेल्स कै पालामा दोस्रो इन्टरनेशनलको स्थापना भएको थियो । विडम्वना विश्वका कम्युनिष्टहरुको खम्वाको रुपमा रहेको रुसी शासन करिव ७० वर्षपछि ढल्न पुग्यो । यसवाट विश्वका कम्युनिष्टहरुले ठुलो नकारात्मक शिक्षा लिनुपर्दछ ।
- सन १९४९ अक्टोवर १ मा एक भव्य र विशेष समारोहवीच अध्यक्ष माओले जनवादी गणतन्त्र चीनको औपचारिक घोषणा गर्नुभयो । आजपर्यन्त पनि चीनले आफुलाई एउटा कम्युनिष्ट व्यवस्था भएको शक्तिशाली मुलुकका रुपमा आफुलाई समृद्धिका साथ खडा गर्न सफल भएको छ । साम्राज्यवादी मुलुक अमेरिकालाई टक्कर दिने ठाउँमा आफुलाई विकास गरिरहेको छ । यसबाट विश्वका कम्युनिष्टहरुले एउटा ठुलो सकारात्मक शिक्षाको रुपमा लिनुपर्दछ ।

) रुसी भुभाग युरोप देखी एसियासम्म फैलिएको स्थितिमा युरोप तथा एसियामा एकैचोटी साम्यवादी क्रान्ति सम्पन्न भएको मान्न सकिन्छ । स्वयं कार्ल मार्क्सले एशियाका दुई विशाल देशहरु चीन र भारतको अनेक पटक चर्चा गरेको पाईन्छ । एशियामा ब्रिटिस साम्राज्यको उत्पीडननै क्रान्तिको एउटा महत्वपूर्ण उपकरण हुन्छ भन्ने मार्क्सको विश्वास थियो । लेनिनले रुसको ई १९०५ को जनवादी आन्दोलनले भारतलाई पनि प्रभावित तुल्याएको छ र यसले अन्तत एशियालाई नै जागृत पारेको कुरा उल्लेख गरेको पाईन्छ । एशियामा अधिकांश कम्युनिष्ट पार्टीहरु ती देशमा चलेका राष्ट्रिय आन्दोलनका क्रममा नै स्थापना भएका थिए । एशियाका विभिन्न देशहरुमा अत्यन्त पिछडिएका जनतामाथि सामन्ती शोषण तथा निरंकुशता लादिएको थियो । अतःजनताले अधिक दिनसम्म त्यसको पीडा खपिरहनु सम्भव थिएन । त्यसमाथि विदेशी साम्राज्यवादीहरुको घोर उत्पीडन थपिएपछि त एशियाका जनताले त्यसलाई सहेर वस्ने कुरा अस्वभाविक जस्तै भैसकेको थियो । त्यसैले एशियामा कम्युनिष्ट आन्दोलनको प्रादुर्भाव ती देशमा विद्यमान सामाजिक अन्तर्विरोधका विचमा पैदा भएको भएता पनि यहाँ कायम रहेको औपनिवेशिक उत्पीडनले कम्युनिष्ट आन्दोलनलाई अझ वढी गतिशील तुल्याएको देखिन्छ । एशियामा अग्रेज उपनिवेशको प्रभाव नपरेको प्राय कुनै पनि देश थिएन । पछि अमेरिकी साम्राज्यवाद पनि यस होडमा होमिन गयो । चीन त झन् साम्राज्यवादी देशहरुको लुटको केन्द्र नै वनेको थियो । त्यहाँ आठ दसवटा उपनिवेशवादी देशहरुको भागवण्डाका लागि संघर्ष थियो । वास्तवमा यिनै साम्राज्यवादी हस्तक्षेपका विरुद्ध चिनिया जनताले उठाएको आवाजवाट नै चीनमा राष्ट्रियताको लहर उम्लिदै आयो । यही राष्ट्रिय जागरणका कारण एशियामा कम्युनिष्ट आन्दोलनको पृष्ठभूमि तयार हुँदैं गएको पाईन्छ ।

) चीनमा मार्क्सवादको प्रभाव वढ्दै जानुमा रुसी क्रान्ति नै मुख्य कारण रहेको दखिन्छ । यस क्रान्तिले चिनिया वुद्धिजीविहरुलाई मार्क्सवाद,लेनिनवाद र अक्टुवर क्रान्तिको अध्ययन गर्ने प्रेरणा प्रदान गर्‍यो र सर्वप्रथम त्यहाँको सर्वहारा वर्गले सामन्तवाद तथा साम्राज्यवादको विरुद्ध ई. १९१९ को ४ मई आन्दोलनमा भाग लियो । अन्तत ई.१९२१ जुलाई १ का दिन चीनमा कम्युनिष्ट पार्टीको स्थापना भएको थियो ।

- एशियामा राज्यसत्ता कव्जा गर्ने प्रथम कम्युनिष्ट पार्टी चाहिं ई. १९२० मा स्थापित मंगोलियन पिपुल्स् रिभोल्युसनरी पार्टी थियो । जसले ई. १९२४ मा मंगोलियामा पहिलो पल्ट समाजवादी शासन व्यवस्था स्थापित गर्‍यो । त्यसपछि राज्यसत्ता प्राप्त गर्ने अन्य एशियाली कम्युनिष्ट पार्टीहरुमा भियतनाम (ई. १९४५), उत्तर कोरिया (ई.१९४६) र चीन (ई. १९४९) प्रमुख हुन् ।
- नेपालमा कम्युनिष्ट पार्टी निर्माणका प्रमुख आन्तरिक कारण र आधारहरु भनेका मुलुकमा अंग्रेज नियन्त्रित जहानिँया राणाशाहीको चर्को शोषण दमन, उनीहरुद्धारा नेपाली जनतामा गरिएको दमन,शोषण र उत्पीडनको कारणवाट नेपाली जनतामा उठिरहेको व्यापक असन्तोष,विराटनगरका मजदुरहरुद्धारा गरिएको हड्ताल, स्वतन्त्रताको पक्षमा लडिरहेका शुक्रराज शास्त्री सहितका योद्धाहरुलाई दिईएको मृत्युदण्ड,देशमा विविध पार्टीहरुको गठनको प्रक्रिया र संघर्षहरुको उठान आदि आन्तरिक कारणहरु हुन् ।
- दोस्रो विश्वयुद्ध पछि विश्वव्यापी रुपमा देखापरेको समाजवादी क्रान्तिको लहर,भारतमाव्रिटिस साम्राज्यवादको पतन, सोभियत संघ लगायतका कैयौं मुलुकहरुमा समाजवादी राज्यसत्ताहरुको निर्माण, छिमेकी मुलुक चीनमा माओ त्से तुङको नेतृत्वमा विजयको सन्निकट पुगिरहेको नयां जनवादी क्रान्ति र त्यसले नेपालमा पारेको राजनीतिक प्रभाव, दक्षिणी छिमेकी भारत वर्षमा कम्युनिष्ट पार्टीको राम्रो प्रभाव आदि वाहिरी कारणहरु ने.क.पा. गठनका निम्ति आधारहरु रहेको पाईन्छ ।
- राणाशाहीविरोधी आन्दोलनहरु,राष्ट्रियता र प्रजातन्त्रको निम्ति सांचो अर्थमा लड्ने पार्टीको अभाव,अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको विकाश र विस्तार, अक्टुवर क्रान्ति र दोस्रो विश्वयुद्धमा कम्युनिष्टहरुको प्रभावकारी भुमिका, चीनको जनवादी क्रान्ति र भारतीय स्वतन्त्रता संग्राम आदि नेपालमा कम्युनिष्ट पार्टी निर्माणका प्रमुख आधारहरु भएको पाईन्छ ।
- यसकै पृष्ठभूमिमा सन १९४९ अप्रील २२ तारिखमा महान लेनिनको जन्मदिवसको शुभ दिनमा पुष्पलाल श्रेष्ठ, नरवहादुर कर्माचार्य, निरञ्जनगोविन्द

वैद्य, नारायणविलास जोशी र मोतिदेवी श्रेष्ठले नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरेको पाईन्छ ।

सामन्तवादी निरंकुश राज्यसत्ता र विदेशी शोषणको जुवावाट एकदम सफाचट गरी नेपाललाई पुर्णतया वास्तविक रुपले स्वतन्त्र वनाउनु, मजदुर,किसान र शोषित तथा दलित निम्नमध्यम वर्गलाई प्रतिनिधित्व गर्न एउटा प्रजातान्त्रिक सरकारको जग वसाउनु, अग्रेज अमेरिकन साम्राज्यवादीहरु र तिनका भारतीय कठपुतलीहरुसँग नाता तोडी सवै जातिको स्वतन्त्रता र शान्तिको निम्ति लडिरहेका प्रजातान्त्रिक राष्ट्रहरुसँग नाता जोड्नु, सर्वसाधारण जनतालाई पुर्ण स्वतन्त्रता, प्रजातन्त्र र मुल आर्थिक अधिकारहरु इत्यादिको ग्यारेण्टी दिने विधान वनाउनु, एक कौडी पनि हर्जाना नदिइकन जमीन्दारी तथा सामन्तवादी शोषण सम्पुर्ण प्रथाहरुलाई निर्मुल पार्नु , उनीहरुको जग्गा जमिन खेतवारी, हलो कुटो, कोदालो र फाली वनाउने किसानहरुलाई भागवण्डा गर्नु,यातायात,वैंक, चिया वगान, खानी र उद्योग धन्दामा लगाइएका विदेशी पुंजीहरु राज्यद्धारा जफत गर्नुपर्ने र यिनीहरुसँग सम्वन्धित कुराहरुको राष्ट्रियकरण गर्नुपर्ने,ठुला ठुला उद्योगधन्दाहरु, ठुला वैंकहरु र इन्स्योरेन्स कम्पनीहरुलाई राष्ट्रिकरण गर्ने,संस्थानहरुमा मजदुरहरुद्धारा नियन्त्रण गरिने कुराको ग्यारेण्टी दिने,मजदुरहरुलाई जिउनयोग्य ज्याला दिने, दिनमा आठघण्टाको कार्यकाल लागु गर्ने, ठुला ठुला पूँजीपतिहरुलाई उद्योगधन्दाको खास खास ठाउँवाट हटाउने र देशका आर्थिक स्रोतहरुलाई विकसित तथा समृद्ध तुल्याउनका निम्ति एउटा आर्थिक योजना वनाउने, दमनकारी संपुर्ण ऐन कानुन, शनद सवाल वरखास्त गर्ने,नोकरशाही शासन प्रथा खतम गर्ने र त्यसको सट्टामा जन समितिहरुको रेख देखमा रोजिएका प्रतिनिधिहरुलाई हाकिम नियुक्ति गर्ने ,सर्वसाधारण जनतालाई हात हतियार दिने र जनताको प्रजातान्त्रिक फौजका गठन गर्ने ,विना शुल्क सवैलाई पढ्ने अधिकार दिने,प्राथमिक शिक्षा अनिवार्य रुपले सञ्चालन गर्ने तथा महिलालाई समान प्रजातान्त्रिक अधिकार वा हक दिने जस्ता मागहरु तत्कालिन अवस्थामा नेपाल कम्युनिष्ट पार्टीका रहेका थिए ।

नेपाल कम्युनिष्ट पार्टी नेपालको सवैभन्दा क्रान्तिकारी वर्ग मजदुर वर्गको पार्टी हो । यसका सारा कार्यक्रमका आधारभुत सिद्धान्त मजदुर वर्गका तत्कालिन र

अन्तिम ध्येयले प्रेरित भएर यसैमा आधारित हुन्छन् । यस मजदुर वर्ग त्यतिन्जेल मुक्त हुन सक्दैन जव जीतले उसले सारा जनतालाई मुक्त गर्न सक्दैन । यसैले नेपालको मजदुर वर्ग देशका सवै मुक्त सामन्तवाद र साम्राज्यवाद विराधी जनताको अगुवा भएर जनताको प्रत्येक प्रगतिशिल संघर्षमा भाग लिन्छ ।

- नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा झापा विद्रोह एक ऐतिहासिक परिघटना र शिक्षा सावित भएको छ । यसले मुलुकमा एउटा ठुलो राजनीतिक तरंग उत्पन्न गरेको थियो । तद्नुरुप उक्त तरंगवाट प्रभावित भई मुलुकमा क्रियाशिल अन्य वामपन्थी समुहहरुपनि स्थानीय स्तरवाट उठेर आन्दोलनलाई राष्ट्रिय स्तरमा पुनर्गठित गर्न उद्यत वन्न थालेका थिए । तिनीहरु आफ्ना कमि कमजोरीहरुलाई हटाउँदै त्यस दिशातर्फ लागिपरेका थिए । मुलुकको अन्य भागमा स्थानीयरुपले संगठित अन्य समुहहरु पनि यसै कार्यदिशातर्फ अघि वढिरहेका थिए ।

- नेपाल कम्युनिष्ट पार्टीले आफ्नो स्थापनाको ६२ वर्षमा झण्डै ६२ नै पटक फुट वेहोरिसकेको छ । फुट र विभाजन नेपालका कम्युनिष्ट पार्टीहरुको एउटा उपचारविहिन महारोग जस्तो भएको छ ।

- कम्युनिष्ट पार्टीकै प्रत्यक्ष अप्रत्यक्ष साथ,सहयोग, समर्थन र व्यापक सहभागिताका कारण मुलुकमा १०४ वर्ष लामो निरंकुश जहानिया राणाशासन २००७ सालमा नै सदाका लागि अन्त्य भयो । त्यसपछि सत्तामा आएको र निरंकुश वनेको राजतन्त्रले आफ्नो तानाशाही शासनलाई अकन्टक वनाउन खडा गरेको निर्दलीय पञ्चायती शासनलाई कम्युनिष्ट २०४६ सालको संयुक्त ऐतिहासिक जनआन्दोलनले समाप्त पारिदियो र पञ्चायती शासनलाई इतिहासको अजायव घरमा लगेर थन्काईदियो ।

- संवैधानिक वनेका राजा वीरेन्द्रको रहस्यमय दरवार हत्याकाण्डमा वंश नै विनाश भएपछि सत्तामा आएका राजा ज्ञानेन्द्रले फेरि निरंकुश राजतन्त्र स्थापना गर्न खोजे । त्यो देश र जनताका निम्ती मान्य थिएन । त्यसले गर्दा नेपाली जनता राजतन्त्रका विरुद्ध अभुतपुर्व संघर्षमा उत्रिए । त्यो संघर्ष आखिर शान्तिपूर्ण राजनीतिक क्रान्तिका रुपमा विकसित भयो र फेरि निरंकुश राजतन्त्र समाप्त

भयो । यसमा सशस्त्र युद्धमा होमिएको नेकपा माओवादी सहितका नेपालका कम्युनिष्ट पार्टीहरुको महत्वपूर्ण भूमिका रहेको छ । ततपश्चात शान्तिपूर्ण क्रान्तिको प्रक्रियामार्फत मुलुकमा शान्तिपूर्ण राजनीतिक परिवर्तनको जुन प्रवाह शुरु भयो, त्यही क्रममा संविधानसभाको समेत निर्वाचन सम्पन्न भयो र संविधानसभाको पहिलो वैठकवाट राजतन्त्र उन्मुलन गरि मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रुपान्तरण गरियो । यद्यपी संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुन अझै वाँकी छ । संविधान निर्माण र शान्ति प्रक्रियाको अभिभारा अझै पुरा हुन सकेको छैन ।

- नेपाली कम्युनिष्ट आन्दोलनले नै आम नेपाली जनतासमक्ष पहिलो पटक मार्क्सवाद लेनिनवादजस्तो वैज्ञानिक विचार प्रणालीलाई प्रस्तुत गर्‍यो र प्रकृति ,समाज र मानव चेतनालाई हेर्ने,वुझ्ने,विश्लेषण गर्ने र परिवर्तन गर्ने एउटा नयाँ विश्व दृष्टिकोण उपलव्ध गराएको छ । त्यही वैज्ञानिक सिद्धान्तको मार्गदर्शनमा नेपाली कम्युनिष्ट आन्दोलनले नेपाली समाजको ऐतिहासिक विकास प्रक्रियालाई अध्ययन र विश्लेषण गर्दै त्यो ऐतिहासिक विकासको अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा आइपुगेको यथार्थलाई जनसमक्ष ल्यायो र नेपाली जनतालाई सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद र साम्राज्यवाद विरुद्धको संघर्षमा अघि वढ्न प्रेरित गरिरहेको छ ।

- आफ्नो संगठनात्मक सञ्जाललाई विकास र समृद्ध पार्दै अघि वढ्ने क्रममा आज राष्ट्रव्यापी रुपमा कम्युनिष्ट आन्दोलन एउटा सशक्त आन्दोलनका रुपमा विकसित भएको पाईन्छ ।

- नेपाल कम्युनिष्ट पार्टीले नेपाली समाजको ऐतिहासिक विकासक्रम,यो समाजको वर्गीय संरचना, विभिन्न वर्गहरुप्रतिको नीति, क्रान्तिको स्वरुप र क्रान्तिको वाटोजस्ता सवालमा गम्भीर विश्लेषण गर्दै नेपाली क्रान्तिका कार्यदिशा, नीति, सिद्धान्त र कार्यक्रमको विकास गरेको छ । त्यसका आधारमा नेपाली क्रान्ति विभिन्न मोड र घुम्तीहरुलाई पार गर्दै अघि वढिरहेको पाईन्छ ।

- मार्क्सवाद लेनिनवादको सामान्य मार्गदर्शनका आधारमा अघि वढ्ने क्रममा वा मार्क्सवाद लेनिनवादका आधारभुत सिद्धान्तहरुलाई नेपाली क्रान्तिको ठोस

व्यवहारमा लागु गर्ने क्रममा जनताको वहुदलिय जनवाद जस्तो मौलिक कार्यक्रम र सिद्धान्तको विकास भएको छ,,जसले अनेकौ प्रकारका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिकूलताका वीचमा पनि नेपाली क्रान्तिलाई सही दिशामा मार्गदर्शन गरिरहेको छ । परिणामस्वरुप समाजवाद र साम्यवाद अधिकतम लक्ष्य वनेका छन् भने जनताको वहुदलिय जनवाद न्युनतम लक्ष्य वनेको छ ।

- यिनै लक्ष्य,कार्यक्रम,कार्यदिशा,नीति र सिद्धान्तका आधारमा नेपाली जनताको प्रतिक्रियावादविरोधी संघर्ष निरन्तर अघि वढ्दै आएको छ । यो संघर्षका क्रममा नेपाली कम्युनिष्ट आन्दोलनले भूमिगत र खुल्ला, वैधानिक र अवैधानिक, शान्तिपुर्ण र हिंसात्मक जनआन्दोलन र सशस्त्र सघर्ष, संसदीय र गैरसंसदीय, कानुनी र गैरकानुनी संघर्षका सवै रुपहरुलाई आवस्यकता र परिस्थितिअनुरप उपयोग गर्दै आएको पाईन्छ र त्यस क्रममा महत्वपूर्ण उपलव्धीहरु हासिल भएका छन् ।
- ऐतिहासिक संघर्षको कालखण्डमा नेपाली कम्युनिष्ट आन्दोलनले अनेक प्रतिकूल मोडहरुलाई पनि छिचोल्दै आएको र राजतन्त्र तथा विभिन्न खाले तानाशाही शासन व्यवस्थाले गरेका ठुला ठुला दमन, उत्पीडन, हत्या र हिंसाका कुचक्रहरुलाई पनि पार गर्दै आएको पाईन्छ ।

## ख.निचोड

- सोभियत संघको परिवर्तन, चिनिया नौलो जनवादी क्रान्ति, भारतबाट व्रिटिस साम्राज्यको अन्त्य, राणा शासनको अन्त्य र आधुनिक शिक्षा प्रणालीको नेपालमा सचेत युवाहरुलाई प्रभाव पारेको थियो । २००७ सालमा बागलुङ बजारमा रहेको युवाहरुको बीचमा युवक संगठन निर्माण भएको पाइन्छ । २००७ सालको परिवर्तन पश्चात् पाल्पाका चिरञ्जिवीलाल वैद्य ३ महिना बागलुङमा अध्यापनको सिलसिलामा आएर बसेका थिए । चिरंजिवीलाल वैद्यले कम्युनिष्ट विचार र प्रगतिशिल साहित्यको प्रचार प्रसार गरेको पाईन्छ । तसर्थ कम्युनिष्ट आन्दोलनको बारेमा प्रचार प्रसार गर्ने पहिलो व्यक्ति चिरञ्जिवीलाल वैद्य भएको निचोड निकाल्न सकिन्छ ।
- २०११ सालतिर विद्यामन्दिर हाइस्कूलमा शिक्षकको रुपमा आएका हर्ष श्याम्बोले कम्युनिष्ट आन्दोलन र प्रगतिशिल साहित्यको प्रचार प्रसार गरेको पाइन्छ । २०११

सालमा शैलेन्द्रकुमार उपाध्याय पनि बागलुङ बजारमा आएर कम्युनिष्ट विचारधाराको प्रचार प्रसार गरेको पाईन्छ ।

- २००६ सालमा नेकपाको स्थापना भएपनि बागलुङ जिल्लामा पार्टीको शुरुवात भने २०१२ सालमा भएको पाईन्छ । २०१२ सालमा निर्मल लामा, हिक्मत सिंह भण्डारी र लक्ष्मण राजवंशीले कम्युनिष्ट राजनीतिको प्रवेश गराएको देखिन्छ । तत्कालीन अवस्थामा पद्मोदय हाइस्कूल दरवार हाइस्कूल राजनीतिको केन्द्रविन्दु थिए । तत्कालीन अवस्थामा काठमाडौमा लेफ्‌ट ग्रुप थियो । त्यसले जिल्ला जिल्लामा पुगेर संगठन गर्नु पर्दछ । कम्युनिष्ट विचारधारा र आन्दोलनलाई गाउँ गाउँ पु¥याउनु पर्दछ भन्ने मान्यता थियो । २०२१ सालको पौष १४ र १५ गते जिल्लाको चित्रबहादुर के.सी. को नेतृत्वमा चित्रवहादुर शेरचन, रामलाल भट्टचन, (हरिचौर), पिताम्बर पुन, भिमवहादुर पुन, देवेन्द्र सुवेदी (दुदिलाभाटी) रहेको जिल्ला संगठन कमिटि गठन भएको पाइन्छ ।
- २०२६ मा शिक्षक भई गल्कोट आएर हरिचौरमा वसेका झलनाथ खनाललाई राजतन्त्र विरोधी सांस्कृतिक कार्यक्रम गर्दा गिरफ्‌तार गरी जेल चलान गरेको र उनले करिव ७० दिन बागलुङ कारागारमा बन्दी जीवन विताउनु परेको साथै पछि धौलागिरी अञ्चलबाट उनलाई निश्कासन गरेको पाईन्छ ।
- जिल्लामा सरकारी ठेक्कामा सञ्चालित रक्सी गाउँ गाउँ पु¥याएर कमिसनको खेलो हुन्थ्यो । त्यो पञ्चायती स्थानीय शोषकहरुको आम्दानीको श्रोत पनि थियो । त्यसैको विरोधमा गलकोटका कम्युनिष्टहरुको पहलमा रक्सी विरोधी आन्दोलन अगाडि बढेको र सोही आन्दोलनमा लागेको आरोपमा दलवहादुर के.सी., धनवहादुर थापा र उपेन्द्रराज शास्त्रीलाई मुद्धा चलाईएको पाईन्छ ।
- बहुदलीय व्यवस्था स्थापना पश्चात् जिल्लाको बुर्तिबाङमा भूमिराज शर्माको हत्या भयो भने ज्यामिरघाट काण्ड प्रहरी निरिक्षक हत्याको अभियोगमा नेकपा मसालका नेता कार्यकर्ताहरू विरुद्ध जिल्लामा प्रशासनिक एवं दमन तिव्र रुपमा अगाडि बढ्यो । स्थानीय निकायको निर्वाचन २०४९ मा गिरिजा सरकारको विरुद्धको आन्दोलन र कर्मचारी आन्दोलन शसक्त रुपमा अगाडि बढेका थिए । कर्मचारी आन्दोलनको क्रममा नोगेन्द्र सापकोटा, चन्द्र खड्का, पदम श्रीस र पिङ्गल गौतम निश्कासनमा परेका थिए भने आन्दोलनपश्चात निलम्वन खारेज भएको थियो ।

- सशस्त्र द्वन्दको सिलसिलामा यस जिल्लामा राज्यपक्षद्वारा ९६ जना, माओवादीद्वारा १९, दोहोरो भिडन्तमा १५ जना, अज्ञात समूहबाट २ जनाको मृत्यु भएको छ, १८ जना वेपत्ता छन् र ३ जना अपाङ्ग रहेको पाईन्छ ।
- प्रतिनिधिसभा निर्वाचन-२०४८(२४.८५ प्रतिशत), प्रतिनिधिसभा निर्वाचन-२०५१(४६.२९ प्रतिशत) आमनिर्वाचन-२०५६(५५.७३ प्रतिशत) र संविधानसभा निर्वाचन-२०६४(७१.७२ प्रतिशत) मा जिल्लामा कम्युनिष्टहरुले प्राप्त गरेको मत प्रतिशतको क्रमशः वृद्धिलाई विश्लेषण गर्दा पनि वास्तवमा जिल्लामा कम्युनिष्टप्रति जनताको आकर्षण कस्तो रहेको छ र त्यो कसरी वढ्दै छ ? भन्ने स्पष्ट हुन्छ । यसलाई मात्र हेर्दा पनि यस जिल्लामा कम्युनिष्टहरुले विस्तारै आफ्नो पकड जमाउदै गएको र उनीहरुको भविष्य उज्यालो भएको निष्कर्ष निकाल्न सकिन्छ ।
- जिल्लामा नेकपा (एमाले),एकिकृत नेकपा माओवादी,नेकपा-माओवादी,राष्ट्रिय जनमोर्चा नेकपा माले र नेकपा एकिकृतजस्ता कम्युनिष्ट पार्टीहरु आफ्नो सांगठनिक स्वरुप सहित क्रियाशिल रहेका छन् भने पेशा, व्यवसाय र नोकरीको सिलसिलामा अन्यत्रवाट जिल्लामा आई अस्थाई वसोवास गरेका र विशेसगरी कर्मचारी, सेना र प्रहरीहरुका कारण नेपाल मजदुर किसान पार्टी,नेकपा संयुक्त,नेपाल साम्यवादी दललाई पनि संविधानसभामा समानुपातिक तर्फ थोरै मत प्राप्त भएको पाईन्छ ।

## ग.सुझाव

जिल्ला स्थित पुराना अगुवा नेता तथा कार्यकर्ताहरुसँगको सोधपुछ र वार्तालापका क्रममा प्राप्त सुझावहरुका अनुसार नेपाली कम्युनिष्ट आन्दोलनलाई अझ उचाईमा पुर्‍याउनका निम्ति निम्न कुरामा ध्यान दिनुपर्ने देखिन्छ :

- वर्तमान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको सटिक विश्लेषण गर्नुपर्छ । देशमा आएका र आईरहेका परिवर्तनका घटना श्रृंखलाहरुको सहि विश्लेषण गर्नुपर्छ र नेपाली क्रान्तिका कार्यदिशा,नीति र सिद्धान्तहरुलाई सुत्रवद्ध र समृद्ध रुपमा अघि सार्नुपर्छ ।
- कार्यदिशा, नीति र सिद्धान्तका आधारमा कम्युनिष्ट पार्टीलाई रुपान्तरण गर्नुका साथै एउटा साझा मापदण्डका आधारमा विभिन्न कम्युनिष्ट समूहसँग वार्ता र संवाद गरी वैचारिक र संगठनात्मक एकताको पहल गर्दै जानुपर्छ र शक्तिशाली कम्युनिष्ट पार्टी

निर्माणको सार्थक अभियान अगाडि वढाउनु पर्छ । यस्तो तत्काल सम्भव नभएपनि सवै कम्युनिष्ट समूहसँग मैत्रिपूर्ण र भातृत्वपूर्ण सम्वन्धलाई विकास गर्नुपर्छ ।

- वर्तमान अवस्थामा विद्यमान कम्युनिष्ट समूहहरुमध्ये कसैमा उग्रवामपन्थी र कसैमा दक्षिणपन्थी भड्काउ देखिन्छ । ती सवालहरुमा सैद्धान्तिक संघर्षलाई गहिरो वनाउदै अघि वढ्न जरुरी छ । त्यो संघर्षका क्रममा मात्र वामपन्थीहरुवीच एकता वढ्दै जानेछ । नेपालको सन्दर्भमा वामपन्थी समूहका वीचको एकता वृहत राष्ट्रिय एकताको आधारस्तम्भ वन्न सक्ने देखिन्छ ।
- सैद्धान्तिक र नीतिगतरुपमा वर्गसंघर्ष भनेपनि व्यवहारमा वर्ग समन्वय हावी भएको पाईन्छ । यसमा नेपाली कम्युनिष्टहरु गम्भीर हुनुपर्छ ।
- सैद्धान्तिक र संगठनात्मक एकता त केन्द्रवाट गरिने निर्णयको विषय भयो । त्यसैले त्यो तत्काल सम्भव नभएपनि वागलुङ जिल्लाको सन्दर्भमा वामपन्थी शक्तिहरु वीचको कार्यगत एकता,सहकार्य र मित्रतापूर्ण वैचारिक संघर्षमा जोड दिनुपर्दछ । जसले गर्दा जिल्लाका स्थानीय सत्ता सदा वामपन्थीहरु कै नियन्त्रण र पहुँचमा रहिरहोस् र सोहि वमोजिम जनतालाई सेवा प्रवाह गर्न सहियोस् ।

# सन्दर्भ सामग्री

के.सी.,डा.सुरेन्द्र(२०६४), **नेपाली कम्युनिष्ट आन्दोलनको विगत र वर्तमान** , काठमाडौः पैरवी प्रकाशन ।

के.सी.,डा.सुरेन्द्र(२०५८), **नेपालमा कम्युनिष्ट आन्दोलनका इतिहास (पहिलो भाग)** काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

के.सी.,डा.सुरेन्द्र(२०६५), **नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास** (भाग ३), काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ,कृष्णदास(२०५७),**कार्ल मार्क्स र मार्क्सवाद,** काठमाडौः सिर्जजशिल प्रकाशन ।

श्रेष्ठ,अभय(२०६८),"नेपालमा कम्युनिष्टहरुको विभाजनचक्र" नागरिक दैनिक, शुक्रवार,३० वैशाख,काठमाडौ ।

च,हो कान(२०६८), **चिनियाँ नयाँ जनवादी क्रान्तिको इतिहास** ,काठमाडौ :क्रियटिभ सफ्टआर्ट ।

जी.सी.,रामवहादुर(२०६४),**जनआन्दोलन -२ मा धौलागिरी**, वागलुङः रामवहादुर जी.सी ।

दाहाल,प्रा.डा.,रामकुमार(२०६४),**तुलनात्मक सरकार र राजनीति**,काठमाडौ : दीक्षान्त प्रकाशन ।

नवीन,शर्मा,विष्णुहरी(मितिअनुल्लिखित),**नेपाली कम्युनिष्ट आन्दोलनको सामान्य इतिहास** , काठमाडौः प्रकाशक अनुल्लिखित ।

**नेपाल कम्युनिष्ट पार्टीको पहिलो पर्चा तथा पहिलो घोषणापत्र**,काठमाडौ :सिर्जनशिल प्रकाशन

पोखरेल,कृष्ण(२०६५),**आधुनिक राजनीतिक विश्लेषण र राजनीतिक शोध**,काठमाडौ : एम.के. पव्लिशर्स एण्ड डिष्टिव्युटर्स ।

पौडेल,जनक(२०६५),"वागलुङमा कम्युनिष्ट आन्दोलन" नवयुग मासिक,वर्ष ९,अंक ५, चैत्र ,काठमाडौ : नेकपा एमाले ।

पुष्पलाल(२०५३),**नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास**,काठमाडौः पुष्पलाल स्मृति प्रतिष्ठान ।

मार्क्स-एंगेल्स(२०६३),**पेरिस कम्युन** ,काठमाडौ :विवेक शिर्जनशिल प्रकाशन ।

मार्क्स र एंगेल्स(२०५९),**कम्युनिष्ट पार्टीको घोषणापत्र,**काठमाडौःसहभागी प्रकाशन ।

मिश्र,वालचन्द्र(२०५८), **झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म**,काठमाडौ : सुनौलो विहानी अभियान ।

रेग्मी,सरला(२०६७), **कम्युनिष्ट आन्दोलनका वहसहरु,**काठमाडौःविवेक सिर्जनशील प्रकाशन प्रा.ली. ।

वराल,उमानाथ(२०५८), **राजनीतिशाश्त्रका सिद्धान्त** ,पोखराः शावित्री वराल ।

वास्तोला,धर्मेन्द्र(२०६७),**अर्न्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनका शिक्षाहरु**,काठमाडौः विवेक सिर्जनशील प्रकाशन प्रा.ली. ।

विश्वकर्मा,राजेन्द्र(२०६९),“गुट र फुटमै अल्मलिएको कम्युनिष्ट आन्दोलन”,नेपालीमञ्च,साउन,काठमाडौ :विनोद पहाडी ।

संकल्प,ढकाल,डी.पी(२०६७),.**कम्युनिष्ट आन्दोलनका वहस**,काठमाडौःभिजन पव्लिकेशन ।

रावल,भीम(२००७ ई.स)**, दि कम्युनिष्ट मुभमेण्ट ईन नेपालःओरिजन एण्ड डेभलेपमेण्ट** ,काठमाडौः अछाम काठमाडौ कन्ट्याक्स फोरम ।

सिंह,मोहनविक्रम(२०५७), **विश्व कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास**,काठमाडौ :प्रगति पुस्तक सदन ।

सिंह,मोहनविक्रम(२०५५), **कम्युनिष्ट घोषणापत्र र सर्वहारावर्गको अधिनायकत्व**,वुटवल :विश्व नेपाली प्रकाशन

## अनुसुची १

## सुचनादाताहरुको नामावली,वर्तमान जिम्मेवारी र अन्तर्वार्ता मिति

१.चित्रवहादुर के.सी.,अध्यक्ष,राष्ट्रिय जनमोर्चा -२०६८/०८/१५

२.ऋषिराम शर्मा,नेता,नेकपा एमाले -२०६८/०८/२५

३.रामजी प्रशाद शर्मा,केन्द्रीय सल्लाहाकार सदस्य, नेकपा एमाले -२०६८/०९/३०

४.काजीगाउँले श्रेष्ठ,नेता,अधिवक्ता -२०६८/१०/११

५.वषन्त गौचन,केन्द्रीय सदस्य,ज्येष्ठ कम्युनिष्ट मञ्च,नेकपा एमाले -२०६८/०८/१५

६.मोहनलाल शर्मा,सदस्य,अञ्चल समन्वय कमिटी,नेकपा एमाले -२०६८/११/०३

७.जनक पौडेल,अध्यक्ष,नेकपा एमाले,वागलुङ-२०६८/१०/१३

८.इन्द्रलाल सापकोटा, राष्ट्रिय प्रतिनिधि परिषद सदस्य,नेकपा एमाले -२०६८/११/०८

९.श्रीप्रशाद शर्मा, राष्ट्रिय प्रतिनिधि परिषद सदस्य,नेकपा एमाले -२०६८/१०/१९

१०.भिमा अधिकारी,सचिवालय सदस्य,नेकपा एमाले,वागलुङ-२०६८/०९/१५

११.टेकवहादुर के.सी.,सेक्रेटरी,नेकपा-माओवादी,वागलुङ-२०६८/१०/२७

१२.लालवहादुर छन्त्याल, अध्यक्ष,नेकपा एकिकृत,वागलुङ-२०६८/११/०१

१३. राजिव घिमिरे, सचिवालय सदस्य, एकिकृत नेकपा माओवादी,वागलुङ-२०६८/०८/०९

१४.धर्म कुँवर,सचिव,राष्ट्रिय जनमोर्चा,वागलुङ-२०६८/१०/१३

१५.वावुराम नेपाली,केन्द्रीय सदस्य,नेकपा-माओवादी-२०६८/१२/१७

१६.मन के.सी.,केन्द्रीय सदस्य,अखिल नेपाल महिला संघ-२०६८/१२/१६

१७.हिरावहादुर के.सी.,उपाध्यक्ष,युवा संघ,नेपाल-२०६८/१०/१३

१८.लालवहादुर थापा,केन्द्रीय सदस्य,अनेरास्ववियु -२०६८/१२/२३


१९.रामवहादुर जी.सी.,सभापति,पत्रकार महासंघ ,वागलुङ-२०६८/११/१८

२०.ऋद्धिराज अधिकारी,वामपन्थी,वुद्धिजीवि -२०६८/०९/२२

२१.दीर्घप्रसाद पाण्डे,केन्द्रीय सदस्य,संयुक्त राष्ट्रिय जन संघर्ष समिति,नेपाल-२०६८/०९/२८

## अनुसुची २

## वागलुङ जिल्लाको नक्शा



# अनुसुची ३

## नेपालमा कम्युनिष्ट पार्टीहरुको विभाजन चक्र